महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०८०/८१

## बुद्धशान्ति गाउँपालिका, झापा

## ८०११२५०६३००

## बुद्धशान्ति गाउँपालिका , झापा

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:२०८१/८२ मिति : २०८१-१०-२१

च.न :

### विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।

श्री कार्यालय प्रमुख ज्यु ,
बुद्धशान्ति गाउँपालिका, झापा ,
बुद्धशान्ति गाउँपालिका , झापा

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०८०।८१ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण, आन्तरिक लेखापरीक्षण प्रतिवेदन, एकलकोष खातामा प्रबिष्ट शिर्षकगत तथा कारोबारगत भुक्तानीको विश्लेषण समेतका आधारमा तयार गरिएको पाना ९९ (उनान्सय) को प्रारम्भिक प्रतिवेदन यसैसाथ संलग्न छ।

कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो। लेखापरीक्षणको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो। प्रतिवेदनमा उल्लिखित ब्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७(१) बमोजिम ३५ दिनभित्र फस्यौंट गरी सम्परीक्षण गराउनु हुनेछ। उक्त समयभित्र फस्यौंट गरी सम्परीक्षण नगराएमा ऐनको दफा ३७(४) बमोजिम कारबाहीका लागि लेखाउत्तरदायी अधिकृत/ कार्यपालिका प्रमुखलाई जानकारी गराइने ब्यहोरा निर्देशानुसार अनुरोध गर्दछु।

छविलाल मैनाली
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन
मन्त्रालय, सिंहदरवार, काठमाडौं । ,
info@mofaga.gov.np
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, झापा,
jhapa.dtco@fcgo.gov.np

# परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०८।२३ देखि २०८१ ।०८।२७ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्ययतर्फ रु.८१९१०२२९१।२६ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

महालेखापरीक्षकको बार्षिक लेखापरीक्षण योजना २०८१ अनुसार स्वीकृत भएको इकाइगत लेखापरीक्षण योजना बमोजिम कार्यालयले पेश गरेको आर्थिक बिवरण, प्रगति प्रतिवेदन, लिखित प्रतिनिधित्व पत्र र अन्य बिवरण तथा लेखापरीक्षणका मानदण्ड तथा मार्गदर्शन समेतलाई आधार मानी नगरपालिकाको आर्थिक बर्ष २०८०।८१ को लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। स्रेस्ताको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ। स्रेस्ताको जोडजम्मा तर्फ कार्यालयले गरेको जोडजम्मालाई आधार लिइएको छ। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरू निम्नानुसार छनः

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको एकिकृत वित्तिय प्रतिवेदन (म.ले.प.फा.नं २७०) पेश भएको छ । यस सम्बन्धमा निम्नअनुसार देखिएको छः

**बुद्धशान्ति गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, झापा**
**कार्यालयको कोड : ८०११२५०६३००**

म.ले.प.फा.नं. २७०-०१

**वित्तीय प्रतिवेदन**

आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.व. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | १०,७८,९३,५०७.९७ | ०.०० | १०,७८,९३,५०७.९७ | ९,३४,४१,८९५.८६ | ०.०० | ९,३४,४१,८९५.८६ |
| १३००० | अनुदान | | ३८,०२,९०,८९७.२५ | ०.०० | ३८,०२,९०,८९७.२५ | ४२,२१,१३,९८५.३३ | ०.०० | ४२,२१,१३,९८५.३३ |
| १४००० | अन्य राजस्व | | २,९६,४०,१५२.८८ | ०.०० | २,९६,४०,१५२.८८ | १,७५,३७,७३३.११ | ०.०० | १,७५,३७,७३३.११ |
| १५००० | विविध प्राप्ति | | ४,०४,९०१.०० | ०.०० | ४,०४,९०१.०० | ८१,४७४.०० | ०.०० | ८१,४७४.०० |
| क | **कुल जम्मा प्राप्ति** | | ५१,८२,२९,४५९.१० | | ५१,८२,२९,४५९.१० | ५३,३१,७५,०८९.१० | | ५३,३१,७५,०८९.१० |
| ३ | चालु | | ३६,०१,६९,५११.४८ | ०.०० | ३६,०१,६९,५११.४८ | ३४,७८,७५,३७८.७२ | ०.०० | ३४,७८,७५,३७८.७२ |
| [redacted]००० | पारिश्रमिक / सुविधा | | २२,२४,९१,६३३.०८ | ०.०० | २२,२४,९१,६३३.०८ | १९,७८,९८,००८.७३ | ०.०० | १९,७८,९८,००८.७३ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | १३,१०,२३,६२७.४० | ०.०० | १३,१०,२३,६२७.४० | १४,३४,५०,०३३.९९ | ०.०० | १४,३४,५०,०३३.९९ |
| २५००० | सहायता (Subsidy) | | ४४,१८,४४९.०० | ०.०० | ४४,१८,४४९.०० | २३,००,०००.०० | ०.०० | २३,००,०००.०० |
| २६००० | अनुदान | | ०.०० | ०.०० | ०.०० | २,००,०००.०० | ०.०० | २,००,०००.०० |
| २७००० | सामाजिक सुरक्षा | | ९,८२,३१५.०० | ०.०० | ९,८२,३१५.०० | २८,७५,१४६.०० | ०.०० | २८,७५,१४६.०० |
| २८००० | अन्य खर्च | | १२,५३,४९५.०० | ०.०० | १२,५३,४९५.०० | ११,५२,११०.०० | ०.०० | ११,५२,११०.०० |
| ४ | पूंजीगत | | १७,६२,४९,९८३.११ | ०.०० | १७,६२,४९,९८३.११ | १८,७३,९२,०८७.२५ | ०.०० | १८,७३,९२,०८७.२५ |
| ३१११० | भवन तथा संरचना | | १,००,००,३२७.०० | ०.०० | १,००,००,३२७.०० | २,३९,४३,४५१.०० | ०.०० | २,३९,४३,४५१.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | १,१७,९४,९९५.०० | ०.०० | १,१७,९४,९९५.०० | १,१७,२३,६११.२५ | ०.०० | १,१७,२३,६११.२५ |
| ३११३० | अन्य पूँजीगत खर्च | | ०.०० | ०.०० | ०.०० | ३,६०,०००.०० | ०.०० | ३,६०,०००.०० |
| ३११५० | सार्वजनिक निर्माण | | १५,३५,१३,०४०.११ | ०.०० | १५,३५,१३,०४०.११ | १४,३०,१९,३०३.०० | ०.०० | १४,३०,१९,३०३.०० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | ४,४३,६२१.०० | ०.०० | ४,४३,६२१.०० | ४१,०९,९७०.०० | ०.०० | ४१,०९,९७०.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | | ४,९८,०००.०० | ०.०० | ४,९८,०००.०० | ४२,३५,७५२.०० | ०.०० | ४२,३५,७५२.०० |
| ख) | **कुल जम्मा भुक्तानी** | | ५३,६४,१९,५०२.५९ | | ५३,६४,१९,५०२.५९ | ५३,५२,६७,४६५.९७ | | ५३,५२,६७,४६५.९७ |
| ग) | **बचत /कमी (ग = क-ख )** | | (१,८१,९०,०४३.४९) | | (१,८१,९०,०४३.४९) | (१२,९२,३७६.८७) | | (१२,९२,३७६.८७) |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | | ६८,९८,२४५.९३ | | ६८,९८,२४५.९३ | (५८,६६,५५४.८१) | | (५८,६६,५५४.८१) |
| घ.१) | **कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी** | | | | | | | |
| ङ) | **यस आ.व.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | | (१,१२,९१,७९७.५६) | | (१,१२,९१,७९७.५६) | (७१,५८,९३१.६८) | | (७१,५८,९३१.६८) |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | | ४,५५,६२,९२९.९३ | | ४,५५,६२,९२९.९३ | ५,२७,२१,८६१.६१ | | ५,२७,२१,८६१.६१ |
| छ) | **विनिमय नाफा/घाटा तथा अन्य समायोजन** | | | | | | | |
| ज) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | | ३,४२,७१,१३२.३७ | | ३,४२,७१,१३२.३७ | ४,५५,६२,९२९.९३ | | ४,५५,६२,९२९.९३ |

लेखाप्रमूख | कार्यकारी अधिकृत | महालेखापरीक्षकको कार्यालय

पालिकाबाट प्रमाणिकरण मिति :

सैद्धान्तिक बेरुजु

३ **लेखाप्रणालीको प्रयोग**

सार्वजनिक निकायमा एक भन्दा बढी लेखा प्रणाली भएमा आय व्ययलाई एकीकृत गर्न, विश्लेषण गर्ने र प्रतिवेदन गर्ने ती लेखा प्रणालीका बीच अन्तरसम्बन्ध कायम गरिनुपर्दछ । पालिकाले हाल दुई लेखा प्रणाली SUTRA (Sub-National Treasury Regulatory Application) र CGAS(Computerized Government Accounting System) बाट लेखा राख्ने गरिएकोमा प्रयोग भएका दुबै प्रणालीका बीच एकै कार्यक्रमका खर्चलाई एकीकृत गर्ने र प्रतिवेदन दिने व्यवस्था रहेको छैन। पालिकामा संघ, प्रदेश र स्थानीय बजेटमध्ये अन्तर सरकारी वित्तीय हस्तान्तरणको रकम CGAS प्रणालीमा र स्थानीय श्रोतलाई SUTRA प्रणालीमा प्रविष्टि

गर्दा एकै कार्यक्रम/योजनाको हकमा दुवै प्रणालीमा बजेट खर्च अलग अलग अभिलेखन हुने र उल्लिखित दुई प्रणालीबीच अन्तरसम्बन्ध कार्यान्वयन हुने नहुँदा त्यस्ता आयोजनाको कुल खर्चसमेत यकिन गर्न नसकिने स्थिति छ। अन्तर सरकारी वित्तीय हस्तान्तरणको रकम CGAS मा मात्र अभिलेख गरिने हुँदा SUTRA प्रणालीबाट प्रतिवेदन गरिने वार्षिक वित्तीय प्रतिवेदन म.ले.प. फाराम २७० मा समावेश हुन अवस्था देखिएन । एक निकायमा एक लेखाप्रणाली लागू गर्नुपर्ने र दुई लेखाप्रणाली लागू गर्न आवश्यक भए ती प्रणालीका बीच अभिलेख एकीकृत हुने व्यवस्था लागू गर्ने व्यवस्था गर्न सम्बन्धित निकायको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको एकिकृत वित्तिय प्रतिवेदन (म.ले.प.फा.नं. २७०) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.२२,७३,६७,८१८।००, एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रमको रु १,९४,०६,५३१।७३, गरिब सँग विश्वेश्वर कार्यक्रमको रु. ४,१५,००० तथा स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु ४८,२०,००० समेत गरी रु. २५,२०,०९,३८१।७३ सुत्रको अनुसूचीमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणस पूर्ण नहुँदा पालिकाले तयार गरेको एकिकृत वित्तिय प्रतिवेदनले (म.ले.प.फा.नं २७०) आर्थिक अवस्थाको यथार्थ चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **जिम्मेवारी**

पालिकाले गत वर्षमा अन्तिम मौज्दात रहेको रकमलाई यस वर्ष जिम्मेवारी सार्नुपर्दछ ।यस पालिकाले सुत्र प्रणाली मार्फत तयार गरेको स्थानीय सरकारको एकीकृत वित्तिय प्रतिवेदन (म.ले.प.फा.नं.२७०) को परीक्षण गर्दा गत वर्षको मौज्दात र यो वर्षको जिम्मेवारीमा देहाय वमोजिम रु.४,५५,६२,९२९.९३ देखिएको छ। पालिकाले तयार गरेको वित्तिय प्रतिवेदन वमोजिम गत वर्षको मौज्दात तथा जिम्मेवारी रकम समान रहेको देखिन्छ ।

| संकेत | कोष खाता | गत बर्षको मौज्दात रकम | यो वर्षको जिम्मेवारी |
|---|---|---|---|
| ग ४.१ | स्थानीय तह सञ्चित कोष खाता | ३,७०,२७,७४८.९२ | ३,७०,२७,७४८.९२ |
| ग ३.१ | स्धानीय तह धरौटी खाता | ७४,२५,०७०.२१ | ७४,२५,०७०.२१ |
| ग २.७ | विविध खर्च खाता | ५,४४,९०२.५७ | ५,४४,९०२.५७ |
| ग ५.१ | स्थानीय तह विविध कोष खाता | ३,५४,६९३.२३ | ३,५४,६९३.२३ |
| ग ७.२ | स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | २,१०,५१५.०० | २,१०,५१५.०० |
| जम्मा | | ४,५५,६२,९२९.९३ | ४,५५,६२,९२९.९३ |

सैद्धान्तिक बेरुजु

६ **बैङ्क हिसाब विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता अनुसार रु.३,४२,७१,१३२.३७ र बैङ्क मौज्दात रु.३,९७,३५,०९२.७९ देखिएको छ ।श्रेस्ता अनुसारको मौज्दात भन्दा वैङ्क अनुसारको मौज्दात रु.५४,६३,९६०।४२ वढि देखिएको

छ।सो मौज्दात वढि हुनुको कारण पालिकाले वित्तिय विवरणमा समावेश गरेको छैन । पालिकाले म.ले.फा.नं.२१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

| बैंकको नाम | खाता नं | खाताको प्रकार | श्रेस्ता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु |
|---|---|---|---|---|
| एन आई सि एशिया बैंक लि. | 852055499513007 | ग १.१, आन्तरिक राजस्व खाता | ० | ५,५३,२७३.७४ |
| एन आई सि एशिया बैंक लि. | 852055499513004 | ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० |
| एन आई सि एशिया बैंक लि. | 852055499513005 | ग १.३, आन्तरिक अनुदान खाता | ० | ० |
| एन आई सि एशिया बैंक लि. | ८५CA४९९५१३५२४००१ | ग २.१, चालू खर्च खाता- विजोर वर्ष | ० | ९६,१२०.०० |
| एन आई सि एशिया बैंक लि. | ८५CA४९९५१३५२४००२ | ग २.३, पूँजिगत खर्च खाता- विजोर वर्ष | ० | ० |
| एन आई सि एशिया बैंक लि. | ८.५२०५५E+१४ | ग २.७, विविध खर्च खाता | १८,६४,००२.७३ | ७२,३१,८४३.७३ |
| एन आई सि एशिया बैंक लि. | ८५CA४९९५१३५२४००३ | ग ३.१, स्थानीय तह धरौटी खाता | १,२६,६८,१७९.९८ | १,२६,६८,१७९.९८ |
| एन आई सि एशिया बैंक लि. | ८५CA४९९५१३५२४००७ | ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | १,८८,३७,७०५.४३ | १,८२,८४,४३१.११ |
| एन आई सि एशिया बैंक लि. | ८५CA४९९५१३५२४००५ | ग ५.१, स्थानीय तह विविध कोष खाता | ६,९०,७२९.२३ | ६,९०,७२९.२३ |
| एन आई सि एशिया बैंक लि. | ०८५CA५५४९९५१३००१ | ग ६.१, स्थानीय तह विभाज्य कोष खाता | ० | ० |
| एन आई सि एशिया बैंक लि. | ८५CA४९९५१३५२४००६ | ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | २,१०,५१५.०० | २,१०,५१५.०० |
| जम्मा | | | ३,४२,७१,१३२.३७ | ३,९७,३५,०९२.७९ |

सैद्धान्तिक बेरुजु

७ **अनुदान फिर्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) को अनुसूची -२ मा फिर्ता गरेको अनुदान रु.१,७३,९२,९३४.९३ मिति २०८१।३।३१ मा फिर्ता गरेको विवरण पेश भएको छ ।

| शिर्षक | निकासा | खर्च | फिर्ता गर्नुपर्ने रकम | फिर्ता गरेको रकम | गर्न वाँकी रकम |
|---|---|---|---|---|---|
| संघिय शसर्त अनुदान चालु | २०३२८३०००. | १९२६८८८०५.६५ | १०५९४१९४.३५ | १०५९४१९४.३५ | ० |
| संघिय शसर्त अनुदान पुँजीगत | १७८०००००. | १४९७७३७१.२३ | २८२२६२८.७७ | २८२२६२८.७७ | ० |
| संघिय विषेश अनुदान पुँजीगत | १६००००००. | १३२४०६७२. | २७५९३२८. | २७५९३२८. | ० |
| संघिय समपुरक अनुदान पुँजीगत | ५००००००. | ४०२४७२६.६९ | ९७५२७३.३१ | ९७५२७३.३१ | ० |
| प्रदेश शसर्त अनुदान चालु | ५११००००. | ४९२०३०४.५ | १८९६९५.५ | १८९६९५.५ | ० |
| प्रदेश शसर्त अनुदान पुँजीगत | ७६३४२९७. | ७५८२४८२. | ५१,८१५.०० | ५१,८१५.०० | ० |
| प्रदेश समपुरक अनुदान पुँजीगत | ७६६९५३५.१८ | ७६६९५३५.१८ | ० | ० | ० |
| **जम्मा** | **२६२४९६८३२.१८** | **२४५१०३८९७.२५** | **१७३९२९३४.९३** | **१७३९२९३४.९३** | **०** |

सैद्धान्तिक बेरुजु

८ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा स्थानीय तहको सञ्चित कोषमा स्वतः रकम स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले तोकिएको अवधिमा नै आन्तरिक राजश्व खातामा वाँकी रु.५,५३,२७३।७४ तथा चालु खर्च खाता बाँकी मौज्दात रु.९६,१२० बाँकी रहेकोमा उक्त बाँकी मौज्दात रकम तोकिएको समयमा सञ्चित कोष खाता स्थानान्तरण गरेको पाइएन । पालिकाले मिति २०८१ श्रावणमा मात्र उक्त खाताहरुको बचत रकम सञ्चित कोषमा सारी खाता शुन्य गरेको पाइयो । आगामी दिनमा पालिकाले कानुनमा भएको व्यवस्थाको पुर्णरुपमा परिपालना गरी हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको जनाएतापनी सम्वन्धित वडा तथा शाखा प्रमुखलाई वजेट सिमा उपलब्ध गराएको देखिएन।कुल सिमाका अधिनमा रही वजेट व्यवस्थापन गरेतापनी कानुनले तोकिएको सिमामा विषयगत शाखा तथा वडालाई सिमा उपलब्ध नगराएको तथा कानुनमा भएको क्षेत्रगत सिमा निर्धारण, प्राथमिकिकरण तथा बजेट तर्जुमा दिग्दर्सन तयार गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **बजेट पेश, पारित र अख्तियारी**

नीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित

गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपादक्ष श्री भवानी प्रसाद खतिवडाले मिति २०८०।३।१० मा रु. ६० करोड ७७ लाख ४७ हजार ८०० को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।१४ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

११ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको देखिएन । पालिकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७८।०८।१३ मा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन २०७८ (नमुना सहित) सबै स्थानीय तहहरूलाई तर्जुमा गरी कार्यान्वयन गर्न परिपत्र गरेको छ । तर पालिकाले कानुनमा भएको व्यवस्था वमोजिम त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी हुन सकेको अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीयतहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक योजना तयार भएतापनी सो कार्यान्वयनका लागि रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसुची ११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको,

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरेको पाइएन,

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा नगरेको,

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्न एकीकृत दिर्घकालिन योजना तयार नगरेको र मध्यकालीन लक्ष्यहरू तोकि मूल्याङ्कन नगरेको,

• पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको देखिएन,

• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन। शहरीकरण भैरहेका स्थानलाई मध्यनजर गरी फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको छैन ।

• भ्रमण खर्च नियमावली, २०६४ मा उल्लेख भए बमोजिम पालिकाका पदाधिकारी र कर्मचारीहरूको अनुगमन तथा भ्रमण खर्च भुक्तानी

गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल स्पष्ट उल्लेख नगरी भ्रमण गर्ने गरेको र भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको तथा भ्रमण अभिलेख खाता पूर्ण रूपमा लागू गरेको देखिएन ।

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरू योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरूयोजना र वार्षिक खरिद योजना तयार गरेको छैन,

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,

• सञ्चालित योजनाहरूको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी कार्यान्वियन गर्नुपर्नेमा सो अनुसार गरेको छैन,

• संस्था दर्ता ऐन, २०३४ दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन भई सम्झौता गर्ने उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नभएको,

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमनबाट देखिएको व्यहोरा उल्लेख गरी प्रतिवेदन गर्ने नगरेको,

• उपभोक्ता समितिबाट सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सो को मूल्याकंन गरेको देखिएन।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको छैन,

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख तयार गरेको देखिएन।

• ठेक्काहरूको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता तयार गरेको देखिएन ।

• पालिकाले पालिका अन्तर्गतका सडकहरू मर्मत गरेको अभिलेख राखेको देखिएन । त्यसले गर्दा एकै स्थानमा दोहोरो पर्ने गरी मर्मत कार्य भए नभएको यकिन गर्न सकिएन ।

• सडक निर्माण गर्दा कटिङ्गको परिमाण देखिने क्रससेक्सन ड्रइङ राखि भुक्तानी दिनुपर्नेमा सो नगरेको कारण कटिङ्गको क्षेत्रफल नापीमा राखेको बराबर हो होइन भनी यकिन गर्न नसिकएको ।

• स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,

• कार्यक्रम कार्यान्वियन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन पूर्ण रुपमा नभएको,

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरू तयार नगरेको,

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको तथ्याङ्क शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा अद्यावधिक नगरेको,

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई आर्थिक वर्षको अन्तमा मात्र दिइएको,

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख तयार गरेको देखिएन।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरूको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरूमा कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको

जनाउने दस्तखत गरी प्रमाणित नगरेको,

• विविध खर्च गर्दा विभिन्न होटलका बिल पेश भएता पनि कतिपय खर्चको पुष्टि हुने स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने प्रमाण संलग्न नगरेको,

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखि रहेको पाईयो।

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरूप बेरूजुको अभिलेख तयार गरेको देखिएन।

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरूजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फछ्र्यौट तथा सम्परीक्षण कार्य गरेको देखिएन।

• निजामती सेवा ऐन, २०४९ को दफा ५ (क) वमोजिम सवै कर्मचारीहरूको कार्य विवरण वनाई लागू गरेको देखिएन ।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत नगरि नगद राजस्व असुली गरी निश्चित अवधि पश्चात् मात्र वैङ्क दाखिला गर्ने गरेको देखियो । सवै कारोवार वैङ्किक प्रणाली मार्फत संङ्कलन गरेको देखिएन।

• उपभोक्ता समितिहरू स्थायी लेखा नम्वर (PAN) मा दर्ता नभएको तथा विजक जारी भएको छैन ।

अतः पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणालीमा सुधारको लागि ऐनले तोके बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले आर्थकि वर्ष २०८०।८१ मा आर्थिक वर्ष २०८०/८१ देखी २०८४/८५ सम्मको लागि आवधिक योजना तयार गरेको देखिन्छ ।स्वास्थ्य, पूर्वाधार लघुउद्यम र कृषिमा क्रान्ति: समृद्ध र सुशासनयुक्त वुद्धशान्ति भन्ने सोच हाँसिल गर्न दिगो विकास लक्ष्य र निर्धारीत सुचकहरु हाँसिल गर्ने,शिक्षा, स्वास्थ्य लगायत आधारभूत सेवा तथा संरचनाहरुमा सबैको पहुँचको सुनिश्चितता गर्ने, समावेशी विकास प्रवर्द्धन सहित असमानता न्यूनीकरण गरी विकासमा सबैको अपनत्व सुनिश्चित गर्ने,कृषि उत्पाकदत्व वृद्धि तथा उद्यम विकास गरी द्रुत आयआर्जनका अवसरहरु सृजना गरेर उच्च आर्थिक वृद्धिदर प्राप्त गर्ने,सुशासन तथा गाउँपालिकाबासीहरुलाई सामाजिक न्यायको प्रत्याभूति गर्ने, प्रविधि विकास तथा विस्तार गर्ने,मानव अधिकार संरक्षण, दण्डहिनताको अन्त्य सहितको सामाजिक सुरक्षालाई सुनिश्चित गर्ने जस्ता उद्देश्य तय गरिएको छ । पालिकाले उल्लेखित लक्ष्यहरु हाँसिल गर्नका लागि विभिन्न २६ वटा योजनालाई गाँउ गौरवका योजनाहरुको रुपमा तय भएको देखिन्छ ।जुन योजनाले योजना खाकाभित्र रहि वार्षिक बजेट तथा कार्यक्रम तयार गरी कार्यान्वयन गरिने उल्लेख छ । कार्यक्रमलाई गौरवका आयोजनाका रुपमा ५ वर्ष सम्म निरन्तरता दिई कार्यक्रम संचालन गरिने गरी योजना तथा कार्यक्रम तय गरेको छ ।स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना वमोजिम योजना छनौट स्रोतको आँकलन र प्राप्ती गरी आवधिक योजना अनुरुप बार्षिक बजेट तथा कार्यक्रम तय गरी सोको कार्यान्वियन गरेको नदेखिएकोले योजना बमोजिम वार्षिक निति तथा कार्यक्रम र बजेटमा समावेश गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **आयोजना बैंक**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, बार्षिक, रणनीतिगत बिषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने, त्यस्ता योजना संघीय सरकार र प्रदेश सरकारका योजना अनुकूल हुनुपर्ने विभिन्न अन्तरसम्बन्धित विषयलाई ध्यान दिई योजना तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ। योजना बनाउदा आर्थिक विकास र गरिबी निवारण प्रत्यक्ष योगदान पुग्ने उत्पादन मुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तरमा आम्दानी र रोजगार बढ्ने, स्थानीय स्तरका जनताको सहभागिता जुट्ने, स्वयम् परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, पिछडिएको वर्ग र समुदायलाई प्रत्यक्ष लाभ हुने योजना सञ्चालन गनुपर्नेमा पालिकाले हालसम्म आयोजना बैँक बनाई कार्यान्वयनमा ल्याएको पाइएन। स्थानीय आयोजना बैंकको अवधारणा

कार्यान्वयन गरी आयोजना छनौट र आयोजना व्यवस्थापनमा प्रभावकारिता ल्याउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजिगत शिर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट पूँजिगत तथा चालु शीर्षकका १२७ वटा योजना तथा कार्यक्रममा विनियोजन भएको रु.४ करोड ८६ लाख ४४ हजार ५०० वजेट घट गरी कुल २४९ वटा योजना तथा कार्यक्रममा रु.४ करोड ८६ लाख ४४ हजार ५०० थप रकमान्तर गरेको छ । उक्त रकम शुरु वजेट रु.६०,७७,४७,८०० को तुलनामा ८ प्रतिशत हुन आउँछ। यसरी कार्यपालिकाको पटक पटकको निर्णयवाट रकमान्तर हुने तथा आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **योजनाको प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची -३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार योजनामा वजेट विनियोजन गरेको छ।

| **रु. १ लाख सम्मका** | | **रु. १ लाख देखि ५ लाख सम्मका** | | **रु. ५ लाख देखि १० लाख सम्मका** | | **रु. १० लाख देखि २० लाख सम्मका** | | **रु. २० लाख भन्दा बढीका** | |
|---|---|---|---|---|---|---|---|---|---|
| **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** |
| ५७ | ३१९३६१२ | २७३ | ४६५९४६५४ | १७ | ९८७१५०० | ९ | ११८७८७०६ | १४ | ३५५४९२१६३ |

उपर्युक्त विवरणअनुसार पालिकाले कुल ३७० योजनामध्ये ३३० योजनाहरु ५ लाख भन्दा साना र योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये सम्पुर्ण योजनाहरु कार्यान्वयन गरेको विवरण प्राप्त भएको छ । पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **कन्टिजेन्सी खर्च**

निर्माण कार्यका लागि निर्माण कार्यसँग प्रत्यक्ष सम्बन्धित लागत अनुमानको २ प्रतिशत वर्क चार्ज स्टाफमा र २ प्रतिशत सानातिना कार्यका लागि खर्च गर्न मिल्ने व्यवस्था छ। कन्टिन्जेन्सी रकम खर्च गर्दा कुन निर्माण कार्यसँग सम्बन्धित खर्च हो सो प्रष्ट हुने गरी योजनागत छुट्टै अभिलेख राखुपर्नेमा कार्यालयले राखे गरेको पाइएन। यसले गर्दा कन्टिन्जेन्सी रकमको सीमा नाघे ननाघेको र सम्बन्धित खर्च रहे नरहेको यकिन गर्न सकिएन । पालिकाले यो वर्ष कुल रु.५,२८,०००.०० कट्टी गरी रु.२,९९,५०० पुँजिगत प्रकृति तथा अन्य खर्च कन्टिजेन्सी खर्च चालु प्रकृतिका सुचना प्रकासन, सुपरभाईजरको पारिश्रमिक खर्च लगायतका चालु कार्यक्रममा खर्च गरेको छ। संघ र प्रदेशले जारी गरेका खर्चको मितव्ययिता सम्वन्धि निर्देशिका र कन्टिन्जेन्सी कार्यविधि अनुरुप पालिकाले कार्यविधि तयार गरी कन्टीजेन्सी खर्च गर्नेतर्फ पालिकको ध्यान जानु पर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

१८ **स्थानिय स्रोत नक्साकन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोतअन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानीलगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्षसम्म स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको वा अद्यावधिक गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सो को सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **वार्षिक खरिद योजना/ गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीका खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ।यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत पालिका तर्फ रु.२०,६५,३७,०००.०० बजेट विनियोजन गरी वार्षिक रु.१७,६२,४९,९८३।०० पूँजीगत प्रकृतिको खरिद तथा निर्माण कार्य गरेको छ।पालिकाको नीति तथा कार्यक्रम वमोजिम कतिपय कार्यक्रम बहुवर्षिय प्रकृति समेत रहेको देखिन्छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा सार्वजनिक खरिद ऐन, नियम बमोजिम १० लाख भन्दा बढीका २३ वटा योजना कार्यान्वियन गर्दा वार्षिक खरिद योजना र बहुवर्षिय योजना सञ्चालन गर्दा गुरुयोजना तयार नगरी खरिद कार्य गरेको देखियो। अतः पालिकाले नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२० **कोषहरूको अभिलेख**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा पालिका अन्तर्गतका अस्पताल, स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रहरूमा रहेका कोष तथा साविक गाउँपालिकाका खाताहरूमा रहेको सबै मौज्दात एकीकृत गरी अभिलेख राखेको छैन।पालिकाले यो वर्ष विगत वर्ष शान्तिनगर स्वास्थय चौकीको नाममा रहेको ३ वैङ्कखाता वन्दगरी सोमा मौज्दात रहेको रु.१८,७८,०५८।४६ तथा भागिरथा वुद्धशान्ति अस्पतालको नाउमा रहेको वैङ्क खातामा रहेको मौज्दात मिति २०८०।११।२१ मा मात्र रु. ८५,४५,६४३।५५ पालिकाको विविध खर्च खातामा आम्दानी वाँधेको देखिन्छ। पालिकाले ऐनको व्यवस्था बमोजिम कोषहरूको अभिलेख अद्यावधिक गरी पालिकाको वास्तविक सम्पत्तीको अभिलेख पेश हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२१ **आन्तरिक लेखापरीक्षण**

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनु पर्ने व्यवस्था उल्लेख छ। पालिकाको आर्थिक वर्ष २०८०/८१ को सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण आन्तरिक लेखापरीक्षक

अधिकृत स्तर सातौ श्री बालकृष्ण नेपालबाट गराएको छ ।तथापी आन्तरिक लेखापरीक्षक वाट चौमासिक लेखापरीक्षण प्रतिवेदन तयार नगरी प्रतिवेदन अर्धवार्षिक रुपमा तयार गरेको देखियो। तसर्थ, आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका व्यहोराको पूर्ण कार्यान्वयन गर्ने तथा कानुनमा तोकिएबमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **खरिद अभिलेख**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १४९ (१) मा सार्वजिनक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नु पर्ने र उपनियम ३ मा यस्तो अभिलेख खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नु पर्ने व्यवस्था छ। कार्यालयले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारवाहीका लागी फाईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरु सिलसिलेबार मिलाएर उक्त फाईलमा राखेको देखिएन। साथै ठेक्का सम्बन्धी गोश्वरा लगत (म.ले.प.फा.नं.५०७) समेत अद्यावधिक गरी राखेको पाइएन। जसले गर्दा खरिद कारबाही, ठेक्का व्यवस्थापन र सम्झौता कार्यान्वयन सम्बन्धी कारोबारको पारदर्शिता र प्रभावकारीताको खरिद कारवाहीको अद्यावधिक अभिलेख राखी खरिद कारवाहीलाई प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२३ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था छैन। पालिकाले यस वर्ष विपन्न नागरिकहरुका लागि आर्थिक सहायता कोषमा रु१२ लाख वजेट विनियोजन गरेकोमा जंगली हात्ति पिडित ,आकस्मिक स्वास्थ्य सेवा तथा दिर्घरोगहरुको उपचारका लागी आर्थिक सहायता, पिपन्न सहायता गरी विभिन्न न्युनतम रु.५,००० देखी २५,००० सम्म १९२ जनालाई भुक्तानी गरी रु.१६,२४,७५३ खर्च गरेको छ। पालिकाको आन्तरीक आय न्युन रहेको अवस्थामा सहायता खर्चमा मितव्ययिता कायम गरी खर्च नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

| सि नं | शीर्षक वा प्रयोजन | रकम | प्राप्त गर्नेको संख्या |
|---|---|---|---|
| १ | विपन्न नागरिकहरुका लागि आर्थिक सहायता कोष | ११,९९,७५३.०० | १३८ |
| २ | अन्य सामाजिक सहायता | २,९०,०००.०० | ४० |
| ३ | सामाजिक सहायता अनुदान तथा आर्थिक सहायता | ९५०००.०० | ७ |
| ४ | विपन्न नागरिकलाई आर्थिक सहायता | ४००००.०० | ७ |

सैद्धान्तिक बेरुजु

२४ **जिन्सी व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरूलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रूपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रूपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेकोमा उक्त प्रतिवेदन म.ले.प. फारम नं.४११ बमोजिम तयार गरेको देखिएन। जिन्सी निरीक्षण प्रतिवेदनमा जिन्सी सामानको मूल्यांकन गरी मर्मत गर्नुपर्ने, लिलाम विक्रि गर्नुपर्ने, मिन्हा गर्नुपर्ने र संरक्षण गर्नुपर्ने जिन्सीको अवस्था उल्लेख गरे वमोजिम जिन्सीको उचित मर्मत तथा लिलाम तथा संरक्षण गर्नुपर्दछ ।

• पालिकाले एकै किसिमको मालसमानको गत बर्ष खपत भएको परिमाण र चालु बर्षमा खरिद भएको मालसमानको तुलनात्मक विवरण तयार गरेको छैन ।

• पालिकाले प्रत्येक कार्यकक्षमा रहेका कार्यालय सञ्चालनसँग सम्बन्धित सामानको विवरण तयार गरी कार्यकक्षमा टाँस गरेको देखिएन । यस अवस्थामा जिन्सीको संरक्षण तथा सदुपयोग भएकोमा आश्वास्त हुने आधार रहेको नदेखिएकोले यसमा पालिकाको ध्यानाकर्षण हुनु पर्दछ ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १०२ अनुसार कार्यालय अन्तर्गतको सरकारी घर, जग्गाको लगत महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा राख्नु पर्ने र सो ढाँचामा जग्गा धनि पूर्जा प्राप्त भए नभएको व्यहोरा खुलाइ यस्तो विवरण जिल्ला प्रशासन, कोलेनिका र मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था गरेकोमा सो अनुसार विवरण तयार गरी सम्बन्धित निकायहरूमा पठाएको नदेखिएकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वियन गर्नु पर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण भएका र पालिका अन्तर्गतका स्वास्थ्य चौकीहरूमा रहेका कोष तथा गाउँपालिका खाताहरूमा रहेको सबै मौज्दातलाई एकीकृत गरी अभिलेख अद्यावधिक नगरेकोले ऐनको व्यवस्था बमोजिम उक्त कोषहरू एकीकृत गरी अद्यावधिक अभिलेख खडा गर्नुपर्दछ ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९६ (२) अनुसार कार्यालयमा मूल्य नखुलेका कुनै सम्पत्ति तथा जिन्सी मालसमान भएमा कार्यालय प्रमुखले नियमावली प्रारम्भ भएको एक वर्ष भित्र मूल्य कायम गरी सम्पत्ति तथा जिन्सी समानको श्रेस्ता अध्यावधिक गर्नु पर्ने व्यवस्था रहेतापनि यस पालिकामा विगत बर्षदेखि रहेका विभिन्न सवारी साधन तथा प्राप्त भएको जग्गाहरूको मूल्य खुलाई अध्यावधिक गरेको नदेखिएकोले पालिलकामा रहेका सवै सम्पत्ति तथा जिन्सीको मूल्यांकन गरी गराई जिन्सी अभिलेख अद्यावधिक गरिनु पर्दछ।

• वर्ष भरिमा मर्मत गरिएका सामग्री र जिन्सी प्रतिवेदनमा औल्याइएका मर्मत गर्नुपर्ने सामग्रीको अलग अलग विवरण तयार गरी कार्यालयका सामग्री खरिद वा मर्मत गर्दा वार्षिक बजेट विनियोजन यथार्थपरक बनाउनुपर्दछ ।

• स्वास्थ्य शाखा तथा अस्पतालमा हालसम्म Logisitic Management Information system (LMIS) अन्तर्गत जिन्सी दाखिला हुँदै आएकोमा मन्त्रालयद्वारा प्रतिपादित Electronic Logisitic Management Information system (ELMIS) अन्तर्गत जिन्सी दाखिला गर्नुपर्दछ ।

• पालिकाको स्वामित्वमा रहेका घरजग्गाको विवरण PAMS मा प्रविष्टि गरेको जनाएको छ । पालिकाको नाममा रहेका सबै घर जग्गाको मुल्याङ्कन सहितको विवरण PAMS मा अभिलेख राख्नुपर्दछ ।

• महालेखा नियन्त्रक कार्यालयले आर्थिक वर्ष २०८१/८२ बाट सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS-V2) लागु गरेको र PAMS-V2 मा यस अघी PAMS मा दाखिला गरेका खर्च भएर नजाने जिन्सीको मौज्दात मात्र अल्या गर्ने र खर्च भएर जाने जिन्सीको मौज्दात अल्या नगर्ने भएकोले आर्थिक वर्ष २०८०/८१ को अन्त्यमा रहेका खर्च भएर जाने जिन्सीको मौज्दात मेनुयल रूपमा जिम्मेवारी सार्नु पर्नेमा मौज्दात रहेका रु.८१,४६,०८३।०० मुल्यका १७०४ थान मालसामान पालिकाले सो गरेको छैन् । गत वर्षको बाँकी मौज्दात चालु वर्षमा जिम्मेवारी सारी प्रयोगको सुनिश्चितता गर्नुपर्दछ ।

• पालिकाले खर्च भएर जाने जिन्सी खातामा आम्दानी वाँधिएका रु.७१,३९,२५७।०० मुल्यका २१ थान रिपोर्ट तथा प्रतिवेदनहहरु खर्च भएर नजाने खातामा आम्दानी वाध्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२५ **दिगो विकास लक्ष्यहरुको स्थानीयकरण**

संयुक्त राष्ट्रसंघद्वारा गठित वातावरण र विकास सम्बन्धि विश्व आयोग ब्रुटल्याण्ड कमिसनद्वारा सन् १९८७ मा प्राकृतिक स्रोत साधन, वातावरण, जनसंख्या र विकास गतिविधिहरूको उचित एवं सन्तुलित तालमेलका लागि ल्याएको हाम्रो साझा भविष्य नामक अवधारणा बमोजिम संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरूले संयुक्त रुपमा अङ्गिकार गरी सन् २०१६ बाट कार्यान्वयनमा ल्याइएको आवधिक विकासका साझा मार्ग चित्रलाई दिगो विकास नाम दिइएको छ । यस अन्तर्गत तय भएका लक्ष्यहरू प्राप्तिका लागि नेपालका तिनै तहका सरकार समान रुपले जिम्मेवार छन् । यस पालिकाले तयार गरेको आवधिक विकास योजना समेत दिगो विकास लक्ष्य प्राप्तिका लागि प्रतिबद्धता जाहेर गरेको छ । पालिकाको वार्षिक बजेट र संचालन गरिने कृयाकलापहरूलाई दिगो विकास लक्ष्य प्राप्ति तर्फ केन्द्रित गर्नका लागि यसका सूचकहरूलाई स्थानीयकरण गर्न अपरिहार्य हुन्छ। दिगो विकासका लक्ष्यहरू आन्तरिकीकरण नगरी योजना तर्जुमा गर्दा दिगो विकासका लक्ष्यहरूमा योगदान पुग्ने कार्यक्रमहरू तर्जुमा हुन नसक्ने जोखिम रहने भएकोले पालिकाले दिगो विकासका लक्ष्यहरूको आन्तरिकीकरण गरी दिगो विकासका मध्यमकालिन लक्ष्य निर्धारण गर्ने र सो बमोजिम भएको प्रगतिको मूल्याङ्कन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय योजना कार्यक्रमका रकम खर्च गर्दा कानुन, मापदणड, कार्यबविधि बनाइ सोही अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ । खर्च गरिएको रकमको सदुपयोग भए नभएको यकिन गर्ने अनुदान उपलब्ध गर्ने निकायले समय समयमा अनुगमन नियमन र प्रतिवेदन जस्ता कार्य गर्नुपर्दछ । तसर्थ अनुगमन कार्यलाइ प्रभावकारी बनाइ संघीय, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरो नहुने गरी अनुदानग्रहीको जीवनस्तरमा सुधार आए नआएको यकिन गरी रकमको पुर्ण सदुपयोग गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२७ **प्रगति प्रतिवेदन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व निमावली,२०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्ने र नियम ३६ मा उक्त प्रगति विवरण समीक्षा गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपरोक्त व्यवस्था बमोजिम त्रैमासिक प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पेश गरेको देखिएन । त्रैमासिक खर्चको प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा तोकिएको समयभित्र पेश गर्नु पर्दछ । साथै भौतिक र वित्तीय प्रगति विवरण समिक्षा गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२८ **गुणस्तर परीक्षण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । पालिकाले योजनामा प्रयोग भएका निर्माण सामाग्री लगायत निर्माण कार्यको नर्म्स तथा स्पेशिफिकेशन अनुसार तथा फ्रिक्वेन्सीमा गुणस्तर परीक्षण गरेको पाइएन। गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चित हुन नसक्ने देखिन्छ। निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चित हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२९ **क्षेत्रगत बजेट र खर्च**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८०/८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति अनुसार सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सवैभन्दा कम ०.६० प्रतिशत र सामाजिक विकास तर्फ सवैभन्दा वढी ४४.९३ प्रतिशत खर्च भएको देखिन्छ। सुशासन तथा अन्तरसम्वन्धित क्षेत्रमा विनियोजन भएको कुल वजेट रु.६७,००,०००।०० लाख मध्ये रु.३२,२२,०४८.०० खर्च भै कुल विनियोजनको ४८.०९ प्रतिशत मात्र खर्च भएको देखिन्छ । क्षेत्रगत सन्तुलन कायम गरी बजेट व्यवस्थापन र खर्च गर्नुपर्दछ।

| **क्र.सं.** | **क्षेत्र/उप क्षेत्र** | **विनियोजन** | **खर्च** | **खर्च प्रतिशत** | **कुल खर्च प्रतिशत** |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३८८३५०००. | ३०९१०५८८.६९ | ७९.५९ | ५.७६ |
| २ | सामाजिक विकास | २५६११८०००. | २४१००२७२३.५ | ९४.१ | ४४.९३ |
| ३ | पूर्वाधार विकास | १५२२७६८८४. | १२७११००३३.५७ | ८३.४७ | २३.७ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ६७०००००. | ३२२२०४८. | ४८.०९ | ०.६ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १५४२८५९१६. | १३४१७४१०८.८३ | ८६.९६ | २५.०१ |
| **कुल जम्मा** | | **६०८२१५८००.** | **५३६४१९५०२.५९** | **८८.१९** | **१००.** |

सैद्धान्तिक बेरुजु

## ३० त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कार्यक्रमका यार्न्वयन गर्नुपर्ने व्यवस्था छ।गाउँपालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ। यो बर्ष पालिकाको रु.१७ करोड ६२ लाख ५० हजार पुँजिगत खर्च भएको चौथो त्रैमासिकमा कुल पुँजीगत खर्च मध्ये रु.९ करोड ९१ लाख ५१ हजार अर्थात कुल खर्चको ५६.२६ प्रतिशत तथा आषाढ महिनामा मात्र रु.५ करोड ३५ लाख ९ हजार अर्थात कुल खर्चको ३०.३६ प्रतिशत खर्च भएको देखिन्छ ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| क्र. सं | बजेट शीर्षक उपशीर्षक | कुल खर्च | | त्रैमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| १ | पालिका पुँजीगत | १२८७५५१९६.०१ | 9615530 | 9653557 | 44512848.7 | ६४९७३२६०.२९ | 32177191.6 |
| २ | संघीय शशर्त पुँजीगत | १४९७७३७१.२३ | 0 | 0 | 3073000 | 11904371.23 | ७४७७३७१।२३ |
| ३ | संघीय विशेष पुँजीगत | १३२४०६७२. | 0 | 0 | 1842148 | 11398524 | 6863064 |
| ४ | संघीय समपुरक पुँजीगत | ४०२४७२६.६९ | 0 | 0 | 1973003 | 2051723.69 | 1144922 |
| ५ | प्रदेश शशर्त पुँजीगत | ७५८२४८२. | 0 | 0 | 2014373 | 5568109 | 5354559 |
| ७ | प्रदेश समपुरक पुँजीगत | ७६६९५३५.१८ | 0 | 400,000 | 4014214 | 3255321.18 | 491671.18 |
| **जम्मा** | | **१७६२४९९८३।१** | **९६१५५३०** | **१००५३५५७** | **५७४२९५८७** | **९९१५१३०९।३९** | **५३५०८७७९।०१** |
| **खर्च प्रतिशत** | | **१००।००** | **५।४६** | **५।७०** | **३२।५८** | **५६।२६** | **३०।३६** |

सैद्धान्तिक बेरुजु

## ३१ पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम पेश्की लिने कर्मचारीले तोकीएको कार्य सम्पन्न गरी कार्यालय फर्कीएको १५ दिन भित्र फाटबाँरी पेश गरी पेश्की फर्छयौट गर्नुपर्ने तथा अन्य संघ संस्था र निर्माण व्यवसायीलाई दिएको पेश्की सम्झौतामा तोकीएको म्यादभित्र फर्छयौट गर्नुपर्ने उल्लेख छ। पालिकाको गतवर्ष तथा यस बर्ष भुक्तानी दिएको पेश्की रु.२,३४,९६,३२२ फस्र्यौट गर्न बाँकी रहेको देखिन्छ । यो वर्ष प्रदान गरिएको मध्ये नियमानुसार म्याद नाघेको रु.पेश्की रकम फस्र्यौट गर्नुपर्ने देखिएको रु...

| क्र.सं. | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २०८०/०४/०१ | २ | पाँच पोखरी सामुदायिक वनको कार्यालय जाने सडक कालोपत्रे वडा नं ५ | भुमी।हिमालयन जे.भी. | ९२८९००. | विगत वर्षको |
| २ | २०८०/०७/०३ | २४ | गाउँपालिकाको प्रशासनीक भवन निर्माण | जन आर्दश निर्माण सेवा | ५६०००००. | |
| ३ | २०८०/०७/२३ | २९ | बुधबारे बजारमा व्यवसायीक भवन निर्माण | शान्ति निर्माण सेवा | २१४००००. | |
| ४ | २०८०/०८/२९ | ३६ | बुधबारे बजारमा व्यवसायीक भवन निर्माण | शान्ति निर्माण सेवा | १२९००००. | |
| ५ | २०८०/१०/२६ | ८५ | गाउँपालिकाको प्रशासनीक भवन निर्माण | जन आर्दश निर्माण सेवा | ५६०००००. | |
| ६ | २०८१/०१/२५ | १७ | ल्याण्डफिल साइट विथ इनसिनिरेसन | शान्ति निर्माण्क सेवा | ६९००००. | |
| ७ | २०८१/०३/२२ | २७ | जरेवर एक्लेबर टिमाइखोला, गडीचौर देखि ५ नं. वडा कार्यालय जोड्ने सुन्दरी खोलामा झो.पु. | दामा खोला झोलुङ्गे पुल निर्माण उपभोक्ता समिति | ९९०१२८. | |
| ८ | २०८१/०३/२३ | ३२ | जरेवर एक्लेबर टिमाइखोला, गडीचौर देखि ५ नं. वडा कार्यालय जोड्ने सुन्दरी खोलामा झो.पु.,सारु गाउँ देखि गडीगाऊँ स्कुल जोड्ने सुन्दरी खोलामा झो.पु. | गडिचौर सुन्दरी खोला ट्रस्ट ब्रिज निर्माण उपभोक्ता समिति | २५३२४४. | |
| ९ | २०८१/०२/०१ | २ | स्वास्थ्य चौकी शान्तिनगरका लागि एम्बुलेन्स खरिद | अग्री इन्कर्पोरेटेड प्रा.लि. | १००४०५०.०० | |
| १० | २०८१/०३/२६ | १२५ | अस्पताल सँग सम्बन्धित विविध खर्च | महालक्ष्मी फार्मेसी | ५००००००.०० | फस्योंट गरी पेश गरेको |
| **जम्मा** | | | | | **२३४९६३२२** | |

| | |
|---|---|
| पेश्की | २२,४७,४२२ |

३२ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१५) मा उपनियम १४ बमोजिम दायित्व सिर्जना भई भुक्तानी दिन बाँकीको विवरणमा समावेश भएको खर्च रकममध्ये तलब, महङ्गी भत्ता र स्थानीय भत्ता ,सरुवा भ्रमण खर्च, घर भाडा, पोशाक, खाद्यान्न, औषधि उपचार, बिरामी र बन्दीको सिधा, सेवा निवृत्त सुविधा, स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसँग भएको सम्झौता बमोजिमको रकम जस्ता रकम मात्र भुक्तानी दिन बाँकी रहेमा चालू आर्थिक वर्षको सम्बन्धित बजेट रकमबाट भुक्तानी दिन पुग्ने देखिएमा मात्र भुक्तानी गर्न पाईने उल्लेख छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं.२२१) कार्यालय प्रमुख र लेखा प्रमुख तथा आन्तरीक लेखापरीक्षण प्रमाणित गरी चालुतर्फ तथा पुँजिगत खर्चवाट गत आर्थिक बर्षमा संचालित देहाय वमोजिमका कार्यक्रममा रु.१,३८,५९,८५२.०० वजेट विनियोजन गरी विभिन्न १७ चालु तथा पुँजिगत तर्फ एकमुष्ठ रु.८८,५२,२९८.०० भुक्तानी गरेको देखिन्छ। पालिकाले गाँउसभावाट गत वर्षको भुक्तानी दिन बाँकी योजनामा एकमुष्ठ वजेट विनियोजन गरी भुक्तानी दिएको भएतापनी चालु तथा सालवसाली प्रकृतिका खर्चहरु सोही बर्ष भुक्तानी नगरी दायित्व सृजना गरेको मनासिव देखिदैन। चालु तथा सालवसाली प्रकृतिका खर्चहरु सम्वन्धित वर्षमानै भुक्तानी गर्ने गराउने तर्फ ध्यान जानुपर्दछ ।यसरी प्रचलित कानुनमा भएको व्यवस्था विपरित भुक्तानी गर्न नमिल्ने शिर्षकमा भुक्तानी गरेको नियम सम्मत देखिदैन

। सालवसाली प्रकृती योजनाहरु समयमै सम्पन्न गर्ने तथा सम्झौता वमोजिम दायित्व सृजना भएमा प्रचलित कानूनको पालना गरी भुक्तानी दिन वाँकीको विवरणका आधारमा मात्र खर्च लेख्ने व्यवस्था गर्नुपर्दछ ।

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | विनियोजन | खर्च |
|---|---|---|---|---|
| १ | ना.प्रा.स. श्री बेनुपराज कुइँकेलको २०८० बैशाख, जेष्ठ र असार महिनाको पारीश्रमिक वापतको आ.व. २०७९/८० को बाँकी भुक्तानी | २११११ | ९८,७०६.०० | ९८,७०६.०० |
| २ | सवारी चालक तथा प्राविधिकहरुको अतिरिक्त समय कार्य गरेको प्रोत्साहन वापतको आ.व. २०७९/८० को बाँकी भुक्तानी | २११३९ | ३,०४,४६५.०० | ३,०४,४६५.०० |
| ३ | स्टक प्रमाणिकरण तथा राजश्व परामर्श समितिको बैठक तथा विविध खर्च वापतको आ.व. २०७९/८० को बाँकी भुक्तानी | २११४१ | ५७,०००.०० | ५६,०००.०० |
| ४ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च वापतको आ.व. २०७९/८० को बाँकी भुक्तानी | २२३१५ | १,३०,४३०.०० | १,२८,०६३.०० |
| ५ | ज्येष्ठ नागरीक भवन निर्माण वडा नं ५ को आ.व. २०७९/८० को बाँकी भुक्तानी | २२५२२ | ३,००,०००.०० | ३,००,०००.०० |
| ६ | वडास्तरीय अनुगमन तथा कार्यालय व्यवस्थापन वापतको आ.व. २०७९/८० को बाँकी भुक्तानी | २२५२२ | १,८७,३४०.०० | १,८७,३४०.०० |
| ७ | भकारो सुधार कार्यक्रमको आ.व. २०७९/८० को बाँकी भुक्तानी | २२५२२ | ४०,८३७.०० | ४०,८३७.०० |
| ८ | ज्येष्ठ नागरीक भवन निर्माण वडा नं २ को आ.व. २०७९/८० को बाँकी भुक्तानी | २२५२२ | ३,००,०००.०० | ३,००,०००.०० |
| ९ | महालक्ष्मी फार्मेसीलाई मेडिकल सामाग्री खरिद वापतको आ.व. २०७९/८० को बाँकी भुक्तानी | २२५२२ | २६,०००.०० | २६,०००.०० |
| १० | पशुपंक्षी विकास शाखाको फर्म अनुगमन कार्यक्रमको आ.व. २०७९/८० को बाँकी भुक्तानी | २२५२२ | १६,२००.०० | १६,२००.०० |
| ११ | किसान सूचिकरण कार्यक्रमको आ.व. २०७९/८० को बाँकी भुक्तानी | २२५२२ | २९,६१०.०० | २९,६१०.०० |
| १२ | ज्येष्ठ नागरीक भवन निर्माण वडा नं ३ को आ.व. २०७९/८० को बाँकी भुक्तानी | २२५२२ | ३,००,०००.०० | ३,००,०००.०० |
| १३ | क.अ. भिष्म सिटौलाको विविध शिर्षको खर्चको आ.व. २०७९/८० को बाँकी भुक्तानी | २२५२२ | ८६,३८०.०० | ८६,३०८.०० |
| १४ | बुद्धशान्ति २ का विभिन्न स्थलमा सडक बत्ति जडान कार्यको आ.व. २०७९/८० को बाँकी भुक्तानी | २२५२२ | ९८,८८४.०० | ९८,८८४.०० |
| १५ | बुद्धशान्ति साहित्यिक तथा सांस्कृतिक प्रतिष्ठानको कार्यक्रम वापतको आ.व. २०७९/८० को बाँकी भुक्तानी | २२५२२ | २५,०००.०० | २५,०००.०० |
| १६ | योजना अनुगमन तथा मूल्यांकन वापतको आ.व. २०७९/८० को बाँकी भुक्तानी | २२६११ | १,०८,०००.०० | १,०२,०५०.०० |
| १७ | आर्थिक विकास समितिको बैठक तथा पशुपंक्षी विकास शाखाको अनुगमन भत्ता वापतको आ.व. २०७९/८० को बाँकी भुक्तानी | २२६११ | १,२०,०००.०० | १,२०,०००.०० |
| १८ | आ.व. २०७९/०८० मा सम्पन्न हुन नसकेको सडक कालोपत्रेको क्रमागत आयोजना | ३११५१ | १,१६,३१,०००.०० | ६६,३२,८३५.०० |
| | **जम्मा** | | **१३,८५९,८५२.००** | **८,८५२,२९८.००** |

सैद्धान्तिक बेरुजु

## ३३ सामुदायिक वनको अभिलेख

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (ख) १ अनुसार सामुदायिक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्बन्धि आफ्नो वार्षिक कार्य योजना बनाई सम्बन्धित स्थानीय तहबाट स्वीकृति गराउनुपर्ने र उक्त कार्य योजना अनुसार वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। यस पालिकाक्षेत्र वन कार्यालयको अभिलेख वमोजिम ६ वटा सामुदायिक वन रहेकोमा भएतापनि ४ वटा सामुदायिक वनको क्षेत्र न्युनमात्र पालिका अन्तरगत रहेको पालिकाले जनाएको छ। पालिका अन्तर्गत ४ सामुदायिक वनले कार्ययोजना पेश गरी स्विकृत गरेको जनाएको छ। पालिकाले आफ्नो कार्यक्षेत्र भित्रमा सामुदायिक वनको वार्षिक कार्य योजनाको अभिलेख र सोको कार्यान्यवन अवस्था सम्बन्धमा अनुगमन मूल्याङ्कन नगरेको, प्राप्त हुनुपर्ने राजश्व यकिन नगरेको र यसको लागि नीतिगत व्यवस्था तथा कार्ययोजना तयार गरी कार्यान्वयन गरेको देखिएन। कानुन वमोजिम आन्तरिक आयको अभिवृद्धि गर्न पालिकाको ध्यान जानुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

## ३४ सेवाप्रवाह

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ। यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सुधार गरी कार्यान्वियन गर्नु पर्ने देखिन्छ ।

| क्र.सं. | विवरण | सेवा प्राप्तिका लागि निवेदन संख्या | सिफारिस संख्या |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस | १९४६ | १९४६ |
| २ | घरबाटो सिफारिस | १२६७ | १२६७ |
| ३ | नाता प्रमाणित | ९७३ | ९७३ |
| ४ | जन्म, मृत्यु दर्ता | १७०५ | १७०५ |
| ५ | अन्य | ९४८४ | ९०३२ |

सैद्धान्तिक बेरुजु

## ३५ सहकारी नियमन र विवरण दाखिला

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८ (४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिकाभित्र हालसम्म ६८ वटा सहकारी संस्थाहरु दर्ता भएका छन् । पालिकाभित्रका दर्ता भएका सहकारी संस्थाहरुमध्ये ११ वटा सहकारीहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा सहकारीहरुको विवरण अद्यावधिक गरेका छन् भने ७ वटा सहकारीले सुचना प्राणलीमा विवरण अद्यावधिक नगरेतापनी कार्यालयमा विवरण दाखिला गरेको र बाँकीले कुनैपनी विवरण अद्यावधिक गरेका छैनन् । पालिकामा दर्ता भएका सबै सहकारीहरू प्रणाली आबद्ध भएतापनि सकृय अवस्थामा नरहेको पालिकाले जनाएको छ । पालिकाबाट पेश भएको विवरणअनुसार पालिकामा दर्ता भएको सहकारीहरुमध्ये बचत तथा ऋण सहकारी संस्था १३, बहुउद्देश्यीय सहकारी संस्था २ र अन्य संस्था ५३ रहेका छन्। पालिकाले यस वर्ष ३ वटा सहकारीहरुको अनुगमन गरेको देखिन्छ। पालिकाबाट दर्ता भएका सहकारीको नियमित अनुगमन निरीक्षण नहुदाँ पालिकाका सञ्चालित सहकारीको सञ्चालन अवस्थाबारे थप अध्ययन गर्न सकिएन। पालिकाभित्र रहेका सहकारीले समष्टिगत प्रतिवेदन नवुझाएको, मासिक प्रगति नवुझाएको,

साधारण सभाको जानकारी नगराएको, र साधारण सभाको प्रतिवेदन समेत पठाएको अवस्था छैन। तसर्थ पालिकाले विधमान कानुन र सुचना प्रणालि वमोजिम सवै प्रकारका विवरण दाखिला नगर्ने सहकारी उपर अनुगमन गरी कारवाही गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३६ **भवन निर्माण तथा सडक सम्बन्धी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छद ७ मा भवन निर्माण तथा सडकसम्बन्धी व्यवस्था गरिएको छ । ऐनमा नक्सा पास नगराई भवन निर्माण गर्न नहुने, नक्सा पास गर्ने, राष्ट्रिय भवन संहिता पालना गर्नुपर्ने, राष्ट्रिय तथा प्रादेशिक मापदण्ड अवलम्बन गर्नुपर्ने र सडकको अधिकारक्षेत्र तोक्न सक्नेलगायतका व्यवस्थाहरू रहेका छन् । उपरोक्तबमोजिम ऐनले दिएको अधिकारको कार्यान्वयन गर्न तथा भवन ऐन, २०५५ बमोजिम भवनको वर्गीकरण गर्न पालिकाले भवन निर्माण तथा सडकसम्बन्धी मापदण्ड तर्जुमा गरेको छैन । अतः पालिकाले तर्जुमा गरेको गुरुयोजनाको पूर्ण कार्यान्वियन गर्ने तथा बाँकी मापदण्ड तर्जुमा गरी सो को प्रभावकारी कार्यान्वियन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३७ **बजेट अवण्डा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ७१ को २ मा वजेट पेश तथा पारित गर्ने विषयमा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण माथी छलफल गरी सभाबाट पारित हुने वजेटमा अवण्डा राख्न मिल्ने देखिदैन यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ को उपनियम १८ मा कार्यालयले वजेट तर्जुमा गर्दा आगामी आर्थिक बर्षमा कार्यान्वयन गरिने कार्यक्रम वा आयोजनाको लक्ष्य र कुल लागत वजेटमा समावेश गर्नु पर्ने व्यवस्थाबाट पनि अवण्डा वजेट राख्न मिल्ने देखिदैन यसमा सुधार हुनु पर्दछ। अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| सि नं | शिर्षक | बजेट रकम | संचालित कार्यक्रम संख्या | खर्च रकम |
|---|---|---|---|---|
| १ | नगरपालिका साझेदारी कोष | १५८००००० | ६ | १२२०२११९ |
| २ | कार्यालय सँग सम्वन्धित विभिन्न खर्चहरु | १८७१२१५ | १२ | ९१३१३८ |
| ३ | २०७९।८० सम्पन्न हुन नसकेका योजनाहरु | ११६३१००० | ४ | ६६३२८३५ |
| ४ | वडा स्तरीय पुर्वाधार | ३०००००० | ७ | २५७१९१६५ |
| ५ | अनुसन्धान तथा विकास खर्च | २४००००० | २ | २१६९०३५ |

सैद्धान्तिक बेरुजु

३८ **संगठन तथा कर्मचारी व्यवस्थापन**

स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन,२०८० को दफा ६ मा स्थानीय तहमा स्थानीय सरकारी सेवाको संगठन संरचना वा दरबन्दी सृजना गर्न तथा त्यस्तो संगठन संरचना वा दरबन्दीमा पुनरावलोकन वा हेरफेर गर्न सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा सिफारिस समिति गठन गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने, संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा संगठनको दरबन्दी सृजना, पुनरावलोकन वा हेरफेर गर्नु पर्ने देखिएमा तोकिएको आधार तथा कारण खुलाई सो समितिले गाउँ कार्यपालिकामा प्रतिवेदन पेश गर्नु पर्ने र गाउँ कार्यपालिकाको सिफारिसमा गाउँ सभाले दरबन्दीको आवश्यकता र औचित्य समेतको आधारमा त्यस्तो सङ्गठन संरचना वा दरबन्दीको प्रस्ताव स्वीकृत गर्ने र दफा ७ मा दफा ६ बमोजिम सङ्गठन संरचना र दरबन्दी स्वीकृत भएको मितिले तीन महिनाभित्र स्थानीय सरकारी सेवाको पदहरुको सेवा, समूह, उपसमूह तथा तह समेत खुल्ने गरी प्रदेश किताबखानामा त्यस्तो पद दर्ता गराउनुपर्ने उल्लेख छ । पालिकाले ऐनमा भएको व्यवस्था बमोजिम सिफारिस समिति गठन गरी कार्य गरेको देखिएन । उक्त संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षणमा हाल कायम रहेको दरबन्दी संख्या, दरबन्दी थप गर्नुपर्ने कारण, थप

दरबन्दी संख्या र थप दरबन्दी प्रस्ताव गर्दा सेवा सुविधाको लागि लाग्ने खर्चको श्रोत समेत विश्लेषण गरेको देखिएन । संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षणमा १४४ जना कर्मचारीको दरबन्दी प्रस्ताव गरेकोमा उक्त प्रस्ताव गाउँसभाबाट मिति २०८०।३।१४ को निर्णयवाट स्वीकृत गरेको भएको देखिन्छ । पालिकामा संघ र प्रदेश सरकारवाट प्रमुख प्रशासकीय अधिकृत सहित ५३ जना तथा साविकको स्थानीय तहवाट ७ जना समेत ६० पदपूर्ती भएको देखिन्छ भने सो वाहेक विभिन्न पदका ४३ जना कर्मचारीहरु करारमा पदपूर्ती गरेको र १६ पद रिक्त रहेको देखिन्छ। सो वाहेक अस्पताल तर्फ थप ३५ जना कर्मचारी करारमा रहेको देखिन्छ । पालिकाले दरबन्दी हालसम्म प्रदेश निजामनी किताबखानामा दर्ता गरेको छैन ।दरवन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । सभाबाट स्वीकृत दरबन्दी ऐनको व्यवस्था बमोजिम प्रदेश किताबखानामा समयमै दर्ता गरी रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३९ **कर्मचारी कल्याणकोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनको लागि खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी अवकाश कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ। गाउँपालिकाले २०७६ श्रावण पछि नियुक्त कर्मचारीको हकमा निजको तलबबाट ६ प्रतिशत कट्टा र सोही बराबर थप गरी योगदानमा आधारित निवृत्तिभरण कोषमा जम्मा गरे तापनि अन्य कर्मचारीको हकमा ऐन बमोजिमको रकम कट्टा गरी अवकास कोषमा जम्मा गर्ने गरेको पाइएन ।पालिकाले यो वर्ष सभावाट रु २० लाख आन्तरीक श्रोतवाट वजेट विनियोजन गरी गोश्वरा भौचर नं २२ २०८०।५।१८ वाट खर्च लेखी कर्मचारी कल्याणकोष खातामा जम्मा गरेको देखिन्छ ।कर्मचारी कल्याण सम्वन्धमा पालिकाम हाल सम्म कुनैपनी कानून तर्जुमा गरेको देखिएन । कानून तथा कार्यविधि वेगर सोझै कर्मचारी कल्याण कोषमा जम्मा गरेको देखिन्छ । पालिकाले कानून निर्माण गरी योगदानमा आधारीत कल्याण कोषको स्थापना गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४० **प्रशासनिक खर्च**

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा २१ (४) मा प्रदेश तथा स्थानीय तहले आफुले उठाएको राजश्व र यस ऐन बमोजिम राजश्व बाँडफाँडवाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजश्व र व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ। त्यस्तै राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा, प्रशासनिक खर्च आफ्नो आन्तरिक आयबाट व्यवस्थापन गर्ने तर अत्यावश्यक प्रशासनिक खर्चको लागि आफ्नो आन्तरिक आय अपर्याप्त भएको अवस्थामा मात्र राजस्व बाँडफाँडबाट प्राप्त रकम किफायती रुपमा उपयोग गरी बाँकी रकम विकास निर्माण र सार्वजनिक सेवामा खर्च गनुपर्ने गरी बजेट विनियोजन गर्नुपर्नेगरी मार्गदर्शन तय गरेको छ । पालिकाले आफ्नो आन्तरिक आय रु. २,८२,१३,१५६.३९ प्राप्त गरेको देखिएकोमा प्रशासनिक खर्च वापत रु.११,७७,५७,००९।८३ भएको देखिन्छ। उक्त खर्च आन्तरीक आयको तुलनामा 23.९५ प्रतिशत गरेको देखिएको छ। राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शन बमोजिम प्रशासनिक खर्च आफ्नो आन्तरिक आयबाट पुर्ण रुपमा व्यवस्थापन गरेको देखिएन। राजश्व बाँडफाँडबाट प्राप्त हुने रकमवाट मुलत सामाजिक सेवा, विकास निर्माण र सार्वजनिक सेवामा विनियोजन नगरी दैनिक प्रशासनिक कार्यमा विनियोजन गरी खर्च गरेकोले आन्तरिक श्रोत उचित व्यवस्थापन गरी मार्गदर्शन बमोजिम प्रशासनिक खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४१ **समानीकरण अनुदान रकमको उपयोग**

राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा संघीय विभाज्य कोषबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानीकरण रकमको उपयोग गर्दा सो रकमबाट वजेट विनियोजन गरी अध्ययन भ्रमण, वैदेशिक भ्रमण र अन्य प्रशासनिक एवं सञ्चालन

आदिमा खर्च गर्न नपाईने व्यवस्था छ। आयोगको मार्गदर्शन अनुकुल नहुने गरी पालिकाले समानिकरण अनुदानवाट चालु प्रकृतिका कार्यमा रु.३,००,५२,००० वजेट विनियोजन गरी रु.२,८५,२८,८८६.०० खर्च गरेको देखिन्छ। यस्तो खर्च अधिकांस तलव भत्ता, विविध खर्च, कार्यालय संचालन लगायतका खर्च भएको देखिन्छ। पालिकाले प्राप्त गर्ने समानिकरण अनुदानको रकम पुँजि निर्माण हुने तथा दिर्घकालिन प्रकृतिका खर्चमा विनियोजन गरी खर्च गर्ने गराउने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४२ **कानुन र कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानुनहरु समेत बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २१ वटा ऐन, ५ वटा नियमावली, ३७ वटा कार्यविधि,४ वटा निर्देशिका र १ वटा नर्म्स सहित ६८ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । पालिकाले तर्जुमा गरेको कानुनहरुमध्ये केही कानुनहरू राजपत्रमा प्रकाशन गरेको छैन भने पालिकाको वेभसाइटमा समेत राखेको छैन । तसर्थ, उक्त कानुनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनुपर्दछ र वेभसाइटमा समेत अद्यावधिक गरी प्रकाशन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४३ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २० र यो बर्ष थप भएको ६४ गरी कूल ८४ विवाद दर्ता भएकोमा ६२ वटा फर्स्यौट भई २२ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

| **सि.नं.** | **उजुरीको प्रकार** | **गतवर्षसम्मको बाँकी** | **यस वर्ष थप** | **जम्मा** | **यस वर्ष फर्स्यौट** | **फर्स्यौट हुन बाँकी** | **समयमै फर्स्यौट हुनुको कारण** |
|---|---|---|---|---|---|---|---|
| १ | निरुपण गर्ने अधिकार भएका विवाद | २ | ६ | ८ | ८ | ० | १.विवादको चाप अत्याधिक रहनु<br>२. कार्यव्यस्तताको कारण समय व्यवस्थापन हुन नसक्नु |
| २ | मेलमिलापको माध्यमबाट निरुपण गर्ने | १८ | ५८ | ७६ | ५४ | २२ | |

सैद्धान्तिक बेरुजु

४४ **त्रुटि सच्याउने अवधिको अभिलेख**

सार्वजनिक खरिद नियमावलीको नियम १२५ (१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। त्यस्तै सोही नियमको उपनियम २ मा त्रुटी सच्चाउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ डिजाइन र स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वियन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी मा रहेका ठेक्काको अभिलेख राखी नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीबाट जाँचबुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख तयार गरेको देखिएन। यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचवुझ गराई कार्यसम्पन्न प्रतिवेदन

तयार भए नभएको, ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको सम्वन्धमा एकिन गर्न सकिएन। अतः नियमावलीमा भएको व्यवस्था वमोजिम त्रुटि सच्याउने अवधिका ठेक्काहरुको अभिलेख तयार गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने गराउने, त्रुटि भएका ठेक्काहरुको त्रुटि सच्याउने लगायतका कार्यहरु गर्ने गराउने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

४५ **सूचना प्रविधी प्रयोग तथा सुरक्षा**

पालिकाले सम्पादन गर्नुपर्ने विभिन्न कार्यहरु विद्यूतीय प्रणालीबाट सम्पादन गर्ने गरी नगरपालिकाको कर संङ्कलन प्रणाली लगायतका सफ्टवेयरहरु सञ्चालनमा ल्याएको छ । पालिका अन्तर्गत प्रयोग भएका सफ्टवेयरको प्रयोगकर्ताहरुको विवरण, पासवर्ड परिवर्तन, भण्डारण तथा डाटा व्याकअप सम्बन्धी अभिलेख मलेप फाराम नं ९०१, ९०२ र ९०३ को ढाँचामा राखी विद्यूतीय सुरक्षा सम्बन्धी व्यवस्था कार्यान्वयनमा ल्याउन पर्नेमा सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरेको देखिएन। प्रयोग हुने सफ्टवेयर संचालन गर्ने कर्मचारी,अनुमतीको प्रमाण तथा डाटा व्याकअपको अवस्था तथा सफ्टवेयरको सुरक्षाका विषयमा कार्यालयको ध्यान जान सकेको देखिएन । यसबाट अनाधिकृत व्यक्तिको प्रणालीमा पहुँच हुन सक्ने, तथ्यांकमा भएका परिवर्तको जिम्मेवारी कोसँग हुने भन्ने किटान नहुने एवं ब्याकअप नियमित रुपमा गर्ने र प्रमाणित गर्ने व्यवस्था नभएकोले तथ्यांक हराउने वा सच्याउन सकिने जस्ता जोखिम रहेको देखिन्छ। अत: विद्युतीय तथ्यांकको सुरक्षा सम्बन्धमा भएका व्यवस्थाको पालना गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४६ **फोहोरमैला व्यवस्थापन**

फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ४ मा फोहोरमैला व्यवस्थापन गर्ने दायित्व स्थानीय तहको हुने र दफा १२ मा पालिकाले फोहोरमैला व्यवस्थापन स्थल तोक्नुपर्ने व्यवस्था रहेको छ। पालिकाभित्र उत्पादन हुने फोहोरमैलाको व्यवस्थापनका लागि स्यानिटरी ल्याण्डफिल साइट नभएको हुँदा उत्पादित फोहोरमैलाको व्यवस्थापन दिगो रुपमा व्यवस्थापन हुन नसकेको, पालिकाले फोहोरमैला व्यवस्थापन सम्बन्धी नीतिको तर्जुमा नभएको देखिन्छ। पालकाले अस्थायीरुपमा खोला विरिङ्ग खोला किनारामा फोहोरमैला व्यवस्थापन कार्य गर्दै आएकोमा हाल वुद्धशान्ति गाँउपालिका वडा नं. १ स्थित विरिङ्ग खोला छेउमा २० वर्षको लागि ५ कठ्ठा जमिन लिजमा लिई ल्याण्डफिल साइट विथ इनसिनिरेसन (अजैविकलाई जलाउने) मेशिन खरिद गरी जडान गरेको छ। उक्त कार्यको लागि पालिकाले यो वर्ष संघिय विशेष अनुदानवाट रु ९० लाख वजेट विनियोजन गरि रु८९,९५,८४०.०० खर्च भुक्तानी भएको देखिन्छ । उक्त मेशिन हाल पुर्ण रुपमा संचालनमा आएको छैन। चालु वर्षमा समेत वजेट व्यवस्थापन गरि उक्त साईट र मेशिन पुर्ण रुपमा संचालनमा ल्याउने पालिकाले जनाएको छ । पालिकाले फोहोरमैला व्यवस्थापन गर्न फोहोरमैलालाई स्रोतमा नै कमी गर्ने, पुनः प्रयोग गर्ने र पुनः चक्रिय प्रणालीको अवलम्बन गर्न नागरिक जनचेतना अभिवृद्धि गरी दिगो रुपमा फोहोरमैला व्यवस्थापन गर्न स्यानिटरी ल्याण्डफिल साइट निर्माण गर्ने, वैज्ञानिकरुपमा प्रशोधन कार्य गर्नेलगायत फोहरमैलाको वर्गीकरण गरी फोहरमैलाको उचित व्यवस्थापनमार्फत् पालिकाको पर्यावरणलाई स्वच्छ राख्न ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४७ **भाडामा लिएको दिएको सम्पत्तिको अभिलेख**

भाडामा प्रयोग भएका सामानहरुको आय व्ययको नियण्त्रण र अभिलेख राख्न मलेप फारम नं ४१६ को ढाँचामा अभिलेख किताब राख्नुपर्ने व्यवस्था छ । पालिकाको स्वामित्वमा वुद्धशान्ति ३ वुधवारे वजारमा व्यवसायिक सटर ५८ वटा स, कृषि उपज भवनमा ६ वटा, कृषि भवन वुधवारेमा ४ वटा तथा ५ नं वडा कार्यालयका ७ वटा लगायतका भवन सटरहरु रहेको देखिन्छ ।पालिकाले उक्त सम्पत्ति अभिलेख किताब नराखेकोले भाडामा दिएको सम्पत्तिको वास्तविक अवस्था तथा आम्दानी एकिन गर्न सकिएन ।त्यसैगरी पालिकाले यो वर्ष सवारी साधन मेशिनरी औजार भाडा शिर्षक वाट रु १,१५,३२०.०० तथा जग्गाभाडा वापत रु. ५,००,०००।०० खर्च भएको देखिन्छ । कार्यालयले स्पष्ट प्रयोजन खुलाएर भाडा सम्झौता गरी स्वीकृत मलेप फारम प्रयोग गरी भाडामा लिएको तथा

दिएको अभिलेख राख्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

४८ **क्याम्पसलाई अनुदान**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(ज) मा आधारभुत तथा माध्यमिक शिक्षा स्थानिय तहको अधिकार हुने उल्लेख छ। साथै नेपालको संविधान २०७२ को अनुसूची ६ मा उच्च शिक्षा सम्बन्धि अधिकार प्रदेश सरकारको हुने उल्लेख छ । पालिकाले यस वर्ष सितारमेश वहुमुखी क्याम्पसलाई एकमुष्ठ अनुदान रकम उपलब्ध गराएकोमा देहाय वमोजिमका शिर्षकमा रु २०,००,०००।०० खर्च गरेको देखियो । उच्च शिक्षा संचालन गर्ने संस्थालाई दिने अनुदान व्यवस्थित गर्न पालिकाले कानुन निर्माण गरेको देखिएन । अनुदान उपयोग सम्बन्धी कानुनी व्यवस्था नगरेको अवस्थामा अनुदान उपयोगको लेखाजोखा तथा अनुगमन समेत गर्न नसकिने भएकोले सवैंधानिक अधिकार क्षेत्र, संघीय तथा प्रदेश कानुन र स्थानीय सरकार संचालन ऐन समेतका आधारमा कानुनी व्यवस्था गरेर अनुदान दिनुपर्नेमा सो गरेको नदेखिएकोले नियमित नदेखिएको रु.

| **सिन** | **भुक्तानी शिर्षक** | **रकम** |
|---|---|---|
| १ | भवन निर्माण | ११२०००० |
| २ | पुस्तक खरिद | २०९११८ |
| ३ | छात्रवृति | ६२९४०० |
| ४ | स्यानिटरी प्याड डिस्पोजल मेशिन | ६४९९९ |
| **जम्मा** | | **२०२३५१८** |

| अनियमित भएको | २०,००,००० |
|---|---|

४९ **वित्तिय जोखिम मूल्याङ्कन**

पालिकाले प्रदान गर्ने सेवाको बारेमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको स्थानीय तह वित्तिय जोखिम मुल्याङ्कनमा यस पालिकाले आ.व. २०७९।८० मा ४५.२५ प्रतिशत अङ्क हासिल गरेको छ भने स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कनको आधारमा पालिकाले आ.व. २०७९।८० मा ४५.२५ प्रतिशत अङ्क प्राप्त गरेको पाइयो । पालिकाले क्षमता स्वमुल्याङ्कनका क्रममा संगठन तथा प्रशासन, सेवा प्रवाह, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तिय एवं आर्थिक व्यवस्थापन, सामाजिक समावेशिकरण, वातावरण संरक्षण तथा विपद व्यवस्थापन र सहकार्य र समन्वय लगायतका विषय क्षेत्रमा सुधार गर्नुपर्ने देखिन्छ । साथै जोखिम मुल्याङ्कनको क्रममा पत्ता लागेका योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन, अनुगमन, मुल्याङ्कन तथा लेखापरीक्षण र राजस्व व्यवस्थापन लगायतका विषय क्षेत्रमा भएको जोखिमहरुको अभिलेख राखि नियन्त्रणको लागि कार्य योजना तयार गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५० **संघीय समपुरक अनुदान**

समपुरक अनुदान सम्वन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ को वुँदा नं ६ मा नेपाल सरकारले समितिले छनौट गरेको आयोजनामा प्रदेश वा स्थानीय तहलाई कुल लागतको अधिकतम ५० प्रतिशत रकम अनुदान प्रदान गर्न सकिने उल्लेख छ। पालिकाले यो बर्ष संघिय समपुरक अनुदानवाट महानन्द जनसमुह पैनी निर्माणको लागि रु. ५० बजेट प्राप्त गरेको मध्ये समपुरक अनुदानवाट रु.४०,२४,७२६.६९खर्च गरेको देखिन्छ । पालिकाले उक्त योजनामा रु ६५,५६,६६९।६५ मा सम्झौता भै चौथो रनिङ्गविल सम्मको कुल प्राविधिक मुल्याङ्कन रु ३९,५३,१११।५८ तथा पेश्की प्रदान गरको रु.३,४४,४०० समेत रु ४,२९,७५,११।५८ खर्च भएको देखिएको पालिकाले समपुरक समपुरक अनुदानवाट ५० प्रतिशतले हुने रु २१,४८,७५५।७९ मात्रै खर्च गर्न मिल्ने देखिएकोले वढि खर्च भएको रकम रु.१८,७५,९७०।९० श्रोत मिलान गर्नुपर्ने देखिएको रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,७५,९७० |

५१ **जिन्सी आम्दानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्य नियमावली, २०७७ को नियम ३९ (१० ) मा जिम्मेवार ब्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि आबश्क बिल भरपाई वा कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था छ । पालिकाले यो वर्ष गोश्वारा भौचर नं ३३५ मिति २०८१।३।१३ वाट सन्दिप ग्रिल इन्जिनियरिङ्ग वाट ४ थान ठेला खरिद गरी प्रतिठेला रु ४९,९८० का दरले रु १,९९,९२०।०० भुक्तानी गरेको देखियो । उक्त ठेला भाइरल रोडमा संचालनका लागि खरिद गरिएको जनाएतापनी सो ठेला प्रयोगकर्ता, भाडा असुली सम्वन्धमा कुनै सम्झौता वेगर विभिन्न व्यक्तिलाई संचालन गर्न प्रदान गरेको देखियो । उल्लेखित जिन्सी सामानहरु खर्च भएर जाने जिन्सी खातामा आम्दानी वाँधेको समेत नदेखिएकाले ठेलाको अवस्थाका सम्वन्धमा यकिन गरी जिन्सी दाखिला गर्नुपर्ने देखिएको रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९९,९२० |

५२ **न्यून लागत साझेदारी** (३/२०८१-८-२४):

तराई - मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका,२०७९ को दफा ५(१) बमोजिम आयोजना सञ्चालनको लागि कार्यक्रमको तर्फबाट अधिकतम ७० प्रतिशत र स्थानीय तहको न्यूनतम ३० प्रतिशत लागत सहभागिता रहने उल्लेख छ । पालिकाले तराई - मधेश समृद्धि कार्यक्रम अन्तर्गत स्कुल चोकबाट धाइजन जाने सडक कालोपत्रे कार्य गरेकोमा उक्त आयोजनामा जम्मा रु.२५,२९,२८४।०० खर्च भएकोमा सोमा ७० प्रतिशतले हुने रु.१७,७०,४९८.८० संघीय सशर्तबाट खर्च गर्नुपर्ने र बाकीँ ३० प्रतिशत रकम स्थानीय तहले गर्नुपर्नेमा स्थानीय तहले जम्मा रु.२९२८४.००(गोश्वरा भौचर १६०,२०८०।१२।२० बाट) मात्र खर्च गरेको देखिन्छ । तसर्थ संघीय सरकारबाट रु.१७,७०,४९८.८० मात्र खर्च गर्नुपर्नेमा रु.२५,००,०००.०० खर्च गरेकोले बढी खर्च गरेको रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,२९,५०१ |

५३ **करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कोदफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्य बोझको विश्लेषणगरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामकोलागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्तावगर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। पालिकाले लेखापरीक्षणमा पेश गरेको विवरण अनुसार पालिका तर्फ विभिन्न् १४ पदमा ४३ जना कर्मचारीहरु करारमा राखि तलव शिर्षकमा वजेट विनियोजन गरी तलव शिर्षकवाटै रु.२,१५,२८,८७९।१२ खर्च लेखेको छ।यसका अतिरिक्त अस्पतालमा थप ७ पदमा ३१ करार कर्मचारी नियुक्त गरी रु १२५१८९७६ खर्च लेखेको छ । त्यसै गरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगरप्रहरी, सवारीचालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारबाट सेवालिन सकिने व्यवस्था गरेको छ।स्थानीय तहले माथि उल्लेखित पदवाहेकको अधिकृत आठौँ ४, इन्जिनियर १,सहायक पाँचौ ३१ तथा सहायक चौथो ५ लगायतको विभिन्न १४ पदमा ४३ जना करार नियुक्ति गरेको देखिन्छ। स्थायी पदपुर्ती गर्नुपर्ने पदमा करारमा कर्मचारी राखि भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु...

| | |
|---|---|
| अनियमित भएको | १,४५,६३,६७६ |

५४ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रममा सुचीकृत वेरोजगार संख्या ८१८ रहेकोमा पालिका अन्तर्गत ७ वडामा ३६ योजना सञ्चालन गरी यस वर्ष ८५ जनालाई औसत ८७.१७ दिनले ७४१० दिन रोजगारी उपलव्ध गराई रु.४९,४९,८८०.०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट

हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

५५ **डीपीआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाता बाट गराई प्रतिवेदन प्राप्त गरको विवरण पेश गरेको छ।

| क्र सं | नाम कार्यक्रमको नाम | परामर्शदाता | स्वीकृत बजेट | खर्च रकम | अध्ययनवाट निर्धारण भएका आयोजनाको लागत | कार्यान्वयन भए / नभएको (कार्यान्वयन भएको भए वजेट) |
|---|---|---|---|---|---|---|
| गत वर्षको | | | | | | |
| १ | पालिकालाई अनुरोध गरेकोमा तथ्याङ्क उपलब्ध नगराएको | | | | | |
| यो बर्षको | | | | | | |
| १ | | सार्थक ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. | १०००००० | ९,९१,०१०.०० | | |
| २ | | क्राफ्ट रिसर्च सेन्टर प्रा लि | १२००००० | ११,७८,०२५.०० | | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन।पालिकाले गत विगत वर्षमा तयार गरेका डिपिआरको समेत कार्यान्वयन नगरी डिपिआर थप गरेको मनासिव देखिएन। डी.पी.आर.तयार गर्दा पालिकाको आफ्नो प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ। साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनका लागि बजेट व्यवस्थापन गरी कार्यान्वयन गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

५६ **मुअकर दाखिला**

पालिकाले असुल गरेको मुअकरको रकम सम्वन्धित राजस्व शिर्षकमा दाखिला गर्नुपर्दछ। पालिकाले यो वर्ष साप्ताहिक हाट वजार ठेक्का वन्दोवस्त गरी स्विकृत दरभाउपत्रदाता एस आर टि कन्सट्रक्सन सँग रु ५,४०,९४० मा सम्झौता भएको देखिन्छ । उक्त करमा प्राप्त गर्नुपर्ने मुअकर रु.७०,३२३ असुल भएको नदेखिएकोले उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु...

| असुल गर्नुपर्ने | ७०,३२३ |
|---|---|

५७ **प्राविधिक बिल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको, लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक कामको सम्बन्धमा आश्वस्त

हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक बनाउनुपर्ने देखिन्छ। कानुनमा भएको सबै व्यवस्थाको पालना गरी विल, कार्य सम्पन प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५८ **निर्माण कार्यमा वीमा**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ। पालिकाले यो बर्ष नमुना छनौटका आधारमा परीक्षण गर्दा तपशिल वमोजिमका ठेक्काहरुमा वीमा नै नगराइ निर्माण कार्य गराएको देखिन्छ। यसरी वीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

| ठेक्का नं | निर्माण व्यवसायी | निर्माण कार्य | सम्झौता रकम | कैफियत |
|---|---|---|---|---|
| 06/080/81 | अंकित व्रदर्श कन्सट्रक्सन एण्ड सप्लायर्स प्रली | महानन्द जनसमुह पैनी निर्माण | ६५५६६६९ | यो वर्ष सम्म विमा नगरेको |
| सडकवोर्ड | एस आर टी कन्सट्रक्सन प्राली | कदमचोक पश्चिम जानेवाटो स्तरोन्नती | २९०७५८२ | विमा नगरेको |

सैद्धान्तिक बेरुजु

५९ **भगिरथा वुद्धशान्ति अस्पताल भवन निर्माण**

५९.१ गाउँपालिकाले भगिरथा वुद्धशान्ति अस्पताल भवन निर्माणको लागि रू.१०,१०,४२,७५४।७१ लागत अनुमान गरी १० शैयाको उक्त अस्पताल निर्माण कार्य ७३० दिन (२०८०।५।२९) सम्म सम्पन्न गर्ने गरी निर्माण व्यवसायी रौताहा शान्ति जेभीसँग २०७८।३।३१ मा रु.६,०८,८६,७६०।९५ को खरिद सम्झौता गरेको देखिन्छ। उक्त अस्पताल भवनमा एकतला भवन निर्माण गर्नेगरी डिजाईन तथा लागत अनुमान स्वीकृत गरी निर्माण कार्य शुरु भए पश्चात वहुतले भवन निर्माण गर्ने गरी डिजाईन परिवर्तन गरेको भएको तथा डिजाईन परिवर्तनको कारण रु.४८,६३,२२२।६१ को भेरिएशन स्वीकृत भई रू.६,५७,४९,५३२।६१ सम्शोधित सम्झौता रकम कायम भएको देखिन्छ। उक्त खरिद सम्झौता सम्वन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्

सैद्धान्तिक बेरुजु

५९.२ भेरिएसन: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(१) ले खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्न सक्ने, नियमावलीको नियम ११८ ले यसरी आदेश जारी गर्दा आवश्यक पर्ने बिवरणमा भेरिएसन परिमाणको प्राबिधिक पुष्ट्याँई र कारण सार्वजनिक निकायको प्रमुखवाट प्रमाणित भएको हुनु पर्ने व्यवस्था छ। पालिकाले उक्त भवन निर्माण कार्य शुरू भए पश्चात र्‍याम्प थप गर्ने, पूर्वतर्फ आई टु आई देखि एम टु एम सम्मका ५ बीम हटाउने र १ तले भवनको डिजाईन परीवर्तन गरी बहुतले भवन निर्माण गर्ने गरी डिजाईन परिवर्तन गरेको छ। सो डिजाईन परिवर्तन गरेका कारण रु.४८,६३,२२२।६१ को भेरिएशन स्वीकृत भई रू.६,५७,४९,५३२।६१ को नयाँ सम्झौता रकम कायम भएको देखिन्छ। पालिकाले पुन मिति २०८०।११।२१ को निर्णयानुसार विभिन्न आईटमहरु थप घट गरी प्रथम भेरिएसनवाट वृद्धि गरेकोमा घटाई रु ६,४१,०४,२९५।०४ सम्झौता मुल्य कायम गर्ने गरी भेरिएसन स्विकृत गरेको देखिन्छ। निर्माण व्यवसायिले निर्माण कार्य गर्दा सोही भेरिएसन आदेशको अधिनमा रही निर्माण कार्य गर्नुपर्नेमा अस्पताल भवन निर्माण कार्यको अन्तिम प्राविधिक

मुल्याङ्कन रु.६,४६,५७,९६९।८० कायम गरी वढि तथा न्युन गरेको कार्यलाई भेरिएसन जनाई अन्तिम भुक्तानी गरेको देखिन्छ । भवन निर्माण कार्यमा पटक पटक भेरिएसन गर्नु मनासिव देखिदैन । निर्माण व्यवसायिले पुर्वानुमान गर्न नसकिने अवस्थामा निर्माण पुर्व भेरिएसन आदेश जारी गरी निर्माण कार्य गर्नुपर्नेमा सो नगरी प्राविधिक मुल्याङ्कनका आधारमा निर्माण कार्य पश्चात भेरिएसन गरी भुक्तानी गरेको नियम सम्मत देखिदैन । प्रचलित खरिद कानून वमोजिम भेरिएसन गराएर मात्र निर्माण कार्य गर्नेतर्फ पालिकाको ध्यान जानु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५९.३ वढि भुक्तानी : सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ।पालिकाले वुद्धशान्ति अस्पताल भवन निर्माणको लागि अन्तिम रनिङ्ग विल वापत रु ५७१७२०२।०० को प्राविधिक मुल्याङ्कन गरी भुक्तानी गरेकोमा प्राविधिक मुल्याङ्कनमा समावेश भएको आइटम नं B15 को फमवर्कको कार्यको कुल जोडजम्मा ४६४०।४३ वर्गमिटर मात्र हुनुपर्नेमा जोडजम्मा फरक भै ४९३९।१९ भएको देखिन्छ । यसवाट वास्तविक परिमाण भन्दा २९८।७६ वर्गमिटर वढि नापी कितावमा समावेश भै प्रतिवर्गमिटर २२६ का दरले हुने रु ६७,५१९।७६ निर्माण व्यवसायि रौताहा शान्ति जेभीसँग असुल गरी संचितकोष दाखिला गर्नुपर्ने रु...

| असुल गर्नुपर्ने | ६७,५१९.७६ |
|---|---|

५९.४ दोहोरो आईटमको भुक्तानी: पालिकाले निर्माण कार्यको प्राविधिक मुल्याङ्कन गर्दा एउटै कार्यका लागि विओक्युमा दोहोरो आईटम राखी भुक्तानी गर्न मिल्दैन । अस्पताल भवनको अन्तिम प्राविधिक मुल्याङ्कन गर्दा आईटम नं B27 मा M.S Grill work of approved quality, size and manufacture, finished with paint including fixing in position as per instruction & specification complete work का लगि कुल ६५२४.८० केजीको मुल्याङ्कन गरी मुअकर वाहेको रु.७,८२,९७६।०० भुक्तानी गरेकोमा सोही परिमाणमा समावेश भएको ग्रिलको कार्यमा पुनः आईटम नं B37 मा Painting in Enamel paint of approved color in 2 coats over 1 coat of primer in properly sanded surface for high class finish as per specification and instruction all complete work भनि २५८०।४८ केजीलाई २५८०।४८ वर्गमिटर मानी प्रतिवर्ग मिटर १६९।५० का दरले हुने रु.४,३७,३९१ भुक्तानी गरेको छ । ग्रिलको कार्यमा पेन्टिङ्ग सहितको मुल्याङ्कन भए पश्चात पुन पेन्टिङ्गको भुक्तानी भएकाले दोहोरो मुल्याङ्कन गरी भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु...

| असुल गर्नुपर्ने | ४,३७,३९१ |
|---|---|

## ६० पूर्व तयारी

उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालयवाट जारी भएको ढुङ्गा गिटि वालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ को वुँदा ४ मा गाउँपालिका वा नगरपालिकाले उत्खनन् र सङ्कलन सम्बन्धी कार्ययोजना तयार गरी गाउँ वा नगर कार्यपालिकाबाट स्वीकृत गर्ने, प्रत्येक वर्ष ठेक्का बन्दोवस्त गर्नुपूर्व स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परीमाणलाई स्थलगत प्राविधिक अध्ययनको आधारमा अध्यावधिक गरी पुनः यकिन गर्ने, नदीजन्य पदार्थको सङ्कलन, उत्खनन् र बिक्री कार्यको लागि ठेक्का व्यवस्था गर्नु पूर्व अनुसूची-१ बमोजिमको चेकलिष्ट तयार गरी प्राविधिकबाट स्थलगत अनुगमन गराई ठेक्का बन्दोवस्त गर्नुपर्ने व्यवस्था रहेकोमा सो मापदण्डमा भएका सवै व्यवस्थाको पालना नगरी वातावरणीय अध्ययन प्रतिवेदनको परिमाणका आधारमा लागत अनुमान गरी २ ठेक्का आव्हान गरेको देखियो । मापदण्डमा भएका सवै व्यवस्थाको पालना गरी ठेक्का वन्दोवस्त गर्ने गराउने तर्फ पालिकाको ध्यान जानु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ६१ ल्याण्डफिल्ड साईट निर्माण

६१.१

गाँउपालिकाले बुद्धशान्ति गाँउपालिकामा ल्याण्ड फील्ड साईट निर्माण कार्यको विस्तृत परियोजना प्रतिवेदन वमोजिम कुल रु ३,१९,५०,३०३ को लागतमा ल्याण्ड फिल्ड साईट निर्माण हुने गरी परियोजना प्रतिवेदन स्विकृत गरेको छ । सोका लागि संघिय विशेष अनुदानवाट प्राप्त वजेट मध्ये ल्याण्ड फिल्ड साईट विथ इन्सिरिनेटर जडानका लागि ठेक्का नं 11/BRM/works-/2080/81 मार्फत निर्माण व्यवसायी शान्ति निर्माण सेवासँग रु.७०,५१,४०९।८० (मूल्य अभिवृद्धी कर समेत) मा २०८१।३।१६ मा निर्माण कार्य सम्पन्न गर्नेगरी २०८१।१।२० मा सम्झौता भएको छ। यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन ।

| सैद्धान्तिक बेरुजु |
|---|

६१.२ बढि पेश्की भुक्तानी: पालिकाले निर्माण व्यवसायीलाई पेश्की भुक्तानी गर्दा सम्झौताका शर्त वमोजिम मात्र भुक्तानी गर्नुपर्दछ । ल्याण्ड फिल्ड साईट निर्माण गर्ने निर्माण व्यवसायीलाई यो वर्ष कवोल अङ्क रु ६२,५०,१४४।५० को २० प्रतिशतले हुने रु १२,५०,००० मात्र पेश्की उपलब्ध गराउनुपर्नेमा रु १४,१०,००० पेश्की भुक्तानी गरेको देखियो । उक्त पेश्की अन्तिम विल भुक्तानी गर्दा फर्स्यौट भैसकेकाले वढि पेश्की प्रदान गर्नेलाई जिम्मेवार वनाई वढि पेश्की रु १६०००० को १० प्रतिशत व्याज असुल गर्नुपर्ने देखिएको रु…

| असुल गर्नुपर्ने | १६,००० |
|---|---|

६१.३ ईन्सिरिनेटरको संचालन: पालिकाले निर्माण व्यवसायी सँग गरेको सम्झौता वमोजिम विओक्युको आइटम नं २० मा supply and installation of minimum 150 kg per hour capacity incinerator with all necessary accessories including combustion chamber ,chimney…….all complete मा निर्माण व्यवसायीले कवोल गरेको रु २५५०००० प्राविधिक मुल्याङ्कन गरी भुक्तानी भएको छ। उक्त निर्माण कार्यको अन्तिम भुक्तानी चालु आर्थिक वर्षमा भएको जनाएतापनी उक्त मेशिन लेखापरीक्षण अवधिसम्म संचालनमा ल्याएको देखिएन । प्राविधिक रुपमा उक्त मेशिनको टेस्टिङ्ग तथा कमिसनिङ्ग गरेको नदेखिएको साथै उक्त मेशिनकव वारेन्टीको अवधि समेत २ वर्षको मात्र रहने भएकाले संचालन नहुदै वारेन्टीको अवधि समेत कम हुदै गएको देखिन्छ। निर्माण व्यवसायीले राखेको कार्यसम्पादन जमानत समेत वारेन्टी अवधि सम्मको नभएकाले जमानत वापत राखेको जमानत नं PB006/0243/4729/24 को रु.३,५३,००० को म्याद वारेन्टि अवधिको थप गर्नुपर्ने देखिएको रु…

| प्रमाण पेश नगरेको | ३,५३,००० |
|---|---|

६२ **सडक कालोपत्रे (ठेक्का नं. २।BRM।WORKS।०७८/७९)**

६२.१ पालिकाले पिपलचोक हडियाचुली सडक, पाँचपोखरी जाने सडक, देउराली ठुटेवर सडक, मेची राजमार्ग सामुदायिक स्वास्थ्य ईकाई सडक, लिचि वगान जाने सडक तथा भञ्ज्याङ्गे चोक जोरलावार सडक कालोपत्रे (अस्फाल्ट कंक्रिट) गर्ने कार्यको लागि रू.२,४५३९७३८।०० को लागत अनुमान गरी वोलपत्रको माध्यमद्धारा २०७९।१।३० सम्म निर्माण सम्पन्न गर्ने गरी २०७८।८।१४ मा निर्माण व्यवसायी भूमी /हिमालयन जेभीसँग रू.१,५०,८५,२०२।६२ को सम्झौता भएको देखिन्छ। यस ठेक्का सम्वन्धमा देखिएका थप व्यहोरा निम्नानुसार छन् ।

| सैद्धान्तिक बेरुजु |
|---|

६२.२ सम्झौताको अन्त्य: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(२क)मा आपुर्तिकर्ता परामर्शदाता सेवा प्रदायक वा निर्माण व्यवसायिले खरिद सम्झौता वमोजिम कार्यसम्पादन नगरेमा, दफा ६२ वमोजिम आचरण पालना नगरेमा सार्वजनिक निकायले खरिद सम्झौता अन्त्य गर्न सक्ने अवस्था खरिद सम्झौतामा खुलाउनुपर्ने उल्लेख छ। कार्यालयले यो वर्ष देहाय वमोजिमका खरिद सम्झौता देहाय अनुसार सम्झौता भएकोमा सार्वजनिक खरिद (१२औँ संसोधन ) नियमावली, २०६४ अनुसार नियमावलीको नियम १२०(क)मा भएको व्यवस्था अनुरूप तेस्रो पटक अन्तिम पटकका लागि मिति २०८०/०६/३० सम्म म्याद थप भएको देखिन्छ । निर्माण व्यवसायिले तोकिएको समयमा निर्माण कार्य सम्पन्न गर्न नसकी कार्यालयबाट पटक- पटक लिखित रुपमा कार्य सम्पन्न गर्न अनुरोध गरेको देखिन्छ तथापी नियम वमोजिम म्याद थप भएको अवधिमा निर्माण सम्पन्न गर्न सकेको देखिएन । कार्यालयले ठेक्का सम्झौताका शर्तहरु बमोजिम

आफ्नो करारीय दायित्व पुरा नगरेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ (२) अनुसार ठेक्का सम्झौताको GCC ७२ मा भएको व्यवस्था बमोजिम मिति २०८०।२।२८ गरी ठेक्का अन्त्य गरेको देखिन्छ । यसरी सम्झौताका शर्त तथा ऐन वमोजिम सम्झौताको अन्त्य गरेको निर्माण व्यवसायिलाई कालो सुचिमा राख्नका लागि मिति सार्वजनिक खरिद अनुगमन कार्यालयलाई अनुरोध गरेको हाल सम्म कालो सुचीमा राखेको देखिएन । कराारिय दायित्व पुरा नगरेको निर्माण व्यवसायीलाई कालोसुचीमा राख्न पठाउने निर्णय गरी पठाउने जानकारी गराएतापनी हालसम्म नपठाएकाले कालो सुचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा पठाउने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

६२.३ बाँकी निर्माण गर्न लाग्ने खर्च: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ (७) मा सार्वजनिक निकायसँग खरिद समझौता गर्नेले सम्झौता बमोजिम काम शुरु नगरेमा, काम शुरु गरी बिचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले जुनसुकै बखत सम्झौता अन्त्य गर्न सक्नेछ। सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पुरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्र दाताबाट सरकारी बाँकी सरह असुल गर्नुपर्ने व्यवस्था छ। कार्यालयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ (२) अनुसार ठेक्का सम्झौताको GCC ७५.३ मा if the contract is terminated because of fundamental breach of contract or for any fault by the contractor, the performance security shall be forefeited by the employer, in such case amount to complete the remaining works as per the contract shall be recovered from the contractor as government dues. उल्लेख छ । निर्माण व्यवसायिले उक्त निर्माण कार्य पटक पटक गरी ३ पटक म्याद थप भएको , निर्माण कार्यको प्रगति नगरेको, मिति २०७९।३।२० मानै कालो सूचीमा किन नराख्ने भनि सूचना प्रकाशन गरेकोमा सो समयमा समेत थप निर्माणको कार्य नगरेको, पालिकावाट मिति २०८०।७।१ मा पूर्वनिर्धारीत क्षतिपुर्ती लाग्नेगरी निर्णय भएको र १० प्रतिशत क्षतिपुर्ती लाग्ने अवधि अर्थात २०० दिन सम्मपनि निर्माण कार्य नगरेको देखिन्छ । उक्त सडक निर्माण कार्य अलपत्र तथा अधुरै देखिएको तथा कार्यापालिको निर्णय वमोजिमपेश्की तथा कार्यसम्पादन जमानत समेत जफत गरि २०८०।२।२८ मा सम्झौता अन्त्य गर्ने निर्णय गरी जानकारी गराएको देखिन्छ । उक्त कार्य गर्न हालको लागत अनुमान अनुसार रु२३३७४२८६ लाग्ने देखिन्छ । पालिकाको उक्त निर्णय विरुद्ध निर्माण व्यवसायि अदालतमा मुद्धा दायर गरेको कार्यालयको भनाई रहेको छ तथापी सो सम्वन्धि कागजात लेखापरीक्षणमा माग गरिएकोमा पेश भएको छैन । सम्झौता वमोजिम बाकी कार्य निर्माण व्यवसायीको खर्चमा गराउनु पर्दछ।

| विवरण | ईकाई | सम्झौता परिमाण | बाँकी परिमाण | २०८०।८१ को दर | वाकी लाग्ने खर्च |
|---|---|---|---|---|---|
| Relocation of services (electrical pole, tap stand etc ) and clearing of prepared surface after work completion all complete as instructed by Engineer. | PS | 6.00 | - | | - |
| Insurance of works, equipment, Contractor's workmen and employees and Third party Insurance against damage to other persons and property. | PS | 1.00 | 1.00 | 88,738.61 | 88,738.61 |
| Provision for additional laboratory test as instructed by engineer | PS | 1.00 | 1.00 | 20,000.00 | 20,000.00 |
| Supplying and erecting **Project Notice Board** in place including 50mm dia. Steel tube, 2mm. thick steel plate, cement concrete, painting, writing and supporting steel angle nut and bolit etc. complete | Nos. | 6.00 | 6.00 | 7,112.91 | 42,677.46 |
| **Clearing and grubbing** road land including uprooting rank vegetation, grass, bushes, shrubs, saplings and trees girth up to 300 mm, removal of stumps of trees cut earlier and disposal of unserviceable materials and stacking of serviceable Material to be used or auctioned, up to a lead of 30 meters including removal and disposal of top organic soil not exceeding 150 mm in thickness.In area of thorny jungle ( more than 15 numbers per 100 sqm) By Mechanical means | Sqm | 14,400.60 | - | 6.04 | - |
| Compacting original ground supporting sub-grade Loosening of the ground upto a level of 500 mm below the sub-grade level, watered, graded and compacted in layers as per Drawing and Technical Specifications. | Sqm | 14,127.06 | 182.58 | 118.38 | 21,613.82 |
| Providing and laying granular **Sub-base** on prepared surface, mixing at OMC, and compacting to achieve the desired density, complete as per Drawing and Technical Specifications. By Mechanical Means | Cum | 2,126.07 | 55.08 | 1,199.55 | 66,071.21 |
| Providing and laying Crusher Run Macadam on a prepared surface, spreading and mixing , watering and compacting to form a layer of **Base course** as per Drawing and Technical Specifications. | Cum | 1,800.08 | 939.40 | 3,028.52 | 2,844,991.68 |
| Providing and applying **Prime coat** with Hot Bitumen (including cutter) on prepared surface of granular base including cleaning of road surface and spraying by mechanical means as per Technical Specification . | Ltr. | 9,600.44 | 9,600.44 | 149.74 | 1,437,569.88 |
| Providing and applying **Tack coat** with hot Bitumen at specified rate on the prepared non-bituminous surfaces including cleaning as per Technical Speciation. Tack coat with Bitumen By Mechanical Means | Ltr. | 9,600.44 | 9,600.44 | 139.79 | 1,342,045.50 |
| Providing and laying **Bituminous concrete/ Asphalt concrete** using crushed aggregates of specified grading, premixed with bituminous binder and filler as per Drawing and Technical Specifications | Cum | 360.02 | 360.02 | 21,652.82 | 7,795,448.25 |
| Filling the shoulder surface as per Drawing and Technical Specifications.Locally available Material including compaction ( with watering) manually laying and levelling | Cum | 160.43 | 160.43 | 985.28 | 158,068.47 |
| Edging work by the brick with line, level and trenching, filling all complete with compaction. | Rm | 3,105.10 | 3,105.10 | 300.00 | 931,530.00 |
| Roadway Excavation in all types of soil as per drawing and technical specification,including removal of stumps and other deleterious matter,with all lifts and lead as per Drawing and instruction of the Engineer. | Cum | 553.03 | 433.11 | 83.56 | 36,190.67 |
| Road way excavation in Hard soil / Gravel / Boulder mixed soil including disposal upto 10 m and lift upto 1.5 m etc. all complete as per specification.[Manual] | Cum | 248.15 | 234.38 | 721.36 | 169,072.35 |
| Filling the surface behind as per Drawing and Technical Specifications.Locally available Material including compaction by roller ( with watering) | Cum | 27.54 | 277.56 | 875.45 | 242,989.90 |
| Providing and laying **dry stone masonry / dry stone soling in base (coursed rubble)** including dressing etc. complete as per specification, lead 30m. | Cum | 164.08 | 147.92 | 3,870.90 | 572,583.52 |
| | | | | | |


https://nams.oag.gov.np

| | | | | | |
|---|---|---|---|---|---|
| Providing and placing machine mixed **concrete mix C:S:A 1:3:6** cement concrete for the foundation and footing etc. including compaction, curing, testing and lead 30m. etc. all complete as per specification and drawing. | Cum | 4.73 | 5.00 | 7,450.30 | 37,251.50 |
| Providing and placing **plum-concrete with 70% M 15/40 concrete and 30% boulders/stones** as per specification. Lead 30m, lift 1.5m using concrete mixer and vibrator. | Cum | 150.53 | 314.94 | 7,992.19 | 2,517,060.31 |
| Providing and placing machine mixed **M20/20 cement** concrete for the foundation and footing etc. including compaction, curing, testing and lead 30m. etc. all complete as per specification and drawing. | Cum | 84.93 | 77.48 | 10,642.33 | 824,567.72 |
| Providing , Preparing and Installing **form work** including necessary supports and removing after completion ---For Vertical & slab plain surface [class F2 finish] height upto 3 m upto 6m. | Sqm | 1,848.41 | 1,697.75 | 649.14 | 1,102,077.43 |
| Providing and Laying Reinforced cement concrete NP3 Flush jointed pipe for culverts including fixing with cement mortar 1:2 as per Drawing and Technical Specifications.450mm diameter | Rm | 18.70 | - | 5,995.46 | - |
| Providing and laying Stone Masonry work in cement mortar 1:4 in structure complete as per Drawing and Technical Specifications | Cum | 50.58 | 50.58 | 8,840.86 | 447,170.69 |
| **Total cost Without PS** | | | | | **20,588,980.36** |
| **Total cost With PS** | | | | | **20,697,718.97** |
| vat@13% | | | | | **2676567.44** |
| Total | | | | | **23374286.41** |

| सैद्धान्तिक बेरुजु |
|---|

६२.४ पेश्की फस्र्योट: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(६) मा आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवाप्रदायकले खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौतामा उल्लिखित समयावधिभित्र सम्पादन नगरेको कारणले यस नियम बमोजिमको पेश्की फछ्यौट हुन नसकेमा सार्वजनिक निकायले उपनियम (३) बमोजिमको बैङ्क जमानतको रकम सम्बन्धित बैङ्कबाट प्राप्त गरी पेश्की फछ्यौट गर्नु पर्नेछ र निजबाट त्यस्तो पेश्की रकमको सयकडा दश प्रतिशत ब्याज समेत असुल उपर गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष ठेक्का नं २/BRM/WORKS/2078/79 मार्फत पिपलचोक हडियाचुली सडक, पाँचपोखरी जाने सडक, देउराली ठुटेवर सडक, मेची राजमार्ग सामुदायिक स्वास्थ्य ईकाई सडक, लिचि वगान जाने सडक तथा भञ्ज्याङ्गे चोक जोरलावार सडक कालोपत्रे गर्ने कार्यको सम्झौता वमोजिम कार्य नगरेको कारणवाट सम्झौताको अन्त्य गरेको देखिन्छ । सम्झौताको अन्त्य गरेको अवस्थामा निर्माण व्यवसायी भूमि हिमालयन जेभीलाई उक्त निर्माण कार्य गर्न प्रदान गरिएको पेश्की मध्ये फस्र्योट गर्न वाँकी रहेको पेश्की रु. ९२८९०० पालिकाले २०८१।४।२० मा वैङ्क जमानत जफत गरी राजस्व दाखिला गरेको छ। विगत ३ वर्ष अघि प्रदान गरेको पेश्की निर्माण कार्य नगरी जफत मार्फत फस्र्योट गरेको अवस्थामा बार्षिक १० प्रतिशतका दरले हुने व्याज रु २८७५०० असुल गरेको नदेखिएकोले व्याज समेत असुल गर्नुपर्ने रु..

| असुल गर्नुपर्ने | २,८७,५०० |
|---|---|

६२.५ जफत रकम राजस्व दाखिला: पालिकाले सम्झौताको शर्त वमोजिम जफत भएको कार्य सम्पादन जमानत वापतको रकम संचितकोष दाखिला गर्नुपर्दछ । तर पालिकाले सम्झौताको अन्त्य पश्चात वैङ्क जमानत जफत गरेर प्राप्त गरेको रु ४४,७८,९०० रकम राजस्व दाखिला नगरी पालिकाको विविध खर्च खाता (०८५२०५५४९९५१३००३) मा दाखिला गरेको देखियो । जफत गरेको रकम राजस्व खातामा दाखिला (सम्वन्धित वैङ्कवाट जफत गरी पालिकाको विविध खातामा जम्मा भएकोले सैद्धान्तिक कायम गरिएको) गर्नुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|


https://nams.oag.gov.np

## ६३ वुद्धशान्ति गाँउपालिकाको प्रशासनिक भवन निर्माण

६३.१ गाँउपालिकाले वुद्धशान्ति गाँउपालिकाको प्रसाशनिक भवन निर्माण कार्यको लागि ठेक्का नं 11/BRM/works-/2079/80मार्फत निर्माण व्यवसायी जन आदर्श निर्माण सेवासँग रु.६,३६,२१,६९७।१० (मूल्य अभिवृद्धी कर समेत) मा २४ महिनामा निर्माण कार्य सम्पन्न गर्नेगरी २०८०।३।१७ मा सम्झौता भएको छ। यो वर्ष निर्माण व्यवसायीलाई २ किस्ताम मोविलाईजेशन पेश्की वापत रु.१,१२,००,०००।०० तथा प्रथम रनिङ्ग विल वापत रु.६६,०६,८२८।०० भुक्तानी गरेको देखिन्छ। यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन ।

सैद्धान्तिक बेरुजु

६३.२ वित्तिय पक्षको मुल्याङ्कन: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ को २ र ३ मा प्रारम्भिक चरणमा गरिने निर्माण कार्यको लागि बढी दरले उल्लेख गरेको (फ्रन्ट लोडिङ्क) छ, छैन भन्ने कुरा मूल्याङ्कन समितिले जाँच गर्नु पर्ने सो अवस्थामा मूल्याङ्कन समितिले त्यस्तो बोलपत्रदातासँग दर विश्लेषण सहितको स्पष्टीकरण माग गर्नु पर्ने तथा मूल्याङ्कन समितिले उपनियम (२) बमोजिम मागेको स्पष्टीकरण सन्तोषजनक भएमा त्यस्तो बोलपत्रदातासँग निजको कबोल अङ्कको आठ प्रतिशतले हुने रकम बराबरको थप कार्यसम्पादन जमानत लिई बोलपत्र स्वीकृत गर्ने सिफारिस गर्न र त्यस्तो स्पष्टीकरण सन्तोषजनक नभएमा त्यस्तो बोलपत्र अस्वीकृत गर्न सार्वजनिक निकायलाई सिफारिस गर्न सक्ने उल्लेख छ । पालिकाले प्रशासनिक भवन निर्माणका लागि कुल रु. ८,९९,९९,९५० को लागत अनुमान स्विकृत गरी वोलपत्र आव्हान गरेको देखिन्छ ।सो लागत अनुमानमा आइटम नं ११ मा reinforcement for RCC works cutting bending and placing of reinforcement bar को लागि कुल १३५।४१ मेट्रिक टन परिमाण र प्रति मेट्रिक टन रु १३२६०० का दरले रु.१,७९,५५,३६९ को लागत अनुमान गरेको देखिन्छ । तथापी न्यूनतम सारभुत प्रभावग्राही वोलपत्रदाता जन आदर्श निर्माण सेवाले उक्त कार्य प्रति मेट्रिक टन रु१०८ का दरले कवोल गरी उक्त आइटमको कुल परिमाणको कार्य १४६२४।२८ मा कवोल गरेको देखिन्छ । उक्त भवन निर्माण निर्माण व्यवसायीले फलामे डण्डीमा अस्वभाविक न्यून दर कायम गरेकोमा मूल्याङ्कन समितिले दर विश्लेषण सहितको स्पष्टिकरण माग गरेको देखिएन । साथै ITB को 35.5 वमोजिम ८ प्रतिशत कार्यसम्पादन जमानत समेत थप गरेको देखिएन । हाल निर्माण व्यवसायिले निर्माण कार्यको भौतिक प्रगति तिव्र रुपमा गरेको देखिएतापनी कानूनमा भएको व्यवस्था वमोजिम थप कार्य सम्पादन जमानत लिएको नदेखिएकोले सम्झौता रकम रु.६,३६,२१,६९७।१० को थप ३ प्रतिशतले हुने कार्यसम्पादन जमानत माग गर्नुपर्नेमा सो गरेको देखिएन । हाल निर्माण व्यवसायिले कार्य तालिका वमोजिमनै कार्य गरिरहेको पालिकाले जनाएतापनी कानुन तथा वोलपत्र कागजात वमोजिमको थप जमानत लिएर मात्र ठेक्का सम्झौता गर्ने गराउने तर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६३.३ प्रोभिजनल समको भुक्तानी: सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(२) मा रनिङ बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी लिनको लागि आपूर्तिकर्ता, निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम आवश्यक पर्ने कागजात तथा बिल भर्पाइ पेस गर्नुपर्ने उल्लेख छ। पालिकाले निर्माण व्यवसायी जन आदर्श निर्माण सेवालाई प्रथम रनिङ्ग विलको रु ६६०६८२८ को प्राविधिक मुल्याङ्कन गरी रु.५०,००,००० बजेट खर्च लेखेकोमा भुक्तानी गरेको प्रोभिजनल सम अन्तरगत विमा वापत निर्माण व्यवसायिलाई रु.२६,५५,६३।०८ समावेश गरी भुक्तानी गरेकोमा खर्च गरेको विजक पेश गरेको छैन। विमा गरेको सक्कल विजक लेखापरीक्षणमा माग गरिएकोमा पेश नभएकाले सक्कल विजक पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु…

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,६५,५६३.०८ |

६३.४ डण्डीको विस्तृत नापी : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले भवनमा प्रयोग भएको कंक्रीटको आधारमा प्रति घनमिटर १०० केजी डण्डीको दरले

गणना गरी कुल डण्डीको परिमाण ३६।५५ मेट्रिक टन गणना गरेको छ । डण्डिको कार्यमा १ प्रतिशतका आधारमा नापी गरी उक्त परिमाणको प्रतिमेट्रिक टनको रु १०८ का दरले रु ३,९४७।४० भुक्तानी गरेको देखिन्छ। निर्माण व्यवसायिले डण्डिको मुल्य न्युन कवोल गरेको अवस्थामा वार वेण्डि सेड्युल वेगर एकमुष्ठ नापी गर्दा डिजाइन वमोजिम कुन स्थानमा कस्तो मोटाईको डण्डी प्रयोग भएको एकिन गर्न सकिएन । उक्त कार्यको वार वेण्डिङ सेड्युल तथा विस्त्रित नापी किताव पेस नभएकोले भुक्तानी रकम यकिन हुन नसकेको रू

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,९४७.४ |

६४ **सडक कालोपत्रे (ठेक्का नं. १।BRM।WORKS।०७८/७९)**

६४.१ पालिकाले होक्से हेप्पीलेण्ड, होक्से चम्लागाईँ, झम्के चोक, बिरिङ, नवज्योती मार्ग, ताराबारी मार्ग कालोपत्रे (अस्फाल्ट कंक्रिट) गर्ने कार्यको लागि रू.२,१२,५०,००० को लागत अनुमान गरी वोलपत्रको माध्यमद्धारा २०७९।१।३० सम्म निर्माण सम्पन्न गर्ने गरी २०७८।७।२८ मा निर्माण व्यवसायी भूमी /हिमालयन जेभीसँग रू.१,३०,७९,८७८।६८ को सम्झौता भएको देखिन्छ। निर्माण व्यवसायीलाई यो वर्ष अन्तिम प्राविधिक मुल्याङ्कन गरी १,२८,७९,८४३।६१ भुक्तानी भएको देखिन्छ । ठेक्का सम्वन्धमा देखिएका थप व्यहोरा निम्नानुसार छन्

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६४.२ म्याद थप : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ तथा नियमावली, २०६४ को नियम १२० तथा ठेक्का सम्झौतामा काबु वाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिब कारणबाट खरिद सम्झौताबमोजिमको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनुभन्दा कम्तीमा एक्काइस दिन अगावै निर्धारित अवधिको कार्यसम्पादन जमानत, बीमा र पेश्की जमानत तथा संशोधित कार्यतालिका सहित आवस्यक प्रमाण कागजात सहित अवधि थपको लागि निवेदन दिएपछि जाँचबुझ गरी उल्लिखित अवस्था देखिएमा म्याद थप गर्न सक्ने र जाँचबुझ गर्दा उल्लिखित अवस्था नभएको तर खरिद सम्झौता बमोजिमको काम समयमा सम्पन्न नहुने भएमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनेगरी म्याद थप गर्न सक्ने उल्लेख छ । पालिकाले खरिद कानुनमा भएको व्यवस्थाको पालना नगरी बीमा, पेस्की तथा कार्यसम्पादन जमानतको अवधि थप गरेको प्रमाणबेगर उल्लिखित अवस्था नखुलाई कार्यपालिकाको २०७९।४।८ को निर्णयबाट २०७९।९।१५ सम्म दोस्रोपटक २०७९।३।१५ सम्म प्रमुख प्रशासकीय अधिकृतले म्याद थप गरेको देखिन्छ । दोस्रो पटकको म्याद थप पश्चात् समेत निर्माण कार्य सम्पन्न नभएकोले कार्यपालिकाको मित २०७९।४।८ को निर्णयवाट २०७९।६।१५ सम्म सार्वजनकि खरिद १२ औँ संशोधन नियमावलीको नियम १२० क वमोजिम म्याद थप भएको देखिन्छ । उल्लेखित व्यवस्था अनुसार माइलस्टोनको निर्माण कार्य पुरा नगरेमा क्षतिपुर्ती असुल गर्ने र म्याद थप भएको अवधि सम्म निर्माण सम्पन्न गर्न नसके सम्झौताको अन्त्य गर्ने व्यवस्था रहेको देखिन्छ । सो व्यवस्थाको कार्यान्वयन नगरी कार्यपालिकाको २०८०।४।१९ को कार्यपालिका बैठकबाट २०८० असोजसम्म म्याद थपको निर्णय गरेको देखिन्छ । आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण कार्य गर्दा समेत उक्त निर्माण कार्य सम्पन्न नभएको देखिन्छ । यो वर्ष पालिकाले २०८१।६।३० मानै निर्माण कार्यको कार्य स्विकार प्रतिवेदन तयार गरी अन्तिम रनिङ्ग विल वापतको भुक्तानी हुने ५,६६,४७४।७८ पूर्वनिर्धारीत क्षतिपुर्ती कट्टा गरी कार्य स्विकार गरेको देखिन्छ । यसरी खरिद कानूनमा भएको व्यवस्थाको पालना नगर्ने निर्माण व्यवसायीलाई पटक पटक म्याद थप गरी भुक्तानी गरेको देखिएको र नियमावलीको १२ औ संशोधन वमोजिम समेत तोकिएको समयमा निर्माण कार्य गरेको नदेखिएकोले सम्झौताको शर्त वमोजिम १० प्रतिशतले हुने क्षतिपुर्ती रु ११,४०,२५४ मध्ये अन्तिम विलवाट कट्टि गरेको ५,६६,४७४।७८ घटाई वाँकी रकम असुल गर्नुपर्ने रु...

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,७३,७७९.२२ |

६४.३ विओक्यु भन्दा वढि भुक्तानी: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(१) ले खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्न सक्ने

व्यवस्था छ । पालिकाले सडक निर्माणको निर्माण व्यवसायि भूमी/हिमालयन जेभीलाई होक्से हेप्पीलेण्ड, होक्से चम्लागाईँ, झम्के चोक, बिरिङ, नवज्योती मार्ग, ताराबारी मार्ग कालोपत्रे निर्माण कार्यको अन्तिम प्राविधिक मुल्याङ्कन गर्दा आईटम नं C7 मा विओक्युमा विटुमिनस कंक्रिट वर्कको परीमाण ४४८।६७ घनमिटर मात्र रहेको भेरिएसन वेगर ४५८।१० घनमिटर नापी गरी ९।४३ घनमिटरको प्रतिघनमिटरको रु.१३,५६० का दरले हुने रु.१,२७,८७० थप भुक्तानी गरेको देखियो। पालिकाले भेरिएसन वेगर विओक्यु परिमाण भन्दा वढि परिमाण नापि गरी भुक्तानी गरेको रकम नियमसम्मत नदेखिएको रु..

| अनियमित भएको | १,२७,८७० |
|---|---|

६४.४ कट्टि नगरेको: निर्माण व्यवसायिलाई विल विजको भुक्तानी गर्दा अग्रिम आयकर तथा मुअकर रकमको ३० प्रतिशत रकम कट्टा गरी सम्बन्धित राजस्व शिर्षकमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यो वर्ष निर्माण व्यवसायी भूमी /हिमालयन जेभीलाई सडक निर्माण कार्यको अन्तिम रनिङ्ग विल वापत गोश्वारा भौचर नं ४३३ २०८१।३।२४ वाट रु ५,६६,४७४।७८ भुक्तानी गरेकोमा सोमा लाग्ने अग्रिम आयकर रु ७,५१९।७५ तथा ३० प्रतिशतले हुने मुअकर रु १९,५५१।३९ समेत रु.२७,०७१।१४ सम्बन्धित वाट असुल गरी सम्बन्धित राजस्व खातामा दाखिला गर्नुपर्ने रु...

| असुल गर्नुपर्ने | २७,०७१ |
|---|---|

६४.५ निर्माण कार्यको गुणस्तर परीक्षण: पालिकाले सडक विभाग द्वारा जारी सडक तथा पुलको नर्मस तथा स्पेसिफिकेशन प्रयोग गरि आएको छ । सो वमोजिम निर्माण कार्यमा लाग्ने विटुमिन तथा अस्फाल्ट कंक्रिटको गुणस्तर परीक्षण प्रतिवेदनका आधारमा मात्र निर्माण कार्यको अन्तिम भुक्तानी गर्नुपर्दछ । पालिकाले यो वर्ष होक्से हेप्पीलेण्ड, होक्से चम्लागाईँ, झम्के चोक, बिरिङ, नवज्योती मार्ग, ताराबारी मार्ग कालोपत्रे निर्माण कार्यको अन्तिम प्राविधिक मुल्याङ्कन रु.१,२८,७९,८४३।०० को मुल्याङ्कन गरी कार्य स्विकार गरेको देखिन्छ । कालोपत्रे गर्ने सडकमा वेसकोर्स गरी लामोसमयसम्म छोड्न नमिल्ने देखिएको गत वर्ष वेशकोर्स गरी छाडेकव स्थानमा यो वर्ष अस्फाल्ट कंक्रिट गरी भुक्तानी गरेको देखिन्छ । पालिकाले विल पेश भए पश्चात् विटुमिन टेस्ट अन्तर्गत Bitumen Content after Marshal Mix Design Test, Asphalt Concrete Component Properties Test, Sieve Analysis, Bitumen Penetration, Gravity Fire Point test लगायतका परीक्षण गरी गुणस्तर आश्वास्तता पश्चात मात्र भुक्तानी गर्नुपर्नेमा यो वर्ष तेस्रो रनिङ्ग विल वापत रु.४१,९३,८३१ तथा अन्तिम रनिङ्ग विल वापत रु. ५,६६,४७४ भुक्तानी गर्दा यस्ता कुनैपनी परीक्षण वेगर भुक्तानी गरेको देखियो। अतः निर्माण गरेको उक्त सडक तोकिएको गुणस्तरमा भएको छ भन्ने आश्वस्त हुन सकिएन। गुणस्तर परीक्षण वेगर भुक्तानी सिफारिस गर्ने तथा भुक्तानी गर्नेलाई थप जिम्मेवार वनाउनुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६५ **प्राकृतिक स्रोत संकलन तथा बिक्री शुल्क**

कोशि प्रदेश आर्थिक ऐन,२०८० को दफा ५ बमोजिम प्रदेशभित्र प्राकृतिक स्रोत संकलन तथा बिक्री वापतको शुल्क अनुसूची ५ बमोजिम लगाई असुल गरिने र शुल्कको संकलन,नियमन र प्रशासन सम्बन्धित गाउँपालिका वा नगरपालिकाले गर्ने उल्लेख छ । सोहि ऐनको अनुसुची ५ बमोजिम ढुङ्गा,गिट्टी र ग्राभेलको प्रति क्यु फिट रु.७ को दरले शुल्क लाग्ने व्यवस्था रहेको छ। बुद्धशान्ति गाउँपालिकाको आर्थिक ऐन, २०८० को अनुसुची १६ बमोजिम प्राकृतिक स्रोत तथा बिक्री वापतको शुल्क प्रदेश आर्थिक ऐन, २०८० ले तोके बमोजिम हुने उल्लेख छ। पालिकामा यो वर्ष सञ्चालन भएका देहाय बमोजिमका आयोजनाहरुमा ग्राभेल खरिद गरेको व्यक्तिगत भरपाई पेश भएकोमा सोमा पालिकाले तोकिए बमोजिम शुल्क संकलन गर्नुपर्नेमा संकलन गरेको नदेखिएकोले निम्न आयोजनमा प्रयोग गरेको ग्राभेल वापतको देहाय बमोजिमको रु.१४,०३,५९३.०० मा मुल्य अभिवृद्धि कर रु.१,८२,४६७.०० सहित जम्मा रु.१५,८६,०६०.०० सम्बन्धित व्यक्ति/उपभोक्ता समितिबाट वास्तविक परिमाणको एकिन गरी सोमा अनुसुची १ बमोजिम लाग्ने जरिवाना समेत असुल गर्नुपर्ने रु.

| सि.न. | गो.भौ.न./ मिति | आयोजनाको नाम | भुक्तानी लिने व्यक्ति/उ.स.को नाम | ग्रावेलको कार्य घन मिटर | ग्रावेल क्यू.फिट | प्रति क्यु.फिट मुल्य रु. | जम्मा रकम(मुअ कर बाहेक) रु. | मु.अ कर रकम | जम्मा रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | १७,७।०२ | मर्मत संभार कोष वडा न.३ मा | गोकुल पौडेल | ११२.२७ | ३९६५ | ७ | २७७५३ | 3607.9 | ३१३६१ | |
| 2. | १८,७।०२ | मर्मत संभार कोष वडा न.१ र २ मा | दामोदर बराल | ११२.०७ | ३९५८ | ७ | २७७०४ | 3601.5 | ३१३०६ | |
| 3. | १९,७।०२ | मर्मत संभार कोष | पानीघट्टा वस्तिमा बाटो स्तरउन्नति नाला उ.स. | ९८.८१ | ३४८९ | ७ | २४४२६ | 3175.4 | २७६०१ | |
| 4. | ३७,९।०१ | सुहाङ चौक सोमनाथ चौक सम्म बाटो ग्रावेल | सुहाङ चौक सोमनाथ चौक सम्म बाटो ग्रावेल उ.स. | १८६.६० | ६५९० | ७ | ४६१२८ | 5996.6 | ५२१२५ | |
| 5. | ३८,९।०४ | देवीथान मार्ग ग्रावेल | देवीथान मार्ग ग्रावेल उपभोक्ता समिति | २१९.९४ | ७७६७ | ७ | ५४३७० | 7068.1 | ६१४३८ | |
| 6. | ३९,९।०५ | किराँत चोक देखी दक्षिण सोमबारे तर्सो बाटो | किराँत चोक देखी दक्षिण सोमबारे तर्सो बाटो उ.स. | १२०.५० | ४२५५ | ७ | २९७८८ | 3872.4 | ३३६६० | |
| 7. | २२,७।०२ | मर्मत संभार कोष वडा न ४ | राज कुमार न्यौपाने | ११३.४ | ४००५ | ७ | २८०३३ | 3644.3 | ३१६७७ | |
| 8. | २५,७।०३ | मर्मत संभार कोष वडा न ४ | राज कुमार न्यौपाने | ५५.३४ | १९५४ | ७ | १३६८० | 1778.4 | १५४५८ | |
| 9. | २७,७।१५ | मर्मत संभार कोष वडा न ७ | खड्का बहादुर सुवेदी | ५६.४१ | १९९२ | ७ | १३९४५ | 1812.9 | १५७५८ | |
| 10. | २८,७।२३ | सडक मर्मत तथा ग्राभेल वडा न.१ | शैलेश पौडेल | ५४.८३ | १९३६ | ७ | १३५५४ | 1762 | १५३१६ | |
| 11. | ३०,८।१० | सडक मर्मत तथा ग्राभेल वडा न.१ | संजय राई | ५५.२८ | १९५२ | ७ | १३६६५ | 1776.5 | १५४४१ | |
| 12. | ३२,८।१५ | मर्मत संभार कोष वडा | संजय राई | ११२.१९ | ३९६२ | ७ | २७७४० | 3606.2 | ३१३४६ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | न.१ | | | | | | | | |
| 13. | ३५,८।२९ | महेश्वर मार्ग ग्राभल तथा स्तरन्नति | महेश्वर मार्ग ग्राभल तथा स्तरन्नति उ.स. | १८८.९६ | ६६७३ | ७ | ४६७१२ | 6072.6 | ५२७८५ | |
| 14. | ६५,१०। १९ | गलान गाउँदेखि यादव खतिवडाको घर सम्म बाटो ग्राभेल | गलान गाउँदेखि यादव खतिवडाको घर सम्म बाटो ग्राभेल उपभोक्ता समिति | १७५.१८ | ६१८६ | ७ | ४३३०५ | 5629.7 | ४८९३५ | (खरिद गरेको १४ घ.मि. घटाइएको) |
| 15. | ६७,१०। १९ | जनयुद्ध मार्ग उत्तर पिपलबोट चौक | जनयुद्ध मार्ग उत्तर पिपलबोट चौक ग्राभेल उपभोक्ता समिति | १६९.९२ | ६००० | ७ | ४२००० | 5460 | ४७४६० | (खरिद गरेको १८ घ.मि. घटाइएको) |
| 16. | ६८,१०। १२ | मेची राजमार्ग देखि जरेवर बाटो जोड्ने स्थानसम्म | मेची राजमार्ग देखि जरेवर बाटो जोड्ने स्थानसम्म ग्राभेल उपभोक्ता समिति | ११७.१८ | ४१३८ | ७ | २८९६७ | 3765.7 | ३२७३३ | (खरिद गरेको २.५ घ.मि. घटाइएको) |
| 17. | ६९,१०। १९ | मर्मत संभार कोष | २ नम्बर बडाको बाटो खाल्डाखुल्डी पुरपार उपभोक्ता समिति | ३१०.३९ | १०९६१ | ७ | ७६७३० | 9974.9 | ८६७०५ | (खरिद गरेको २.४ घ.मि. घटाइएको) |
| 18. | ७२,१०। १९ | मर्मत संभार कोष वडा न.६ | बुद्धशान्ति ६ को विभिन्न स्थानमा बिग्रीएका बाटो निर्माण उपभोक्ता समिति | २४३.६२ | ८६०३ | ७ | ६०२२४ | 7829.1 | ६८०५३ | |
| 19. | ७६,१०। २१ | दुर्गा पञ्चायान मन्दिर पश्चिम चुडामणि मगरको बाटो | दुर्गा पञ्चायान मन्दिर पश्चिम चुडामणि मगरको घर सम्म जोड्ने बाटो ग्राभेल | २०९ | ७३८० | ७ | ५१६६६ | 6716.6 | ५८३८३ | (खरिद गरेको २८ घ.मि. घटाइएको) |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | उपभोक्ता समिति | | | | | | | |
| 20. | ३१५,३। १० | मेलौनि मार्ग सडक निर्माण | मेलौनि मार्ग सडक निर्माण उपभोक्ता समिति | २१९.५९ | ७७५५ | ७ | ५४२८४ | 7056.9 | ६१३४१ | (खरिद गरेको१८.७ घ.मि. घटाइएको) |
| 21. | ३०१.२। २० | पाँचपोखरी देखि वडा कार्यालय जोड्ने | पाँचपोखरी देखि वडा कार्यालय जोड्ने उ.स. | १६७.७५ | ५९२४ | ७ | ४१४६८ | 5390.8 | ४६८५९ | (खरिद गरेको१० घ.मि. घटाइएको) |
| 22. | २९७,२। ३० | पाँचपोखरी सामुदायिक वन जाने बाटो | पाँचपोखरी सामुदायिक वन जाने बाटो निर्माण उ.स. | ३८४.५ | १३५७९ | ७ | ९५०५० | 12357 | १०७४०७ | (खरिद गरेको२२.५ घ.मि. घटाइएको) |
| 23. | ९३,११। ०८ | अमर चौक हुदै नारायण चौक सम्म बाटो | अमर चौक हुदै नारायण चौक सम्म बाटो उ.स. | १५६.९५ | ५५४३ | ७ | ३८७९९ | 5043.9 | ४३८४३ | (खरिद गरेको१२.५ घ.मि. घटाइएको) |
| 24. | ९४,११। ०८ | उज्यालो बस्ती मार्ग | उज्यालो बस्ती मार्ग ग्राभेल उपभोक्ता समिति | १२४.२२ | ४३८७ | ७ | ३०७०७ | 3991.9 | ३४६९९ | |
| 25. | १६९,१२। २८ | भिम मेगाको घरदेखि दक्षिण पश्चिम बाटो | भिम मेगाको घरदेखि दक्षिण पश्चिम बाटो उ.स. | ११०.०९ | ३८८८ | ७ | २७२१५ | 3538 | ३०७५३ | |
| 26. | ९८,११। ०९ | हँडिया गाँउ बाटो स्तरउन्ति | हँडिया गाँउ बाटो स्तरउन्नति उ.स. | ४८.०९ | १६९८ | ७ | ११८८८ | 1545.4 | १३४३३ | |
| 27. | १०२,११। १३ | मौरी चोक देखि पुर्व वेदमाया चापागाईको घर सम्म ग्राभेल | मौरी चोक देखि पुर्व वेदमाया चापागाईको घर सम्म ग्राभेल उपोक्ता समिति | २१३.४२ | ७५३७ | ७ | ५२७५८ | 6858.5 | ५९६१७ | (खरिद गरेको१२.५ घ.मि. घटाइएको) |
| 28. | १०६,११। १४ | शेखर पाठकको घर देखि धरणी भण्डारीको घरसम्म बाटो ग्राभेल | शेखर पाठकको घर देखि धरणी भण्डारीको घरसम्म बाटो ग्राभेल | २४२.५१ | ८५६४ | ७ | ५९९५० | 7793.5 | ६७७४४ | (खरिद गरेको ५ घ.मि. घटाइएको) |



https://nams.oag.gov.np

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | उपभोक्ता समिति | | | | | | | |
| 29. | १०७,११।१४ | सिप्लिकाने बाटो विस्तार तथा पैनि निर्माण | सिप्लिकाने बाटो विस्तार तथा पैनि निर्माण उ.स. | १०५.५६ | ३७२८ | ७ | २६०९५ | 3392.4 | २९४८७ | (खरिद गरेको७.५ घ.मि. घटाइएको) |
| 30. | १११,११।१६ | अलपादेवी मप्लुवाली मार्ग बाटो ग्राभेल | अलपादेवी मप्लुवाली मार्ग बाटो ग्राभेल उ.स. | १४७.१० | ५१९५ | ७ | ३६३६४ | 4727.3 | ४१०९१ | (खरिद गरेको७.५ घ.मि. घटाइएको) |
| 31. | २०१।१।१८ | विन्दुली छेउ श्री कान्त राजवंशीको ३र सम्म जाने वाटो ग्राभल | विन्दुली छेउ श्री कान्त राजवंशीको ३र सम्म जाने वाटो ग्राभल उ स | ५३.८५ | १९०२ | ७ | १३३१४ | 1730.8 | १५०४५ | रसिद भएको ७.५ घ मि घटाएको |
| 32. | २१८।१।२६ | डुम्रिबोटे नयाँ सडक ग्राभेल उ स | डुम्रिबोटे नयाँ सडक ग्राभेल | ३०४.४३ | १०७५० | ७ | ७२२५० | 9392.5 | ८१६४३ | रसिद भएको १० घ मि घटाएको |
| 33. | २२९।१।३१ | पटवारी मार्ग ग्राभेल | पटवारी मार्ग ग्राभेल उपभोक्ता समिति | १८३.४६ | ६४७९ | ७ | ४५३५३ | 5895.9 | ५१२४९ | रसिद भएको १७६ क्यु फिट घटाएको |
| 34. | २२४।२।९ | मैनाली गाउँ मार्ग पुरुवा निर्माण | मैनाली गाउँ मार्ग पुरुवा निर्माण उ स | १०९.३३ | ३८६० | ७ | २७०२० | 3512.6 | ३०५३३ | रसिद भएको ७.६ घ मि घटाएको |
| 35. | २४८।२।२९ | २ नं टोल विच गाउँ बाटो ग्राभल | २ नं टोल विच गाउँ बाटो ग्राभल उ स | १३२.२२ | ४६६९ | ७ | ३२६८३ | 4248.8 | ३६९३२ | रसिद भएको १२.५ घ मि घटाएको |
| 36. | २८२।२।२४ | भलभुले मार्ग निर्माण ग्राभल तथा स्तरोन्नती | भलभुले मार्ग निर्माण ग्राभल तथा स्तरोन्नती उ स | १६१.३७ | ५६९९ | ७ | ३९८९३ | 5186.1 | ४५०७९ | रसिद भएको ७.५ घ मि घटाएको |
| 37. | १९०।१।१२ | गैरीगाउँ धाइजन पश्चिम वाटो ग्राभल तथा स्तरोन्नती | गैरीगाउँ धाइजन पश्चिम वाटो ग्राभल तथा स्तरोन्नती | ११३.७३ | ४०१६ | ७ | २८११२ | 3654.6 | ३१७६७ | रसिद भएको ७.५ घ मि घटाएको |

| जम्मा | १४०३५९३.०० | 182467 | 1586060.09 | |
|---|---|---|---|---|

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,८६,०६० |

६६ **भवनको लिलाम**

बुद्धशान्ति गाँउपालिकाको सम्पत्ति तथा जिन्सी मालसामान लिलाम विक्री सम्वन्धी कार्यविधि, २०८० मिति २०८०।४।३२ मा कार्यपालिकावाट स्विकृत भै लागु भएको देखिन्छ । सो कार्यविधिको वुँदा नं १(च)मा घरजग्गा जस्ता स्थीर सम्पत्ति नेपाल सरकारको निर्णय वेगर लिलाम विक्री गर्न नहुने उल्लेख छ । सो दफाको प्रतिबन्धात्मक वाक्यांशमा पुरानो घर भत्काई नयाँ वनाउन कार्यविधि बमोजिम प्रकृया पुरा गरी लिलाम विक्री गर्न वाधा नपुग्ने उल्लेख छ । पालिकाले नया प्रशासनिक भवन निर्माण स्थलमा रहेको पुरानो स्वास्थय चौकी तथा कृषि भवन भत्काई लिला विक्रीका लागि रु ६३९१६६।००(मुअकर वाहेक) मुल्याङ्कन गरी वोलपत्रको माध्यमवाट लिलाम गरेको देखिन्छ। सो घर भत्काई लिलाम गर्दा पालिकाले नेपाल सरकारको निर्णय गरे गराएको छैन । उक्त भवन लिलाम साकारकर्ता कागेश्वरी निर्माण सेवाले कवोल अङ्क रु.६,३९,२०० दाखिला गरेको भएतापनी मुल्य अभिवृद्धि कर वापत हुने रु.८३,०९६।०० हाल सम्म दाखिला गरेको देखिएन । उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु...

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८३,०९६ |

६७ **प्राविधिक मूल्याङ्कन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार परीक्षण गर्ने त्रुटि सच्याउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटि देखिएमा सार्वजनिक निकायले सोको यकिन गरी समयमा नै दाबी गर्नुपर्ने तथा त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ ।पालिकाले यो वर्ष देहाय वमोजिमका कुल १२८ थान ग्यावियन जालीहरु खरिद गरेकोमा उक्त ग्याबियन जालीहरु सम्बन्धित योजनामा प्रयोग गरेको देखिने नापी किताब, कार्यसम्पन्न प्रतिबेदन तयार गरेको छैन । नगरपालिकाबाट ग्याबियन जाली सम्बन्धित योजनमा प्रयोग भएको चेनेज समेत खुलाई नापी किताब र कार्य सम्पन्न प्रतिबेदन पेस गर्नुपर्ने देखिएको रु...

| गोश्वरा भौचर मिति | खरिदको विवरण | आपुर्तक | संख्या | भुक्तानी रकम |
|---|---|---|---|---|
| ४२० २०८१।३।२३ | ग्यावियन जाली खरिद गरी वडा नं ५ लाई वुझाएको | पि एण्ड पि आइरन उद्योग | ३*१*.७५ को थान ६९ | २९८००० |
| ३८७ २०८१।३।२० | विभिन्न साइजका ह्युम पाइप खरिद | उत्कृष्ट सिमेन्ट कंक्रिट उद्योग प्राली | ३० सिएम २६ थान<br>४५ सिएम ३३थान र ६० सिएम ८ थान | ८०६२५५ |
| जम्मा | | | | ११०४२५५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,०४,२५५ |

६८ **ननफाईलर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८(१) मा करदाताले प्रत्येक महिना आफुले बुझाउनुपर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चिस दिन भित्र कर विवरण पेश गर्नुपर्ने ब्यबस्था छ। कार्यालयले देहाय निर्माण आपुर्तकलाई सामान खरिद कार्यको भुक्तानी दिएकोमा पेश भएको कर बिजक परीक्षण गर्दा गर्दा करदाता ननफाइलर देखिएको छ। तोकिएको समयमा कर बिबरण नबुझाउने करदातालाई मूल्य अभिवृद्धि कर भुक्तानी दिँदा राजश्व खातामा दाखिला नहुने हुदा मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्न लगाइ सो सम्बन्धमा पालिकाले एकिन गर्नुपर्दछ ।

| भौ नं मिति | निर्माण व्यवसायी | मुअकर नं | विजक रकम मुअकर वाहेक | विजक नं मिति | ७० प्रतिशत मुअकर | नन्नफाईलर |
|---|---|---|---|---|---|---|
| ९ २०८०।१२।८ | अंकित ब्रदर्स कन्सट्रक्सन एण्ड सप्लायर्स प्राली | ६१००३५५९७ | १६४४६०४ | ६ २०८०।१२।७ | १४९६५९ | २०८०/T/२ |
| १९ २०८१।२।४ | अंकित ब्रदर्स कन्सट्रक्सन एण्ड सप्लायर्स प्राली | ६१००३५५९७ | ९१४२१७ | १७ २०८१।२।४ | ८३१९४ | २०८०/T/२ |
| २० २०८१।२।२५ | अंकित ब्रदर्स कन्सट्रक्सन एण्ड सप्लायर्स प्राली | ६१००३५५९७ | ४४७८७७ | २०८१।२।२५ | ४०६५७ | २०८०/T/२ |
| २३ २०८१।३।११ | अंकित ब्रदर्स कन्सट्रक्सन एण्ड सप्लायर्स प्राली | ६१००३५५९७ | ४८७४१० | २०८१।३।११ | ४४३५४ | २०८०/T/२ |
| ९ २०८०।६।९ | भुमि हिमालयन जेभी | ६१६०३०९३४ | ३७११३८२ | १ २०८०।६।९ | ३३७७३६ | २०७८।३।२३ |
| ४३३ २०८१।३।२४ | भुमि हिमालयन जेभी | ६१६०३०९३४ | ५०१३१७ | २ २०८१।३।२४ | ४५६१९ | २०७८।३।२३ |
| १२ २०८०।१२।२० | एन्जस कन्सट्रक्सन प्राली | ६०९८८४८७० | १४७२१४८ | ११ २०८०।१२।१९ | ११४२०७ | २०८०/T/२ |
| १५ २०८१।१।२५ | एन्जस कन्सट्रक्सन प्राली | ६०९८८४८७० | १०८४२९५ | १५ २०८१।१।२५ | १४०९५८ | २०८०/T/२ |
| २५ २०८१।३।१६ | एन्जस कन्सट्रक्सन प्राली | ६०९८८४८७० | २५३७४८ | २०८१।३।१६ | २३०९१ | २०८०/T/२ |
| २९ २०८१।३।२३ | एन्जस कन्सट्रक्सन प्राली | ६०९८८४८७० | ११४२२०९ | २०८१।३।२३ | १०३३४१ | २०८०/T/२ |
| **जम्मा** | | | | | **१०८२८१६** | |

सैद्धान्तिक बेरुजु

## ६९ हराएको स्टिल पार्टस

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०)मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने, कुनै कारणवश सो समिति वा समुदाय आफैले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना सार्वजनिक निकायलाई दिनु पर्ने उल्लेख छ। त्यसैगरी उपनियम उपभोक्ता समिति वा लाभग्राही सॅमुदायले आफूले प्राप्त गरेको कुनै रकम दुरुपयोग गरेको पाइएमा सम्बन्धित सार्वजनिक निकायले छानविन गरी त्यस्तो रकम उपभोक्ता समितिका पदाधिकारीहरुबाट दामासाहीले सरकारी बाँकी सरह असुल उपर गर्नु पर्ने व्यवस्था छ । पालिकाले गत वर्ष गोश्वरा भौचर नं २८ मिति २०७९।७।२७ वाट रु २०१९९४६ तथा गोश्वरा भौचर नं ३ मिति २०७९।७।२९ वाट रु २३००००० समेत कुल रु ४३१९९४६ भुक्तानी गरी खरिद गरिएका स्टिल पार्टसहरु जोरवर एक्लेवर झोलुङ्गेपुल निर्माण उपभोक्ता समिति वुद्धशान्ति ७ झापालाई हस्तानतरण गरेको देखिन्छ । उल्लिखित मालसामानहरु जडान नगरेको कारणवाट देहायमा उल्लेखित मालसामानहरु हराएको जनाएको छ । उल्लिखित जिन्सी सामान वुझेर लगेको उपभोक्ता समिति जिम्मेवार नभएका कारणवाट सार्वजनिक सम्पत्तिको नोक्सान हुनुका साथै विकास निर्माण अलपत्र अवस्थामा रहेको देखियो ।यस सम्वन्धमा कार्यापालिकावाट समेत पटक पटक खोजिनिती गर्न सुरक्षा निकायलाई अनुरोध गरेकोमा हालसम्म भेटिएको अवस्था देखिएन । मालसामान वुझेर लाने तथा समयमा जडान नगर्ने उपभोक्ता समितिवाट उल्लेखित रकम असुल गरी वैकल्पिक व्यवस्थावाट निर्माण सम्पन्न गर्नुपर्ने देखिएको रु..

| Description | | Unit | Quantity | Rate | Cost |
|---|---|---|---|---|---|
| Supply & Fabrication | Structural Steel | kg | 3209.31 | 163.46 | 524599.27 |
| Rust Prevention | Hot Dip Galvanization | kg | 3113.31 | 68.79 | 214151.89 |
| Steel Deck | Structural Steel | kg | 1884.29 | 163.46 | 308009.57 |
| Rust Prevention | Hot Dip Galvanization | kg | 1884.29 | 68.79 | 129612.76 |
| Bolts, Nut and Washers | HSFG Bolts, Nut and Washers of 8.8 Grade | kg | 4.32 | 264.00 | 1140.48 |
| **Total on Steel Parts & Fixtures** | | | | | **1177513.97** |
| **Total with vat** | | | | | **1330590.79** |

| असुल गर्नुपर्ने | १३,३०,५९०.७९ |
|---|---|

७० **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्य नियमावली, २०७७ को नियम ३९ (१० ) मा जिम्मेवार ब्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि आबश्क बिल भरपाई वा कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था छ ।पालिकाले गोभौ नं ४१९ मिति २०८१।३।२३ वाट हडिया खोलामा फलामे पुल निर्माण कार्यका लागि उपभोक्ता समिति मार्फत निर्माण कार्य गरी रु ७७९६२२ प्राविधिक मुल्याङ्कन वमोजिम रु ७७२९८५ (उपभोक्ताको सहभागिता ८१५०० समेत) भुक्तानी भएको छ । उक्त पुलमा फलामको परिमाण कुल २३३३ केजी तथा टिएमटि वारको परिमाण ५१६ केजी खपत भएकोमा उपभोक्ता समितिले २२७२ तथा ४१२ केजीमात्र खरिद गरेको देखिएकाले वास्तविक रुपमा नलागेको फलामको परिमाण वमोजिम हुने रु २३०४३ मध्ये उपभोक्ताको अंश कट्टा गरी हुने रु २०,७३९ हडिया खोलामा फलामे पुल तथा वाटो मर्मत उपभोक्ता समितिवाट असुल गर्नुपर्ने देखिएको रु...

| असुल गर्नुपर्ने | २०,७३९ |
|---|---|

७१ **खारखोला कृषिमार्ग**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले यो वर्ष खारखोला कृषि मार्ग सडक स्तरोन्नती गर्ने कार्यको लागि उपभोक्ता समिति सँग सम्झौता गरी गोभौ नं ३५७ मिति २०८१।३।१७मा कुद्य रु १६६२६३ मुल्याङकन गरी रु १४८५०० भुक्तानी गरेको छ । उक्त प्राविधिक मुल्याङ्कनमा ४७।२५ घनमिटर जालीमा ढुङ्गा भर्ने कार्यको लागि प्रतिघनमिटर २७०० का दरले रु १२७५७५ समेत समावेश भएको छ । पालिकाले जाली भर्ने कार्यको मात्र मुल्याङ्कन गरेको जाली प्रदान गरिएको स्रोत एकिन गरेको छैन । यसवाट अन्य निकायवाट ढुङ्गा भर्नेगरी जाली प्राप्त गरेको समेत हुन सक्ने भएकाले सो सम्वन्धमा एकिन गर्न सकिएन । जालीको उपलब्धता वेगर ढुङ्गा भर्ने कार्यमा मात्रै भुक्तानी गरेको सम्वन्धमा पालिकावाट यकिन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७२ **चेपेगौडा वाटो निर्माण**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले यो वर्ष चेपेगौडा वाटो निर्माणका लागि उपभोक्ता समिति मार्फत निर्माण कार्य गर्नेगरी सम्झौता गरेको छ । उक्त निर्माण कार्य गरी गोश्वारा भौचर नं ३४० मिति २०८१।३।१४ वाट रु ३,३५,०९६ को प्राविधिक मुल्याङ्कन गरी रु.२,९७,००० भुक्तानी गरेको देखिन्छ । उक्त सडकको चेनेज 0+000देखी ४६० मिटर सम्मको वाटो खन्ने कार्यको लागि प्रतिघनमिटर रु८० का दरले रु.१,६४,०४८ तथा laying of excavated earth on roadway समेत सोही परिमाण र दरका आधारमा रु.१,६४,०४८ को

प्राविधिक मुल्याङ्कन तयार गरेको देखिन्छ। सडक विभागको नर्म्स वमोजिम वाटो खन्ने तथा ३० मिटर सम्म खनेको वाटो पुर्ने कार्यको एकै कार्यमा समावेश हुने भएकाले पुन लेईङ्ग कार्यमा समेत सोही दरका आधारमा भुक्तानी गर्न मिल्ने देखिएन । लेईङ्गमा भुक्तानी गरेको सम्वन्धमा पालिकावाट एकिन गरी वढि भुक्तानी भएको ९० प्रतिशतले हुने रकम असुल गर्नुपर्ने देखिएको रु......१,४७,६४३

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४७,६४३ |

७३ **नभएको कार्यको भुक्तानी** (38-२०८०-९-४):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले देविथान मार्ग ग्रावेलको लागि देवीथान मार्ग ग्रावेल उपभोक्ता समितिलाई ४६४ मिटरमा इक्साभेसन र ४६४ मिटर लम्बाईमा ग्रावेलको कार्य गर्ने गरी लागत अनुमान तयार गरेको र सो बमोजिम ४४५ मिटर लम्बाईमा एक्साभेसनको कार्य गरेकोमा ४६८ मिटर लम्बाईमा ग्रावेलको कार्य गरेको नापि किताबमा नापि गरेको देखिन्छ । तर लागत अनुमान गर्दा बराबर लम्बाईमा एक्साभेसन र ग्रावेलको कार्य गर्ने गरी तयार गरेकोमा ४४५ मिटर लम्बाईमा एक्साभेसन भएकोमा ४६८ मिटरमा ग्रावेलको कार्य गरेको उल्लेख गरेको विश्वसनिय देखिदैन । यसबाट २३ मिटर लम्बाई,३.६ मिटर चौडाई र ०.१३ मिटर उचाईमा ग्रावेलको कार्य भएको नदेखिएकोले उक्त १०.७६४ घनमिटर ग्रावेलको प्रति घनमिटर रु.८७२ ले हुने रु.९३८९.०० तारजालि तथा ह्युमपाई रु.४९९१८८.०० देवीथान मार्ग ग्रावेल उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,३८९ |

७४ **सार्वजनिक सुनुवाई**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई कार्य २०८१।२।१४ परामर्शदाता खवर मञ्च मेडिषा प्राली मार्फत गराई रु.२,००,०००।०० भुक्तानी भएको देखिन्छ । सार्वजनिक सुनुवाई प्रतिवेदन वमोजिम कार्यक्रम संचालन गर्दा सेवाग्राहीमा सूचनाको पहुच कम भएको, योजना संचालन गर्दा टोलटोल वाट संकलन नभएको, विकास कार्यक्रम ढिला कार्यान्वियन भएको तथा सुस्त गतिमा भएकोलगायतका २९ विषयमा सुझाव कार्यान्यिन गर्नुपर्ने देखियो । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७५ **कार्यालयको काममा उपभोक्ता**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। पालिकाले आफै निर्माण गर्नुपर्ने आफ्नै भवन निर्माण तथा मर्मतको काम उपभोक्ता समितिमार्फत् गराइ देहायअनुसार रु.४१,४४,६०४ खर्च गरेको छ । उपभोक्ता समितिमार्फत् कार्य गराउँदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र अनिवार्यरुपमा पालिकाले नै गर्नुपर्ने कार्यहरु उपभोक्ता समितिमार्फत् गराएको पाइयो । नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी उपभोक्ता समितिमार्फत् सरकारी भवनहरु निर्माण तथा मर्मत कार्य गराउनु अनियमित देखिएको रु..

| सिन | कामको विवरण | खर्च शिर्षक | बजेट | भुक्तानी |
|---|---|---|---|---|
| | वडा नं १ को कार्यालय घेराबारा | ३११५९ | १५,००,०००.०० | १५,००,०००.०० |
| १ | वडा नं ३ को कार्यालय घेराबारा | ३११५९ | १५,००,०००.०० | १४,५८,८७६.०० |
| २ | नं वडा कार्यालय माथि ट्रष्ट लगाउने तथा निर्माणाधिन भवन मर्मत | ३११५९ | १०,००,०००.०० | ९,९०,०००.०० |
| ३ | खोपकेन्द्र भवन निर्माण | ३११५९ | २,००,०००.०० | १,९५,७२८.०० |
| **जम्मा** | | | | **४१,४४,६०४।००** |

| अनियमित भएको | ४१,४४,६०४ |
|---|---|

७६ **तार जालि तथा ह्युमपाइप खरिद** (31-२०८०-८-१२):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले तारजालि तथा ह्युमपाईप रु.४९९१८८.०० को खरिद गरेकोमा सोको जडान गरेको देखिएन । तसर्थ उक्त तारजालि तथा ह्युमपाइप सम्बन्धित लाभग्राहीलाई हन्तान्तरण गरेको र उक्त सामाग्री सम्बन्धित लाभग्राहीले जडान गरेको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ४,९९,१८८ |
|---|---|

७७ **एकमुष्ट नापि** (143-२०८१-३-१२):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडा न ४ का विभिन्न स्थानमा सरसफाई गरेको जनाइ विभिन्न १९ जना व्यक्तिको ज्याला वापत रु.१२५९१८०.०० खर्च गरेकोमा उक्त कार्यको नापि काताबमा चेनेज नखुलाई एकमुष्ट १३१०४०.५० घनमिटरको प्रति घनमिटर रु.६.५० को दरले रु.८५१७६३.२५ को कार्य भएको जनाएको छ । नापि किताबमा ५०० मिटर लम्बाई र १९४ मिटर चौडाइमा कार्य गरेको समेत उल्लेख गरेको छ । तर उक्त कार्य कहाँ गरेको र १९४ मिटर चौडाई अर्थात ६३६ फिट चौडाइ रहेको सकड कुन कुन स्थानमा रहेको सोको कुनै खुलासा नगरी एकमुष्ट नापि गरेकोले उक्त कार्यको चेनेज खुल्ने गरी नापि सहितको अनुगमन तथा कार्य सम्पन्न पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ८,५१,७६३ |
|---|---|

७८ **नविकरणीय प्रविधि जडान** (33-२०८१-३-२३):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले यस वर्ष नविकरणिय प्रविधि जडान कार्यक्रम अन्तर्गत ७ वटा वडामा इन्डक्सन चुलो वितरणको लागि २२१ वटा चुलो प्रति इकाइ रु.३२०३.००(मुअकर बाहेक) को दरले रु.७,९९,९९७.००(मुअकर सहित) मा खरिद गरेकोमा उक्त चुलो सम्बन्धित लाभग्राहीलाई हन्तान्तरण गरेको र उक्त चुलो सम्बन्धित लाभग्राहीले जडान गरेको कार्य सम्पन्न प्रतिवेदन पेश गरेको नदेखिएकोले इन्डक्सन चुलो प्राप्त गर्ने लाभग्राही छनौट प्रक्रिया र वितरण गरेको भरपाई पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ७,९९,९९७ |
|---|---|

७९ **नभएको कार्यको भुक्तानी** (95-२०८०-११-८):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने

व्यवस्था रहेको छ। पालिकाले जरेवर पर्यटकिय क्षेत्रको अधुरो निर्माण कार्यको लागि रु.४,९४,७९९.०० जरेवर पर्यटकिय क्षेत्रको अधुरो निर्माण कार्य उपभोक्ता समितिलाई भुक्तानी गरेको छ । उक्त निर्माण कार्यको नापि किताब बमोजिम ३५ मिटर लम्बाइमा ८ मिटर चौडाईको बल्क विछ्याउने कार्य भएकोमा उक्त कार्यको सम्पन्न भएको फोटोको चौडाईमा २४ वटा ब्लक अर्थात जम्मा ६ मिटर चौडाईमा मात्र कार्य गरेको देखिन्छ । तर नापी किताबमा ८ मिटर चौडाई मापन गरी सोहि बमोजिम रकम भुक्तानी गरेकोले वास्तविक भन्दा २ मिटर चौडाई बढी मापन गरी ३५ मिटरको प्रति मिटर रु.१५०० को दरले रु.१,०५,०००.०० बढी कार्य देखाएकोले पालिकाको ५० प्रतिशतले हुने लागत साझेदारीको रकम रु.५३५००.०० जरेवर पर्यटकिय क्षेत्रको अधुरो निर्माण कार्य उपभोक्ता समिति वा जिम्मेवार व्यक्तिबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५२,५०० |

८० **एचडिपि पाइप खरिद** (88-२०८०-११-३):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले विभिन्न स्थानमा पाइप जडान गर्नको लागि रु.१०६५३०५.०० को एचडिपि पाइप खरिद गरेकोमा सोको जडान गरेको देखिएन । तसर्थ उक्त पाइप सम्बन्धित लाभग्राहीलाई हन्तान्तरण गरेको र उक्त सामाग्री सम्बन्धित लाभग्राहीले जडान गरेको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,६५,३०५ |

८१ **नापी किताव**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले निम्नानुसारका गो भौ नं र मितिबाट ह्युमपाइप तथा तारजाली लगायतका सामग्री खरिद गरी जिन्सी दाखिला गरेको तर चेनेज खुलाई नापी कितावमा चढाएको नापी किताव पेश नभएकोले उक्त सामाग्री जडान भएको योजना तथा चेनेज खुलाई खरिद परिमाण वरावरको तारजाली तथा ह्युमपाइप जडान भएको नापी किताव पेश हुनुपर्ने रु.

| क्रम संख्या | ब उ शि नं | गो भौ नं मिति | खरिद फर्मको नाम | खरिद विवरण | रकम |
|---|---|---|---|---|---|
| 1. | गाउँपालिका चालु | १२१९।२०८१।३।२३ | पि एण्ड पि आइरन उद्योग | तारजाली खरिद | ५०४५९४.०० |
| 2. | गाउँपालिका चालु | १०८८।२०८१।३।१६ | दक्षिणकाली प्लाष्टिक इन्डष्ट्रिज प्रा ली | पाइप खरिद | ५४४३३०.०० |
| **जम्मा** | | | | | **१०,४८,९२४.००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,४८,९२४ |

८२ **अतिरिक्त क्रियाकलाप सञ्चालन**

८२.१ (31-२०८०-१२-१४):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च लेख्नु अघि जिम्मेवार व्यक्तिले त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाले २०८०।१०।०५ देखि २०८०।१०।०७ गते सम्म भलिबल,कवडी, एथलेटिक्स लागायतका कार्यक्रममा विभिन्न कर्मचारी,शिक्षक तथा अन्य समितिका व्यक्तिहरु सहभागि भए वापत दिनको रु.५०० को दरले विभिन्न व्यक्तिलाई रु.६७,०००.०० भुक्तानी गरेको छ । खेलकुद कार्यक्रममा उपस्थिति भएको जनाई यातायात वापत भुक्तानी गर्न मिल्ने कानूनी व्यवस्था नदेखिएकोले उक्त रकम कार्यक्रम सञ्चालक श्री झल्का अधिकारीबाट असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६७,००० |

८२.२ (31-२०८०-१२-१४):

मुल्य अभिबृद्धि कर नियमावली,२०५३ को नियम ५६ बमोजिम नेपाल सरकार,संवैधानिक निकाय वा प्रदेश वा नेपाल सरकार वा प्रदेश अन्तर्गतको कुनै सरकारी निकाय वा सङगठित संस्था वा स्थानीय तहले नेपालभित्र एक पटकमा बीस हजार रुपैयाँभन्दा बढीको कर लाग्ने वस्तु वा सेवाको खरिद गर्दा दर्ता भएको व्यक्तिसँग मात्र खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले २०८०।१०।०५ देखि २०८०।१०।०७ गते सम्म भलिबल,कवडी, एथलेटिक्स लागायतका कार्यक्रमको लागि रु.६,२१,६०७।००(गोश्वरा भौचर नं७४ बाट रु.१ लाख सहित) खर्च गरेकोमा लवज डिजाइनिङ तथा गिफ्ट कर्नरलाई विभिन्न सामाग्रि खरिद गरे वापत रु.१५६९३५.००(विभिन्न पान बील बमोजिम) भुक्तानी गरेकोमा मुल्य अभिबृद्धि करमा दर्ता नभएको फर्मसंग खरिद गरेको रकम नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,५६,९३५ |

८३ **ह्युमपाइप तथा तारजालि खरिद** (45-२०८०-९-१३):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले वडा न.१ का विभिन्न स्थानमा ह्युमपाइप जडान गर्नको लागि तारजालि तथा ह्युमपाईप रु.४९९१९४.०० को खरिद गरेकोमा सोको जडान गरेको देखिएन । तसर्थ उक्त तारजालि तथा ह्युमपाइप सम्बन्धित लाभग्राहीलाई हन्तान्तरण गरेको र उक्त सामाग्री सम्बन्धित लाभग्राहीले जडान गरेको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९९,१९४ |

८४ **पाइप वोरिङ्ग तथा इनार सिचाईः नर्म्स फरक पारी बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) मा सार्वजनिक निकायले उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा निर्माण कार्य वा सेवाको प्रकृति, परिमाण, लागत अनुमान, उपभोक्ता समितिले व्यहोर्नुपर्ने रकम, कार्य सम्पन्न गर्नुपर्ने अवधि लगायतका कुराहरु उल्लेख गरी सम्झौता गर्नुपर्ने व्यवस्था छ भने नियम ९७(४) मा निर्माण कार्यको भुक्तानी दिँदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने उल्लेख छ। पालिकाले कृषकहरुलाई इनार वोरिङ्ग तथा पाइप वोरिङ्ग कार्यक्रम अन्तर्गत पाइप वोरिङ्ग जडान कार्यको लागि लागि वोर होल खन्ने कार्यको स्वीकृत जिल्ला दररेट अनुसार प्रति रनिङ्ग मिटर रु.३९७।०० को दरले भुक्तानी दिनुपर्नेमा पालिकाले छुटै दररेट निर्धारण गरी ३ मिटरसम्म प्रति रनिङ्ग मिटर रु.२००० तथा सो भन्दा माथीप्र ति रनिङ्ग मिटर रु.४००० को दरले भुक्तानी दिएको पाइयो। साथै इनार वोरिङ्ग कार्यको लागि २० देखि ३० फिट गहिराईसम्मको लागि स्वीकृत जिल्ला दररेट अनुसार प्रति रनिङ्ग मिटर २२६८ को दरले भुक्तानी दिनुपर्ने सो कार्यको लागि पनि पालिकाले छुट्टै (बढी) दररेट कायम गरी भुक्तानी दिएको पाइयो। साथै इनार सिचाईको कार्यमा खनेको गहिराईभन्दा बढी रिङ्ग संख्या दिएको तथा खन्ने तथा रिङ्ग राख्ने सहितको जिल्ला दररेट स्वीकृत भएकोमा रिङ्ग राखेको समेत छुट्टै भुक्तानी दिंदा निम्नानुसारका उपभोक्ता समितिलाई बढी भुक्तानी भएको पाइएकोले बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असूल हुनुपर्ने रु.

| क्रम संख्या | ब उ शि नं | गो भौ नं मिति | उपभोक्ता समितिको नाम | वढी भुक्तानी रकम | कर कट्टी पछिको बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|
| 1. | गा.पा. पूँजीगत | २२०। २०८१।१। २७ | इन्दु इधिङ्गोको घर अगाडी इनार सिचाईं | ८७७५६.०० | ७८९८०.०० | रिङ्ग राखेको, ३ वटा रिङ्ग संख्या बढी देखाएको तथा बढी दरमा इनार खनेको |
| 2. | गा.पा. पूँजीगत | २२६। २०८१।१। ३१ | पाइप वोरिङ्ग शान्ति टोल उ स | ४२६११.०० | ३८३७७.०० | बढी दरमा वोर होल खनेको |
| 3. | गा.पा. पूँजीगत | २८६। २०८१।२। २५ | सुहाङ चोक इनार सिचाईं आयोजना उ स | ८३५६७.०० | ७८२१४.०० | रिङ्ग राखेको, २ वटा रिङ्ग संख्या बढी देखाएको तथा बढी दरमा इनार खनेको |
| 4. | गा.पा. चालु | १०५०। २०८१।३। १० | किनारा वस्ती खानेपानी तथा सरसफाई उ स | | ८२२८६.०० | रिङ्ग राखेको, ७ वटा रिङ्ग संख्या बढी देखाएको तथा बढी दरमा इनार खनेको |
| **जम्मा** | | | | | **२७७८५७.००** | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,७७,८५७ |

## ८५ अन्य संघ संस्थावाट तालिम गोष्ठी अभिमुखीकरण लगायतका कार्यक्रम संचालन

८५.१ सार्वजनिक निकायद्धारा संचालन गरिने तालिम, सेमिनार, गोष्ठी¸कार्यशाला लगायतका कार्यक्रममा खर्च गर्दा अर्थ मन्त्रालयद्वारा जारी कार्य संचालन निर्देशिका, २०७७ मा तोकिए वमोजिमको दरमा खर्च गर्नुपर्ने उल्लेख छ। सार्वजनिक निकायले यस किसिमका तालिम, गोष्ठी, सेमिनार तथा अभिमुखीकरण तालिम लगायतका कार्यक्रम गर्दा निर्देशिकाले तोके अनुसारको दरमा सम्पूर्ण खर्च रकमको लागत अनुमान तयार गरी कार्यालय प्रमुखवाट स्वीकृत गराई सोही अनुसार कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक निकायले विविध कारणले कार्यक्रम संचालन गर्न नसक्ने अवस्थामा समेत लागत अनुमान तयार गरी सोही लागत अनुमानको परिधिभित्र रही सुचिकृत फर्मसँग प्रस्ताव माग गरी पेश भएका प्रस्ताव मध्येवाट उपयुक्त प्रस्ताव छनौट गर्नुपर्नेमा पालिकाले संचालन गरेका अधिकांश तालिम¸गोष्ठी तथा सेमिनारमा पालिकाले लागत अनुमान तयार नगरी फर्मसँग प्रस्ताव माग गरी कार्यक्रम संचालन गर्दा संचालन भएका अधिकांश कार्यक्रममा कार्य संचालन निर्देशिकाको पालना भएको देखिएन। पालिकाले आफ्नो लागत अनुमान तयार गरी विभिन्न फर्मसँग प्रस्ताव माग गरी सोही प्रस्तावको आधारमा तालिम¸गोष्ठी तथा सेमिनार सञ्चालन गर्नुपर्दछ ।

| क्रम संख्या | गो.भौ.नं मिति | कार्यक्रम | फर्मको नाम | भुक्तानी रकम |
|---|---|---|---|---|
| 1. | १२०७६।२०८१। ३।२३ | मोटर ड्राइभिङ्ग तालिम | फोकस पोइन्ट ड्राइभिङ्ग इन्स्टिच्युट | २२७११०.०० |
| 2. | ११५२।२०८१।३। १९ | हलुका सवारी चालक तालिम | फोकस पोइन्ट ड्राइभिङ्ग इन्स्टिच्युट | २४९८००.०० |
| 3. | ११७७।२०८१।३। २० | वडा नं २ को हलुका सवारी चालक तालिम | फोकस पोइन्ट ड्राइभिङ्ग इन्स्टिच्युट | ३५३८००.०० |
| 4. | १२१३।२०८१।३। २३ | वरिष्टा कफी वनाउने तालिम | द गोल्ड वेकरी उद्योग | २१६०००.०० |
| 5. | ११९३।२०८१।३। २२ | वेसिक व्युटिसियन तालिम | विपुला व्युटी पार्लर | १४००००.०० |
| 6. | ११७६।२०८१।३। २० | तालिम कार्यक्रम | सेम्पल एजुकेशन एण्ड टेक्निकल इन्स्टिच्युट प्रा लि | १३६०००.०० |
| 7. | १७५।२०८१।३। २० | वडा नं ४ कम्प्युटर तालिम | सेम्पल एजुकेशन एण्ड टेक्निकल इन्स्टिच्युट प्रा लि | ३६३९००.०० |
| 8. | ११६८।२०८१।३। २० | वडा नं २ र ६ को कम्प्युटर तथा एयर कन्डिसनर रेफ्रिजेरेटर तालिम | सेम्पल एजुकेशन एण्ड टेक्निकल इन्स्टिच्युट प्रा लि | २९००००.०० |
| 9. | १०८४।२०८१।३। १४ | साइवर क्राइम तथा दुर्व्यसनी विरुद्धको जनचेतना | सेम्पल एजुकेशन एण्ड टेक्निकल इन्स्टिच्युट प्रा लि | ७५०००.०० |
| 10. | ११६४।२०८१।३। २० | हलुका सवारी चालक तालिम | हाम्रो मोटर ड्राइभिङ्ग सेन्टर | २०००००.०० |
| 11. | ११५०।२२०८१। ३।१९ | वडा नं ७ कम्प्युटर तालिम | बुधवारे फोकस पोइन्ट कन्सल्टेन्सी प्रा ली | २६२२००.०० |
| 12. | ११३१।२०८१।३। १८ | कम्प्युटर तालिम वडा नं ५ | प्रोलिफिक कम्प्युटर सिस्टम | २८७०००.०० |
| **जम्मा** | | | | **२८,००,८१०.००** |

सैद्धान्तिक बेरुजु

८५.२ बढी दरमा तालिम सञ्चालनः माथी उल्लेखित विभिन्न फर्मबाट सञ्चालित तालिमहरुको पालिकाले लागत अनुमान तयार नगरी फर्मबाट कोटेशन माग गरी सोही कोटेशनको आधारमा तालिम सञ्चालन गरेकोमा क्रम संख्या १२ को वडा नं ५ को ३ महिने कम्प्युटर तालिमको लागि प्रति व्यक्ति मू अ कर समेत रु.९२००।०० प्रस्ताव गरी ३० जना विद्यार्थीको रु.२,८७,०००।०० भुक्तानी भएको पाइयो। पालिका तथा अन्य वडाहरुले सञ्चालन गरेको सोही प्रकृतिका अन्य कम्प्यूटर तालिमहरु प्रति व्यक्ति अधिकतम रु.४,०००।०० मा सञ्चालन भएकोमा यसरी अधिक दररेट पेश गर्ने फर्मलाई जिम्मेवार बनाई रु.४००० लाई आधार लिई बाँकी रकम प्रति व्यक्ति रु.५२०० को दरले अन्य तालिमहरुको तुलनामा बढी भुक्तानी भएको रकम सम्बन्धित फर्मबाट असूल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | १,५६,००० |
|---|---|


https://nams.oag.gov.np

८६ **कर छुट**

आयकर ऐन, २०५८ को दफा ८८ (१) अनुसार बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत,भाडा,रोयल्टी, सेवा शुल्क, कमिशन, बिक्रि बोनस, अवकाश भुक्तानी र अन्य कुनै प्रतिफल तथा अवकाश भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न फर्मबाट सञ्चालन गरेका निम्नानुसारका तालिम कार्यक्रममा तालिम सञ्चालन गर्ने फर्मले पान विल जारी गरेको अवस्थामा सेवा शुल्क वापत १५ प्रतिशत कर कट्टी गरी भुक्तानी दिनुपर्नेमा घटी कर कट्टी गरी भुक्तानी दिएको पाइएकोले निम्नानुसारको नपुग कर रकम सम्बन्धित फर्मबाट असूल हुनुपर्ने रु.

| क्रम संख्या | गो.भौ.नं मिति | कार्यक्रम | फर्मको नाम | भुक्तानी रकम | कर कट्टी हुनुपर्ने रकम | नपुग कर रकम |
|---|---|---|---|---|---|---|
| 1. | १२०७६। २०८१।३।२३ | मोटर ड्राइभिङ्ग तालिम | फोकस पोइन्ट ड्राइभिङ्ग इन्स्टिच्युट | २२७११०.०० | ४५४३५.०० | ४०८९१.०० |
| 2. | १२१३। २०८१।३।२३ | वरिष्टा कफी वनाउने तालिम | द गोल्ड वेकरी उद्योग | २१६०००.०० | ३२४००.०० | २९१६०.०० |
| 3. | ११९३। २०८१।३।२२ | वेसिक व्युटिसियन तालिम | विपुला व्युटी पार्लर | १४००००.०० | २१०००.०० | १८९००.०० |
| 4. | ११७७। २०८१।३।२० | वडा नं २ को हलुका सवारी चालक तालिम | फोकस पोइन्ट ड्राइभिङ्ग इन्स्टिच्युट | ३५३८००.०० | ५२९२०.०० | ४७६२८.०० |
| 5. | ११७६। २०८१।३।२० | तालिम कार्यक्रम | सेम्पल एजुकेशन एण्ड टेक्निकल इन्स्टिच्युट प्रा लि | १३६०००.०० | २०४०० | १८३६०.०० |
| 6. | १७५।२०८१। ३।२० | वडा नं ४ कम्प्युटर तालिम | सेम्पल एजुकेशन एण्ड टेक्निकल इन्स्टिच्युट प्रा लि | ३६३९००.०० | ५४५८५.०० | ४९१२७.०० |
| 7. | ११६८। २०८१।३।२० | वडा नं २ र ६ को कम्प्युटर तथा एयर कन्डिसनर रेफ्रिजेरेटर तालिम | सेम्पल एजुकेशन एण्ड टेक्निकल इन्स्टिच्युट प्रा लि | २९००००.०० | ४३६४७.०० | ३९२८२.०० |
| 8. | ११६४। २०८१।३।२० | हलुका सवारी चालक तालिम | हाम्रो मोटर ड्राइभिङ्ग सेन्टर | २०००००.०० | ३००००.०० | २७०००.०० |
| 9. | ११५२। २०८१।३।१९ | हलुका सवारी चालक तालिम | फोकस पोइन्ट ड्राइभिङ्ग इन्स्टिच्युट | २४९८००.०० | ३७४७०.०० | ३५२२३.०० |
| 10. | ११५०। २२०८१।३। १९ | वडा नं ७ कम्प्युटर तालिम | बुधवारे फोकस पोइन्ट कन्सल्टेन्सी प्रा ली | २६२२००.०० | ३९३३०.०० | ३५३९७.०० |
| 11. | १०८४। २०८१।३।१४ | साइवर क्राइम तथा दुर्व्यसनी विरुद्धको जनचेतना | सेम्पल एजुकेशन एण्ड टेक्निकल इन्स्टिच्युट प्रा लि | ७५०००.०० | ११२५०.०० | १०१२५.०० |
| 12. | १०६१। २०८१।३।१३ | रेडियो कार्यक्रम उत्पादन तथा प्रशारण | टाइम्स मिडिया प्रा ली | ५००००.०० | ७५००.०० | ६७५०.०० |
| **जम्मा** | | | | | | **३,५७,८४३.००** |

| असुल गर्नुपर्ने | ३,५७,८४३ |
|---|---|

८७ **नर्म्स फरक पारी बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) मा सार्वजनिक निकायले उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा निर्माण कार्य वा सेवाको प्रकृति, परिमाण, लागत अनुमान, उपभोक्ता समितिले व्यहोर्नुपर्ने रकम, कार्य सम्पन्न गर्नुपर्ने अवधि लगायतका कुराहरु उल्लेख गरी सम्झौता गर्नुपर्ने व्यवस्था छ भने नियम ९७(४) मा निर्माण कार्यको भुक्तानी दिँदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने उल्लेख छ। पालिकाले उपभोक्ता समितिमार्फत निर्माण कार्य गराएको बाटो तथा बाटोसँग सम्बन्धित निम्नानुसारका योजनामा लागत अनुमान बनाउँदा सडक विभागले जारी गरेको Norms for Rate analysis for road and bridge works २०७५ को नर्म्स नम्बर २४.४१ र २०.४ प्रयोग गरी दर विश्लेषण गर्नुपर्नेमा फरक नर्म्सको प्रयोग गरी लागत अनुमान तयार गरेको पाइयो। यसरी फरक नर्म्सको प्रयोग गरी लागत अनुमान तयार गरी निर्माण कार्य सम्पन्न भएका योजनाहरुमा बास्तविक हुनुपर्नेभन्दा बढी भुक्तानी भएको निम्नानुसारको रकम सम्बन्धित उपभोक्ता समितिबाट असूल हुनुपर्ने रु.

| **क्रम संख्या** | **गो भौ नं मिति** | **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **परिमाण** | **फरक दर** | **रकम** | **उपभोक्ता समितिको अंश कट्टी पछिको बढी भुक्तानी** |
|---|---|---|---|---|---|---|---|
| | २१४।२०८१।१।२५ | श्री कृषि सुधार सुब्वा तथा गिद्दे विरिङ्ग पैनी सिचाई जल उ स | Plum Concrete | 41.59 | 1014.33 | 42185.98 | 29530 |
| 2. | २६२।२०८१।२।१७ | संसद मार्ग स्तरोन्नती तथा ड्रेन निर्माण उ स | pcc 1:2:4 | 5.66 | 1905 | 10782.30 | 9704 |
| 3. | २६४।२०८१।२।१७ | नागेश्वरी डाँडाबाट फाम्फुले जाने बाटो ड्रेन विस्तार | pcc 1:2:4 | 6.37 | 1905 | 12134.85 | 10921 |
| 4. | २६५।२०८१।२।१८ | एनसेल मार्ग विच बाट दक्षिण र सिरान बाट दक्षिण ड्रेन निर्माण उ स | pcc 1:2:4 | 11.88 | 1905 | 22631.40 | 20368 |
| 5. | २६६।२०८१।२।१८ | श्री नारदे पैनी उ स | pcc 1:2:4 | 18.93 | 1905 | 36061.65 | 32455 |
| **जम्मा** | | | | | | | **102979** |

| असुल गर्नुपर्ने | १,०२,९७८ |
|---|---|

## ८८ आन्तरिक लेखापरीक्षण वेरुजू

८८.१ जिन्सी दाखिलाः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७८ को उप नियम १ मा कार्यालयले आफूले खरिद गरेको, निर्माण गरेको वा अन्य कुनै माध्यमबाट प्राप्त गरेको चल अचल मालसामान तथा सम्पतिको लेखा त्यस्तो मालसामान तथा सम्पतिको खरिद मूल्यको आधारमा राख्नू पर्नेछ भन्ने उल्लेख छ । त्यसरी नै उपनियम २ मा उपनियम १ बमोजिम अभिलेख राख्दा एकपटक प्रयोग भैसकेपछी पुन सोहि रुपमा प्रयोगमा आउन नसक्ने सामान्यतया एक बर्ष भन्दा बढी अवधि टिकाउ नहुने वा प्रति एकाइ मूल्य पाँच हजार रुपैयाँसम्म पर्ने मालसामान तथा सम्पतिलाई खर्च भएर जाने र एक बर्षभन्दा बढी अवधि टिकाउ हुने वा प्रति एकाइ मूल्य पाँच हजार रुपैया भन्दा बढी रकम पर्ने मालसामान तथा सम्पतिको लेखा खर्च भएर नजाने खातामा अभिलेख राख्नु पर्नेछ भनि उल्लेख छ। अस्पतालले खरिद विभिन्न मितिमा खरिद गरेका निम्नानुसारका सामाग्री नियमावलीमा भएको व्यवस्था अनुसार जिन्सी दाखिला भएको नपाइएकोले जिन्सी दाखिला गरी सो को प्रमाण पेश गर्नुपर्ने रु.

| क्रम संख्या | गो भौ नं मिति | खरिद विवरण | फर्मको नाम | भुक्तानी रकम |
|---|---|---|---|---|
| 1. | ९।२०८०/०५/०१ | अस्पताल व्यवस्थापन सफ्टवेयर | डी-कोड टेक्नोलोजी प्रा लि | ७५०००.०० |
| 2. | १८।२०८०/०५/२२ | फर्निचर | युनाइटेड ट्रेड एण्ड सप्लायर्स | ८३२३५.०० |
| 3. | १८।२०८०/०५/२२ | फर्निचर | खगेन्द्र काष्ठ फर्निचर उद्योग | ४८००२.०० |
| 4. | ४४।२०८०/०७/०३ | मशलन्द तथा कार्यालय सामाग्री | | ७३८७५.०० |
| **जम्मा** | | | | **२८०११२.००** |

| प्रमाण पेश नगरेको | २,८०,११२ |
|---|---|

८८.२ दररेट माग नगरी खरिद कार्यः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(४) मा सार्वजनिक निकायले एक लाख रुपैयाँभन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीन वटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्नेछ भन्ने उल्लेख छ। तर अस्पतालले खरिद नियमावलीको उक्त प्रावधान विपरित निम्नानुसारको रु.२,२६,८९५।०० वरावरको खरिदमा तीन वटा आपूर्तिकर्ताबाट लिखित रुपमा दरभाउपत्र माग गरेको पाइएन। यसरी खरिद नियमावलीको व्यवस्था पालना नगरी गरेको खरिद कार्य नियमसम्मत नदेखिएको रु.

| क्रम संख्या | गो भौ नं मिति | खरिद विवरण | फर्मको नाम | भुक्तानी रकम |
|---|---|---|---|---|
| 1. | ५६।२०८०/०८/०१ | छपाई सामाग्री | श्री नयाँ हिमाल अफसेट प्रेस | ११९७५०.०० |
| 2. | ७०।२०८०/०९/२४ | मेशीन औजार तथा उपकरण | सुरक्षा इन्टरनेशनल प्रालिबाट | १०७१४५.०० |
| **जम्मा** | | | | **२२६८९५.००** |

| अनियमित भएको | २,२६,८९५ |
|---|---|

८८.३ कर दाखिलाः आयकर ऐन २०५८ को दफा ९० को उपदफा १ मा अग्रीम कर कट्टी गर्नु पर्ने प्रत्येक व्यक्तिले प्रत्येक महिना समाप्त भएको २५ दिन भित्र बिभागले तोकेको तरिका र ढाँचामा बिभागमा विवरण दाखिला गर्नु पर्नेछ भनि उल्लेख गरेको छ भने उपदफा ८ मा कुनै व्यक्तिले उपदफा १ वा २ बमोजिम दाखिला गर्नुपर्ने विवरण वा कर दाखिला नगरेको वा कुनै व्यक्तिको सम्बन्धमा उपदफा ५ को अवस्था रहेको कुरामा विभाग विश्वस्त भएमा दाखिला नगरेको वा घटी दाखिला गरेको रकम र दफा ११९ बमोजिमको ब्याज तथा अग्रीम कर कट्टी गर्नु पर्ने भूक्तानीमा कर कट्टी नगरेमा दफा १२० बमोजिमको शुल्क समेत दाखिला गर्न आदेश दिन सक्नेछ भनि उल्लेख छ। तर अस्पतालले ऐनमा भएको उक्त प्रावधान विपरित विभिन्न सप्लायर्स, व्यक्ति, संघ संस्था तथा व्यवसायीहरुलाई रकम भूक्तानी दिंदा नियमानुसार कट्टा गरिएको निम्न अनुसारको राजश्व हाल सम्म पनि दाखिला गरेको नदेखिएकोले उक्त रकम दाखिला गरी सो को प्रमाण पेश हुनुपर्ने रु.

| क्रम संख्या | कर विवरण | रकम |
|---|---|---|
| 1. | अग्रीम आयकर | ९५७०८.०० |
| 2. | सामाजिक सुरक्षा कर | ४५५६९.०६ |
| 3. | बहाल कर | ४०९१३.०० |
| 4. | पारिश्रमिक कर | २४७०००.२३ |
| **जम्मा** | | ४२९१९०.२९ |

| प्रमाण पेश नगरेको | ४,२९,१९०.२९ |
|---|---|

## ८९ अन्य निकायको खर्च

पालिकाले आफ्नो क्षेत्रमा सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका सार्वजनिक संस्थानहरुको खर्च व्यहोर्नु पर्ने अवस्था भएमा उक्त कार्यालयको तालुक मन्त्रालयबाट स्विकृती प्राप्त गरे पछी मात्र खर्च व्यहोर्नु पर्दछ। नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले निम्नानुसारका संघ/संस्था र कार्यालयहरुलाई निम्नानुसारको खर्चको भुक्तानी दिएको छ । अन्य सरकारी कार्यालयहरुको खर्च तालुक निकायका मन्त्रालयका स्वीकृती बेगर पालिकाबाट खर्च गरिएको रकम दोहोरो भए नभएको यकिन गर्न सकिएन। यसरी छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका तथा व्यवसायिक नाफामुखी रहेका देहायका कार्यालयलाई विभिन्न कामको लागि भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ। बजेट विनियोजन भै संघिय तथा प्रदेश मातहत रहेका कार्यालयको लागि सामाग्री खरिद भएकोमा सम्बन्धित कार्यालयलाई हस्तान्तरण नभएको, बुझेको भरपाई नरहेको साथै कार्यालयले जिन्सी दाखिला गरेको प्रमाण समेत पेश हुन नआएको हुँदा सो प्रमाण पेश संलग्न गरी नियमित गर्नुपर्ने रु...

| गो.भौ नं.-मिति | कार्यलय/संस्थाको नाम | वापत | भुक्तानी रकम |
|---|---|---|---|
| ७३२, | मालपोत कार्यालय झापा | विभिन्न प्रकारका सामान | ५११९३ |
| १२६९ | मालपोत कार्यालय झापा | छपाई कार्य वापत | ६४०७१ |
| ७७ २०८०।१०।२१ | जिल्ला हुलाक कार्यालय | ईन्भटर तथा अन्य उपकरण | ८८४५१ |
| १४३ २०८०।१२।१ | वुद्धशान्ति उद्योग वाणिज्य संघ | कम्प्युटर र प्रिन्टर | ४९९४६ |
| २१७ २०८१।१।२६ | वुद्धशान्ति उद्योग वाणिज्य संघ | कुर्सी खरिद | ४९९८५ |
| **जम्मा** | | | **३०३६४६** |

| प्रमाण पेश नगरेको | ३,०३,६४६ |
|---|---|

## ९० फरक कार्यक्रमवाट भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(क) मा विभिन्न शिर्षक तथा कार्यमा स्वीकृत भएको रकम सो शिर्षक तथा कार्यको लागि मात्र खर्च गर्नुपर्न व्यवस्था रहेको छ। पालिकाले यो वर्ष वुधवारे वजारमा व्यवसायिक भवन निर्माणका लागि निर्मण व्यवसायी शान्ति निर्माण सेवालाई प्रथम रनिङ्ग विल वापत रु ५२,८९,६२३।०० भुक्तानी गर्दा सम्बन्धित कार्यक्रमवाट खर्च नगरी सडक कालोपत्रे गर्ने क्रमागत योजनावाट रु २६,००,००० तथा तराई मधेश समृद्धि कार्यक्रम समपुरकवाट रु २६,८९,६२६।०० समेत कुल रु ५२,८९,६२३ पछि सोधभर्ना गर्ने शर्तमा भुक्तानी गरेको देखियो ।उक्त भुक्तानीको सोधभर्ना समेत सोही आर्थिक वर्षमा नगरेको तथा कार्यक्रम संशोधन वेगर फरक कार्यक्रममा भुक्तानी भएको देखिएकाले पालिकाले यस्तो कार्यमा सुधार गर्नुपर्दछ ।

९१ **अन्य कार्यालयको ईन्धन खर्च**

पालिकाले आफ्नो क्षेत्रमा सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका सार्वजनिक संस्थानहरुको खर्च व्यहोर्नु पर्ने अवस्था भएमा उक्त कार्यालयको तालुक मन्त्रालयबाट स्विकृती प्राप्त गरे पछी मात्र खर्च व्यहोर्नु पर्दछ। नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले निम्नानुसारका कार्यालय तथा कार्यालय माताहतका निकायहरुलाई मासिक रुपमा निम्नानुसारको ईन्धन खर्चको भुक्तानी दिएको छ । अन्य सरकारी कार्यालयहरुको खर्च तालुक निकायका मन्त्रालयका स्वीकृती बेगर पालिकाबाट खर्च गरिएको रकम दोहोरो भए नभएको यकिन गर्न सकिएन । यसरी छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका देहायका कार्यालयहरुलाई ईन्धन वापत मासिक १०० देखी १५० लिटर सम्म ईन्धनको कुपन प्रदान गर्ने गरेको देखिन्छ । सो ईन्धनको विल कार्यकलयको विल सगै प्राप्त गरी भुक्तानी गरेको देखिन्छ । यसरी छूट्टै वजेट व्यवस्थापन भै स्थापना भएका कार्यालयहरुमा पालिकावाट मासिक कोटा निर्धारण गरी ईन्धन खर्च गरेको नियम सम्मत नदेखिएको रु.

| सि न | कार्यलय/संस्थाको नाम | ईन्धन वापत वार्पिक परिमाण | औषत मुल्यका आधारमा खर्च रकम १६० तथा १७५ का दरले |
|---|---|---|---|
| १ | ईलाका प्रहरी कार्यालय वुधवारे डिजल | १५५० | २४८००० |
| १ | ईलाका प्रहरी कार्यालय वुधवारे पेट्रोल | ४० | ७००० |
| २ | शसस्त्र प्रहरीबल टिमाई वेस क्याम्प शान्तिनगर | १२०० | १९२००० |
| जम्मा | | | ४४७००० |

| अनियमित भएको | ४,४७,००० |
|---|---|

९२ **कर कट्टी** (16-२०८०-९-१२):

आयकर ऐन, २०५८ को दफा ८८ (१) अनुसार बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत,भाडा,रोयल्टी, सेवा शुल्क, कमिशन, बिक्रि बोनस, अवकाश भुक्तनी र अन्य कुनै प्रतिफल तथा अवकाश भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले पालिकास्तरिय खेलकुद प्रतियोगिता कार्यक्रमको लागि रु.३ लाख खर्च गरेकोमा ड्रोन वापत रु.१२५००।००, भिडियो समाचार वापत रु.६०००।००, स्टेज निर्माण वापत रु.२७,०००।०० र रेफ्रि सेट वापत रु.७५,०००।०० गरी रु.१२०५००.०० नगद भुक्तानी गरेको भरपाई पेश गरी अर्जुन सुखा लिम्बुलाई भुक्तानी गरेको छ । उक्त रकम पारिश्रमिक तथा सेवा वापत विभिन्न व्यक्तिलाई भुक्तानी गरेको भरपाई पेश गरेकोले उक्त रकमा १५ प्रतिशले हुने कर रु.१८०७५।०० कट्टी गर्नुपर्नेमा जम्मा रु.१४०२५।०० मात्र कट्टी गरेकोले बाँकी रु.४०५०.०० सम्बन्धित व्यक्तिबाट असूल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ४,०५० |
|---|---|

९३ **कर कट्टी** (69-२०८१-३-२०):

आयकर ऐन, २०५८ को दफा ८८ (१) अनुसार बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत,भाडा,रोयल्टी, सेवा शुल्क, कमिशन, बिक्रि बोनस, अवकाश भुक्तनी र अन्य कुनै प्रतिफल तथा अवकाश भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले पालिकास्तरिय खेलकुद प्रतियोगितामा रेफ्रिको भुमिका निर्वाह गरे वापत निम्म व्यक्तिहरुलाई देहाय बमोजिमको पारिश्रमिक रकम भुक्तानी गरेकोमा उक्त रकममा १५ प्रतिशत कर कट्टी गर्नुपर्नेमा कर कट्टी गरेको नदेखिएकोले सम्बन्धितबाट असूल गर्नुपर्ने रु.

| सि.न. | भुक्तानी लिने व्यक्तिको नाम | भुक्तानी रकम रु. | १५ प्रतिशतले हुने कर रु. |
|---|---|---|---|
| १ | डिग बहादुर श्रेष्ठ | १७५००.०० | २६२५.०० |
| २ | लोकराज अधिकारी | १७५००.०० | २६२५.०० |
| ३ | लाक्पा तामाङ | १७५००.०० | २६२५.०० |
| | **जम्मा** | **५२५००.००** | **७८७५.००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,८७५ |

९४ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका ७ वडामा ३६ योजना सञ्चालन गरी यस वर्ष ८५ जनालाई औसत न्युनतम ५० दिन देखी १०० दिन सम्म ७४१० दिन रोजगारी उपलव्ध गराई रु.४९४९८८०।०० श्रमिक ज्याला खर्च गरेको छ। पालिकाको नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ।प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस वर्ष सञ्चालन भएका योजनाहरुको विवरण देहाय बमोजिम रहेको छ:

| सि.नं. | योजनाको नाम | वडा नं. | सिफारिस भएको हाजीरी दिन | भुक्तानी भएको जम्मा बजेट |
|---|---|---|---|---|
| १ | नमुना चोक ड्रेन निर्माण | १ | ९३ | ६२१२४ |
| २ | इलामेली टोल उत्तर बाटो ड्रेन निर्माण | १ | ८५ | ५६७८० |
| ३ | बुद्ध आदर्श मा . वि . पछाडि ड्रेन निर्माण | १ | २२६ | १५०९६८ |
| ४ | होक्से चम्लागाँई चोक मार्ग टेवावाल निर्माण | १ | १०३ | ६८८०४ |
| ५ | इलामेली टोलको सडकमा ड्रेन निर्माण | १ | १२८ | ८५५०४ |
| ६ | बुद्ध आदर्श मा . वि . पछाडि रहेको अधुरो ड्रेन निर्माण | १ | ३५ | २३३८० |
| ७ | सार्वजनिक स्थल सरसफाई, नमुना चोक सरसफाई बुद्धआदर्श मा वि भित्र ढुंगा टिप्ने काम, सरसफाई, इलामेली टोल सरसफाई , वडा कार्यालय सरसफाई, पुलचोक देखि भोटेटार देउराली बाटो सरसफाई, पिपलचोक सरसफाई, होकसे स्कुल भित्र फुलवारी व्यवस्थापन तथा सरसफाई, नमुना स्कुल सरसफाई | १ | १३१ | ८७५०८ |
| ८ | कृषि सुधार सुब्बा तथा गिद्दे विरंग पैनीको डुम्रिबोटेमा वाल निर्माण ( 14 औ र १७ औ का पा निर्णयबाट ) | १ | ८४ | ५६११२ |
| ९ | श्री आदर्श मा वि जयपुर सरसफाईऽ श्री सरस्वति आधारभुत विद्यालय सरसफाई,१ नं. सिमाना पिपल चोक देखि खतिवडा चोकसम्म दुबै तर्फ नाली सरसफाई,२ र ३ सीमाना झिलमिले पैनी देखि विरिङखोला पुलसम्म दुवै तर्फको बाटाको नाली सरसफाई, गोपी विमलीको घरदेखि सिंह सेतीदेवी मन्दिरको बाटाहरु सरसफाई, | २ | १०७९ | ७२०७७२ |
| १० | राजपैनी मर्मत | २ | ६ | ४००८ |
| ११ | सुजन पैनी ड्रेन निर्माण | ३ | ८७ | ५८११६ |
| १२ | पाथीभरा टोल प्लम निर्माण | ३ | ३० | २००४० |
| १३ | प्रगति टोल नाला निर्माण | ३ | २० | १३३६० |
| १४ | चिलिमगढी आर्यघाटमा जाने बाटो ढलान र चिलिमगढी घाट व्यवस्थापन तथा मुर्ति स्थापना | ३ | २८ | १८७०४ |
| १५ | मातृका श्रेष्ठको घर जाने बाटोको प्लम निर्माण | ३ | ५० | ३३४०० |
| १६ | मेची राजमार्ग पश्चिम सहरेडाँगी महानन्द सडक जोड्ने बाटोमा ड्रेन निर्माण | ३ | ७० | ४६७६० |
| १७ | लालीगुरास मार्ग नाला निर्माण | ३ | ५० | ३३४०० |
| १८ | लालीगुरास मार्गमा रहेको अधुरो नाला निर्माण तथा खरीद | ३ | २५ | १६७०० |
| १९ | पर्यटन मार्गमा प्लम तथा ड्रेन निर्माण | ३ | ५९ | ३९४१२ |
| २० | ४ नम्बर वडा जाने बाटो नाला निर्माण | ३ | ६७ | ४४७५६ |
| २१ | सार्वजनिक स्थल सरसफाई | ३ | ६१४ | ४१०१५२ |
| २२ | सार्वजनिक क्षेत्र, संघ संस्था, सरकारी कार्यालय, विद्यालय, मठमन्दिर, सडक नाली वगान क्षेत्र सरसफाई | ४ | १७७८ | ११८७७०४ |
| २३ | मंगलबारे बजारको सुनगाभा मार्ग प्लम निर्माण | ४ | ४० | २६७२० |
| २४ | सुब्बा कान्छाको घर दक्षिण ड्रेन निर्माण | ४ | २७ | १८०३६ |
| २५ | श्री नवदुर्गा मन्दिर मर्मत | ४ | ४० | २६७२० |
| २६ | सिर्जना मार्ग ड्रेन निर्माण | ५ | ३५ | २३३८० |

| | | | | |
|---|---|---|---|---|
| २७ | सिर्जना मार्ग बीचबाट दक्षिण ड्रेन निर्माण | ५ | ३२ | २१३७६ |
| २८ | चारभैया चुल्ठे खानेपानी उपभोक्ता तथा सरसफाई समितिको पाइप विस्तार | ५ | ३०१ | २०१०६८ |
| २९ | कमल चोक पुर्व सगरमाथा आमा समूह सम्म बाटो ड्रेन निर्माण | ५ | ५३ | ३५४०४ |
| ३० | सार्वजनिक स्थल सरसफाई | ५ | ३६४ | २४३१५२ |
| ३१ | गोपाल थापाको घर अगाडी हुँदै फेरे गौँडाको विश्राम चौतारी सम्म जाने बाटो ड्रेन सहित स्तरोन्नती | ६ | ४६ | ३०७२८ |
| ३२ | चुल्ठे तिनकुने चोक बाटो भूई ढलान निर्माण | ६ | १८ | १२०२४ |
| ३३ | अन्य यस ६ नं. वडाका विभिन्न सार्वजनिक स्थल बाटो नाली सरसफाई कामहरु | ६ | ७२१ | ४८१६२८ |
| ३४ | वडा भित्र रहेका विभिन्न सार्वजनिक स्थल सरसफाई | ७ | ८१३ | ५४३०८४ |
| ३५ | मिलचोकदेखि उत्तर रारङ गैरी जाने बाटोमा ढलान | ७ | ४० | २६७२० |
| ३६ | वडा भित्र रहेका बाटाहरु र धार्मिक स्थलहरु स्तरोन्नती तथा ढल निर्माण | ७ | ३२ | २१३७६ |
| **जम्मा** | | | **७४१०** | **४९४९८८०** |

सैद्धान्तिक बेरुजु

९५ **इन्धन र सञ्चार खर्च**

कोशी प्रदेश, गाउँ तथा नगर सभा सदस्य सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची १ मा गाउँपालिका तथा नगरपालिकाका पदाधिकारीले पाउने संचार तथा यातायात खर्चको दर निर्धारण गरिएको छ। यस गाउँपालिकाका पदाधिकारीले पालिकाबाटै संचार र यातायात सुविधा बुझ्ने गरेको देखिन्छ। पालिकामा पेश हुन आएको वडागत विविध खर्चमा देहाय वमोजिमको इन्धन र संचार खर्चको विल प्राप्त भई भुक्तानी भएको छ। पालिकाका पदाधिकारिलाई सेवासुविधा प्रदान गर्दा दोहोरो नपर्ने गरी भुक्तानी गर्नतर्फ पालिकाको ध्यान जानुपर्दछ।

| | | | वडा न. | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| गो भौ न | मिति | शिर्षक | १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| ७५ | २०८०/६/१२ | इन्धन | १९००० | १४००० | १९००० | १८५०० | १८१२८ | | १८००० |
| | | सञ्चार | १०००० | १०००० | १०००० | ११५० | १०००० | | १०००० |
| १४२ | २०८०/७/०३ | इन्धन | ९००० | १०००० | | | | | ९००० |
| | | सञ्चार | ५००० | ५००० | | | | | ५००० |
| १९१ | २०८०/७/२३ | इन्धन | | | | १०००० | | | |
| | | सञ्चार | | | | ७००० | | | |
| १९९ | २०८०/०८/५ | इन्धन | | | | | ७००० | १८००० | |
| | | सञ्चार | | | | | ५००० | १०००० | |
| २३७ | २०८०/८/१८ | इन्धन | | | | | ६२०० | ९००० | |
| | | सञ्चार | | | | | ३००० | ५००० | |
| २३९ | २०८०/८/१९ | इन्धन | | | १९००० | | | | |
| | | सञ्चार | | | १०००० | | | | |
| २८६, | २०८०/०९/०४ | इन्धन | | ९००० | | ८५०० | ९०२६ | | ९००० |
| | | सञ्चार | | ४९०० | | ५००० | ४५०० | | ५००० |
| ३००, | २०८०/०९/०८ | इन्धन | ८००० | | | | | | |
| | | सञ्चार | ५००० | | | | | | |
| ३७३, | २०८०/१०/११ | इन्धन | ९१८० | | २४००० | ९००० | ९८४० | १४००० | ९००० |
| | | सञ्चार | ४००० | | ३९०० | ५००० | | ४९०० | ५००० |
| ३७३ | २०८०/१०/११ | इन्धन | ९००० | | | | | | ८७८० |
| | | सञ्चार | ३१०० | | | | | | २१५० |
| ३९४ | २०८०/१०/१५ | इन्धन | | १५८९० | | | | | |
| | | सञ्चार | | ७५०० | | | | | |
| ४०६ | २०८०/१०/१८ | इन्धन | | | | ९५०० | | | |
| | | सञ्चार | | | | ५००० | | | |
| ५०० | २०८०/११/०९ | सञ्चार | ३३०० | | | | ४९०० | ४२०० | |
| ५२० | २०८०/११/१४ | सञ्चार | | | | ५००० | | | |
| ५७५ | २०८०/११/२३ | | | | | | | | ८९६२ |
| | | | | | | | | | २५०० |
| ५९७ | २०८०/११/३० | सञ्चार | | ३३०० | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६२२ | २०८०/१२/०५ | सञ्चार | | | | | १६०० | | |
| ६२४ | २०८०/१२/०५ | सञ्चार | | | | | | ३९०० | |
| ६४१ | २०८०/१२/११ | इन्धन | | | | | | | ९००० |
| ६५४ | २०८०/१२/१६ | सञ्चार | | | | ५००० | | | |
| ७१८ | २०८०/०१/०६ | इन्धन | | १८००० | | | | | |
| | | सञ्चार | | २६०० | | | | | |
| ७३८ | २०८०/०१/०६ | सञ्चार | | | | | | ३००० | |
| ७३९ | २०८०/०१/०३ | सञ्चार | ३४०० | | | | | | |
| ७४५ | २०८०/०१/०७ | इन्धन | | | १६५३९ | | | | |
| ७४६ | २०८०/०१/०९ | सञ्चार | | | ६५०० | | ७००० | | |
| ७७८ | २०८०/०१/१८ | इन्धन | १२००० | | | | | | ९००० |
| | | सञ्चार | | ५००० | | | | | |
| ८८४ | २०८०/०२/०१ | इन्धन | | | | | २२८१ | | |
| | | सञ्चार | | | | | ३५०८ | | |
| ९०१ | २०८०/०२/१७ | सञ्चार | | २५०० | | | | | |
| ९०३ | २०८०/०२/१८ | सञ्चार | | | | | | | ९००० |
| ९४० | २०८०/०२/२२ | सञ्चार | | | | १४५०० | | | |
| ९३९ | २०८०/०२/२२ | इन्धन | | | | | ९००० | | |
| ११०२ | २०८१/०३/१६ | सञ्चार | ४१०० | | | | | | |
| जम्मा | | | १०४०८० | १०७६९० | १०८९३९ | १०३१५० | १००९८३ | ७२००० | ११९३९२ |

| सैद्धान्तिक बेरुजु |
|---|

९६ **निजी सवारी मर्मत**

६१७, २०८०/१२/०४ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६(१) मा सार्वजनिक निकायमा रहेको मालसामानको मर्मत सम्भार गर्न सकिने व्यवस्था रहेको भएतापनि निजी मालसमानको मर्मत गर्ने कुरा उल्लेख छैन। पालिकाले निजी सवारी साधन प्र १ ०१ ००२ च ००१ मर्मत वापतको रु. ९९९९३.७० भाग्यलक्ष्मी ट्रेड लिङ्कलाइ मर्मत खर्च भुक्तानी गरेको छ। निजी सवारी मर्मत वापत भुक्तानी गरिएको सो रकम सम्बन्धित जिम्मेवार व्यक्तिबाट असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ९९,९९३.७ |
|---|---|

९७ **रसिद नियन्त्रण खाता**

पालिकाले रसिदहरुको अभिलेख रजिष्टरमा राख्नेको छ। पालिकाले स्वीकृत ढाँचाको रसिद नियन्त्रण खाता पेश नगरेकाले नगदि रसिद नियन्त्रण खाता म.ले.प फा.न. ९०४ साविकको १०८ अनुसार तयार गरेको देखिएन। साथै पालिकाले खोला जन्य स्रोत अमानतबाट उठाउन तीन किसिमको रसिद छपाई गरेको प्राप्त भएको छ। गत बर्षको मौज्दात ठेलि सङ्ख्या, यो बर्ष छापिएको ठेलिको सङ्ख्या र जिन्सी दाखिला तथा बाँकी रहेको मौज्दात ठेलिहरुको विवरण लेखापरीक्षणको क्रममा उपलब्ध गराईए अनुसार छपाई गरी जिन्सी

दाखिला समेत नगरीएको एक थान (६०१-६५०) रसिद प्राप्त भएकाले रसिद यतिनै छपाई भएको भनि आश्वस्थ हुन नसकिएको। रसिदको प्राप्ति, खर्च र बाँकिको विवरण स्पष्ट हुनेगरी रसिद नियन्त्रण खाता व्यवस्थित बनाई राख्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

९८ **प्रमाण वेगर भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्य नियमावली, २०७७ को नियम ३९ (१० ) मा जिम्मेवार ब्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि आबश्क बिल भरपाई वा कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था छ ।पालिकाले यो वर्ष वडा नं १ का विभिन्न क्षेत्रमा विद्युतीकरण कार्यका लागि रु.२,९८,९३०।२३ नेपाल विद्युत प्राधिकरणलाई भुक्तानी गरेको देखिन्छ । उल्लेखित भुक्तानीको आधार लागत अनुमान प्राविधिक मूल्याङ्कन तथा नेपाल विद्युत प्राधिकरणवाट जारी भएको विजक समेत पेश नभएकाले उल्लेखित प्रमाण पेश गर्नुपर्ने देखिएको रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९८,९३०.२३ |

९९ **ल्याण्डफिल्ड साईटमा विद्युत विस्तार**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(१) ले खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्न सक्ने व्यवस्था छ।पालिकाले गो भौ नं ४०१। २०८१।३।२२ वाट निर्माणाधिन ल्याण्ड फिल्ड साईटमा विद्युत विस्तारको लागि निर्माण व्यवसायी राजावावु कन्सट्रक्सन एण्ड सप्लायर्सलाई विद्युतिकरण कार्य गरी रु.२,७८,९६८।०० भुक्तानी गरेको देखियो। ल्याण्ड फिल्ड साईट निर्माणका लागि व्यवसायी शान्ति निर्माण सेवासँग रु.७०,५१,४०९।८० को ठेक्का व्यवस्थापन भएकै अवस्थामा भेरिएसन मार्फत थप कार्य गर्न सकिने अवस्थामा फरक निर्माण व्यवसायीवाट थप कार्य गराई भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु...

| | |
|---|---|
| अनियमित भएको | २,७८,९६८ |

१०० **बढी भुक्तानी** (37-२०८०-९-६):

शैक्षिक सुशासनको लागि संस्थागत क्षमता विकास कार्यक्रम विभिन्न ४ दिन सञ्चालन भएकोमा उक्त कार्यक्रमको संयोजक गरे वापत रु.१८०००.०० भुक्तानी गरेको उल्लेख गरी पेश्कि फर्छ्यौट गर्ने श्री झल्का अधिकारीले तयार गरेको भुक्तानी तेरिजमा उल्लेख गरेको छ । अर्थ मन्त्रालयले जारी गरेको कार्य सञ्चालन निर्देशिका,२०७७ बमोजिम हरएक कार्यक्रम सञ्चालन गरे वापत कार्यक्रम संयोजकले रु.१५०० प्राप्त गर्न सक्ने उल्लेख गरेको छ र सो बमोजिम ४ दिनको लागि रु.१५००।०० को दरले जम्मा रु.६०००.०० मात्र भुक्तानी गर्नुपर्नेमा रु.१८०००.०० भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रकम रु.१२,०००.०० पेश्कि फछर्यौट गर्ने झल्का अधिकारीले सम्बन्धितको यकिन गरी असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,००० |

१०१ **आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु**

१०१.१ अनियमित भएको सम्बन्धी व्यहोरा: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्य नियमावली, २०७७ को नियम ३९ मा जिम्मेवार ब्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि आवश्यक बिल भरपाई वा कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था छ । पालिकाले ऐन बमोजिम रित पुर्वक भुक्तानी गर्नुपर्नेमा रित नपुर्याइ भुक्तानी गरेको भनि आन्तरिक लेखापरीणबाट औल्याइएको व्यहोरा अन्तिम लेखापरीक्षणको क्रममा समेत फर्छौट गरेको नदेखिएकोले उल्लेख गरिएको व्यहोराको रकम नियम सम्मत नदेखिएको रु.

| क्र.श | भौचर नं. र मिति | आ.ले. प व्यहोरा | रकम |
|---|---|---|---|
| १ | १५४<br>२०८०/०७/१२<br>गापा चालु | स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ मा कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ भन्ने उल्लेख गरको भएता पनि पालिकाले निशुल्क एम्बुलेन्स सेवा संचालन गर्न आ. व. २०८०/८१ मा रु ५०००००।०० बिनियोजन गरेको पाइन्छ । जस अनुसार सि. अ. न. मी. श्री उमा उप्रेतिलाइ उक्त कार्यक्रम संचालन तथा व्यवस्थापन गर्न रु २०००००।०० पेश्की समेत दिएको देखिन्छ । जसबाट सेवाग्राहिले लाभ त लिएकै होलान् तर यस प्रकारका जनतालाइ प्रत्यक्ष रुपमा प्रभाव पार्ने कार्यक्रमहरु संचालन गर्दा नीति, नियम तथा कार्यविधि वनाएर मात्र कार्यान्वयनमा ल्याउनु पर्नेमा सो नगरी कार्यपालिकाको निर्णयका भरमा कार्यक्रम संचालन गरेको पाइएकोले यस्ता जनसरोकारका कार्यक्रमहरु संचालन गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम कार्यविधि बनाइ त्यसका आधारमा मात्र कार्यक्रम संचालनमा ल्याउनु पर्ने । | ५००००० |
| २ | ११०९<br>२०८१/०३/१७<br>गापा चालु | वडा नं ६ का गाई भैसीहरुको कृतिम गर्भाधान गराए वापत प्रति गोटा रु. ५०० का दरले वडाले रकम उपलब्ध गराउने भनि वडा नं. ६ वडा कार्यालय र प्राविधिक सहायक श्री लोकनाथ गौतमसँग सम्झौता भएकोमा निम्न अनुसार शर्त रहेको पाइन्छ<br>१ सम्झौतामा कृतिम गर्भाधान गरेको प्रगति पहिलो पक्षलाई प्रत्येक महिना उपलव्ध गराउनु पर्ने हर्त उल्लेख छ ।<br>२ कृतिम गभधिान गरेको ९० दिनमा गर्भ परिक्षण गरी सो को प्रतिवेदन अनिवार्य रुपमा पहिलो पक्षलाई बुझाउनु पर्ने छ ।<br>३ वडा कार्यालयले कृतिम गर्भाधानको विवरण अनुगमन गरी सो को प्रगति पेश गर्नु पर्नेछ । भनि उल्लेख गरेकोमा माथि उल्लेखित विवरण तथा कागजातहरु संलग्न नगरी कार्यसम्पन्न भएको विवरण तयार गरी रकम भूक्तानी गरेको पाइएकोले सम्झौता बमोजिमका कागज प्रमाण संलग्न गर्नु पर्ने रु...... साथै कार्यालयले पशुपंक्षी शाखामा करार सेवामा नियुक्ति गरी पालिकाका कृषकले पालेका पशुहरुको परिक्षण, गर्भाधान गराउन तथा अन्य आवश्यक सेवाहरु उपलव्ध गराउन भनि नियुक्त भएको कर्मचारीसँग पुन सम्झौता गरी सोहि काममा थप रकम उपलव्ध गराउन मिल्छर यकिन हुन सकिएन फेरी सम्झौता अनुसार वडाले रु ९९००० बिनियोजन गरेकोमा गो भौ नं ८४३ बाट रु ५०००० र यस भौचरबाट रु ५०००० गरी सम्झदता भन्दा बढि खर्च रु १००० | ५०००० |
| ३ | खाजाको विल | बुद्धशान्ति गाउँपालिकाको आर्थिक कार्य संचालन निर्देशिका २०८० को दफा ४ सँग सम्बन्धित अनुसुची १ को सि. नं. ३ अनुसार गोष्ठी, सेमीनार, सम्मेलन, कार्यशाला तालिम, अध्ययन आवद्धता जस्ता समारोह उद्घाटन तथा समापनमा सहभागिहरुको खाजा खर्च प्रति व्यक्ति प्रतिदिन रु २०० तोकीएको छ । उल्लेखित रकम रु २०० अधिकतम् मूल्य भएकोले खाजाको विवरण (जस्तै समोसा, चाउमिन, म.म, चना चिउरा, मासु चिउरा, छोला रोटी सब्जी आदि ) अनुसार रु १९५, १९०, १८० १८५ १७० १६० १७५ १६५ प्रति संख्यामा हुन आउछ साथै एक होटल र अर्को होटलको मूल्य फरक फरक हुन जान्छ । तर निम्न कार्यक्रमहरु संचालन गर्दा कार्यक्रम संचालन गर्ने कर्मचारीहरुले फरक फरक स्थानको होटलको खाजा दर रु २०० नै राखी बिल पेश गरेको पाइएको तथा खाजाको बिलको अक्षर पनि प्राय एकै खालको देखिएकोले उक्त खाजाको बिल यथार्त हो या होइन यकिन हुन सकिएन । | - |

| | |
|---|---|
| अनियमित भएको | ५,५०,००० |

१०१.२(क) असुल गर्नुपर्ने व्यहोराहरु: आयकर ऐन, २०५८ को दफा ८८ (१) अनुसार बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिशन, बिक्रि बोनस, अवकाश भुक्तनी र अन्य कुनै प्रतिफल तथा अवकाश भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्य नियमावली, २०७७ को नियम ३९ मा जिम्मेवार ब्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि आवश्यक बिल भरपाई वा कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था छ । पालिकाले ऐन बमोजिम रित पुर्वक भुक्तानी गर्नुपर्नेमा रित नपुर्याइ भुक्तानी गरेको भनि आन्तरिक लेखापरीणबाट औल्याइएको व्यहोरा अन्तिम लेखापरीक्षणको क्रममा समेत फर्छौट गरेको नदेखिएकोले उल्लेख गरिएको व्यहोराको रकम सम्बन्धितलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रु.

| क्र.श | भौचर नं. र मिति | आ.ले. प व्यहोरा | रकम |
|---|---|---|---|
| १ | १९९<br>२०८०/०८/०५ | वडा नं. ५ को वडा कार्यालय मसलन्द तथा बैठक खर्च भूक्तानी गर्दा बैठक भत्ता रु २९००० को १५ प्रतिशत पारिश्रमिक कर रु ४३५० कट्टा गरेको नदेखिएकोले उक्त रकम अशुल गरी कर दाखिला गर्नु पर्ने रु. | ४३५० |
| २ | १०४०<br>२०८१/०३/०७<br>गापा चालु | स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १६ (ख) मा उपप्रमुख तथा उपाध्यक्षको काम कर्तव्य र अधिकार उल्लेख गरीएको छ । सोहि दफाको उपदफा ५ मा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन बैठमा पेश गर्नु पर्नेछ भनि उल्लेख गरेको पाइन्छ । पालिकाले चालु आ. व. का विभिन्न योजनाहरु उपाधेयक्षज्यूको संयोजकत्वमा गठित अनुगमन समितिले अनुगमन गरी त्यसको प्रतिवेदन तथा स्थलगत अनुगमनको फोटोका आधारमा मात्र अन्तिम भूक्तानी दिने गरेको पाइएता पनि कार्यालयका केहि कर्मचारीहरुले ठेक्काबाट संचालित विभिन्न योजनाहरुको भूक्तानी पूर्व कार्यस्वीकार्याथ अनुगमन गरेको भनि २८ वटा सम्म अनुगमन भत्ता बुझिलिएको पाइन्छ । प्राविधिक कर्मचारीहरुको कार्यविवरणमै योजना स्थलमा जाने ल. इ. गर्ने नापि किताब भर्ने कार्य स्थलमा आवश्यकता अनुसार पटक पटक जाने र अन्तिम मूल्याङ्कन गर्ने जिम्मेवारी रहँदा रहँदै योजनको कार्यस्वीकार्यार्थ भत्ता भनि थप सुविधमा अनुगमनको प्रतिवेदन तथा निर्माणस्थलको निर्माणाधिन अवस्थाको फोटो समेत संलग्न नगरी भत्ता बुझिलिने प्रयोजनकालागि मात्र अनुगमनको उपस्थिति देखाइ भत्ता बुझिलिएको पाइएको साथै पालिका स्तरिय अनुगमन संयन्त्रबाट पनि उक्त योजनाहरुको अनुगमन गरी भत्ता बुझिलिएको हुन सक्ने हुँदा अनुगमनमा एक रुपता हुनु पर्ने तथा अनुगमन संयन्त्रको उपस्थितिमा मात्र अनुगमन गर्ने व्यवस्था गर्नु हुनु अनुरोध गर्दै यसरी वितरण गरीएको अनुगमन भत्ता सम्बन्धिबाट अशुल गर्नु पर्ने रु. | ९७७५० |
| ३ | ११५५<br>२०८१/०३/१९<br>गापा चालु | स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १६ (ख) मा उपप्रमुख तथा उपाध्यक्षको काम कर्तव्य र अधिकार उल्लेख गरीएको छ । सोहि दफाको उपदफा ५ मा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन बैठमा पेश गर्नु पर्नेछ भनि उल्लेख गरेको पाइन्छ । पालिकाले चालु आ. व. का विभिन्न योजनाहरु उपाधेयक्षज्यूको संयोजकत्वमा गठित अनुगमन समितिले अनुगमन गरी त्यसको प्रतिवेदन तथा स्थलगत अनुगमनको फोटोका आधारमा मात्र अन्तिम भूक्तानी दिने गरेको पाइएता पनि कार्यालयका केहि कर्मचारीहरुले ठेक्काबाट संचालित विभिन्न योजनाहरुको भूक्तानी पूर्व कार्यस्वीकार्याथ अनुगमन गरेको भनि २८ वटा सम्म अनुगमन भत्ता बुझिलिएको पाइन्छ । प्राविधिक कर्मचारीहरुको कार्यविवरणमै योजना स्थलमा जाने ल. इ. गर्ने नापि किताब भर्ने कार्य स्थलमा आवश्यकता अनुसार पटक पटक जाने र अन्तिम मूल्याङ्कन गर्ने जिम्मेवारी रहँदा रहँदै योजनको कार्यस्वीकार्यार्थ भत्ता भनि थप सुविधमा अनुगमनको प्रतिवेदन तथा निर्माणस्थलको निर्माणाधिन अवस्थाको फोटो समेत संलग्न नगरी भत्ता बुझिलिने प्रयोजनकालागि मात्र अनुगमनको उपस्थिति देखाइ भत्ता बुझिलिएको पाइएको साथै पालिका स्तरिय अनुगमन संयन्त्रबाट पनि उक्त योजनाहरुको अनुगमन गरी भत्ता बुझिलिएको हुन सक्ने हुँदा अनुगमनमा एक रुपता हुनु पर्ने तथा अनुगमन संयन्त्रको उपस्थितिमा मात्र अनुगमन गर्ने व्यवस्था गर्नु हुनु अनुरोध गर्दै यसरी वितरण गरीएको अनुगमन भत्ता सम्बन्धिबाट अशुल गर्नु पर्ने रु. | १०२००० |
| ४ | ९७९<br>२०८१/०२/३०<br>गापा चालु | पालिकाद्वारा प्रकाशित आर्थीक कार्यसंचालन निर्देशिका २०८० को निर्देशन नम्बर ७ को क मा तालिम गोष्ठीको सहयोगि भत्ता अधिकतम् १५ कार्यदिन सम्म प्रतिदिन रु ५०० का दरले पाउने व्यवस्था गरेको छ । कार्यालयले आधारभूत मेलमिलमपकर्ता तालिम बापतको सहयोगि कर्मचारी र कार्यालय सहयोगिलाइ प्रति दिन २ जना सहयोगि र प्रतिदिन २ जना कार्यालय सहयोगि राखी कार्यक्रम सहयोगिको रु १००० प्रतिदिन प्रति व्यक्ति र कार्यालय सहयोगिको रु ५०० प्रतिदिन प्रति व्यक्तिलाई रकम बुझाएको पाइएकोले कार्यालयले प्रकाशन गरेको आर्थिक कार्यसंचालन निर्देशिका बमोजिम भूक्तानी नभएकोले नियमसंगत नदेखिएको साथै खाजा खर्च प्रति दिन प्रति व्यक्ति अधिकतम रु २०० कायम गरेकोमा उल्लेखित रकम रु २०० अधिकतम् मूल्य भएकोले खाजाको विवरण अनुसार रु १९५, १९०, १८० १८५ १७० १६० १७५ १६५ प्रति संख्यामा हुन आउछ साथै एक होटल र अर्को होटलको मूल्य फरक फरक हुन जान्छ । यस प्रकारका कार्यक्रमहरु संचालन गर्दा कार्यक्रम संचालन गर्ने कर्मचारीहरुले फरक फरक स्थानको होटलको खाजा दर रु २०० नै राखी बिल पेश गरेको पाइएको तथा खाजाको बिलको अक्षर पनि प्राय एकै खालको देखिएकोले उक्त खाजाको बिल यथार्त हो या होइन यकिन हुन सकिएन । त्यसरी नै पालिकाको सभाहल भित्र संचालन हुने गोष्ठी तथा सेमिनारमा अनुगमन भत्ता बुझिलिनु औचित्य पूर्ण नदेखिएकोले पालिकाले एकिन गरी सम्बन्धितबाट असुल गर्नुपर्ने रु. | २४००० |
| ४ | ८८<br>२०८१/०१/१७ | दादुरा रुवेला खोप अभियान कार्यक्रम वापत १६९ खाजाको रु. २०० का दरले उमा देवी उप्रेतीबाट असुल गर्नुपर्ने रु. | ३३८०० |

| | | | |
|---|---|---|---|
| | संघीय सरकार चालु | | |
| ५ | ९४ २०८१/०१/२३ संघीय सरकार चालु | विद्यालय स्वास्थ्य पोषण कार्यक्रम वापत ३६ खाजाको रु २०० का दरले उमा देवी उप्रेतीबाट असुल गर्नुपर्ने रु. | ७२०० |
| ६ | १२४ २०८१/०३/०६ संघीय सरकार चालु | पोषण विशेष कार्यक्रम वापत २० खाजाको रु. २०० का दरले उमा देवी उप्रेतीबाट असुल गर्नुपर्ने रु. | ४००० |
| ७ | १२५ २०८१/०३/०६ संघीय सरकार चालु | CBIMNCI कार्यक्रम वापत ६०० खाजाको रु. २०० का दरले उमा देवी उप्रेतीबाट असुल गर्नुपर्ने रु. | १२०००० |
| ८ | १६४ २०८१/०३/१९ संघीय सरकार चालु | क्षयरोग अनुशिक्षण तथा समिक्षा कार्यक्रम वापत ५९ खाजाको रु. २०० का दरले उमा देवी उप्रेतीबाट असुल गर्नुपर्ने रु. | ११८०० |
| ९ | १७३ २०८१/०३/२० संघीय सरकार चालु | क्षयरोग खोजपड्ताल कार्यक्रम वापत ५४ खाजाको रु. २०० का दरले धिरेन्द्रकुमार यादवलबाट असुल गर्नुपर्ने रु. | १०८०० |
| १० | १७४ २०८१/०३/२० संघीय सरकार चालु | स्वास्थ्य चौकी र आधारभूत स्वास्थसय सेवा केन्द्रको मापदण्ड सुदृढिकरण कार्यक्रम वापत रु. २१५ खाजाको २०० का दरले धिरेन्द्रकुमार यादवलबाट असुल गर्नुपर्ने रु. | ४३००० |
| ११ | १८१ २०८१/०३/२२ संघीय सरकार चालु | पूर्णखोप कार्यक्रम वापत २०९ खाजाको रु. २०० का दरले धिरेन्द्रकुमार यादवलबाट असुल गर्नुपर्ने रु. | ४१८०० |
| १२ | १८२ २०८१/०३/२२ संघीय सरकार चालु | स्वास्थ्य संस्थाका प्रमुखहरुको नियमित बैठक तथा समिक्षा कार्यक्रम वापत २४९ खाजाको रु. २०० का दरले धिरेन्द्रकुमार यादवलबाट असुल गर्नुपर्ने रु. | ४९८०० |
| १३ | १८४ २०८१/०३/२२ संघीय सरकार चालु | लामखुट्टेको लार्भा नष्ट गर्ने कार्यक्रम वापत ५०० खाजाको रु. २०० का दरले धिरेन्द्रकुमार यादवलबाट असुल गर्नुपर्ने रु. | १००००० |
| १५ | १६९ २०८१/०३/१९ संघीय सरकार चालु | महिला स्वंसेविका कार्यक्रम वापत १०० खाजाको रु. २०० का दरले धिरेन्द्रकुमार यादवलबाट असुल गर्नुपर्ने रु. | २०००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,७०,३०० |

१०१.३ (ख) प्रमाण पेश गर्नुपर्ने व्यहोराहरु: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्य नियमावली, २०७७ को नियम ३९ मा जिम्मेवार ब्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि आवश्यक बिल भरपाई वा कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था छ । पालिकाले कानून बमोजिम रित पूर्वक भुक्तानी गर्नुपर्नेमा रित नपुर्याइ भुक्तानी गरेकोले सो सम्बन्धमा आश्वस्त हुन नसकेको व्यहोरा आन्तरिक लेखापरीक्षणको क्रममा औल्याईएको छ। अन्तिम लेखापरीक्षणको समय सम्म पनि फर्योट हुन नसकेकोले प्रमाण पेश गर्नुपर्ने देखिएको रु.

| क्र.श | भौचर नं. र मिति | आ.ले. प व्यहोरा | रकम |
|---|---|---|---|
| १ | ८३५<br>२०८१/०१/२८<br>गापा चालु | वडा नं ५ का गाई भैसीहरुको कृतिम गर्भाधान गराए वापत प्रति गोटा रु ५०० का दरले वडाले रकम उपलब्ध गराउने भनि वडा नं. ५ वडा कार्यालय र प्राविधिक सहायक श्री लोकनाथ गौतमसँग मिति २०८०/०६/०७ गतेबाट लागुहुने र मिति २०८१/०३/१५ हुनु पर्नेमा २०८०/०३/१५ गते भित्र सम्पन्न गरी सक्नु पर्नेछ भनि मिति गलत लेखी सम्झौता भएकोमा निम्न अनुसार शर्त रहेको पाइन्छ ।<br>१ सम्झौताको बुदा नं. २ मा कृतिम गर्भाधान गरेको प्रगति पहिलो पक्षलाई प्रत्येक महिना उपलव्ध गराउनु पर्ने हर्त उल्लेख छ ।<br>२ बुँधा नं. ४ मा कृतिम गर्भाधान गरेको ९० दिनमा गर्भ परिक्षण गरी सो को प्रतिवेदन अनिवार्य रुपमा पहिलो पक्षलाई बुझाउनु पर्ने छ ।<br>३ बुँधा नं. ५ मा वडा कार्यालयले कृतिम गर्भाधानको विवरण अनुगमन गरी सो को प्रगति पेश गर्नु पर्नेछ । भनि उल्लेख गरेकोमा माथि उल्लेखित विवरण तथा कागजातहरु संलग्न नगरी कार्यसम्पन्न भएको विवरण तयार गरी रकम भूक्तानी गरेको पाइएकोले सम्झौता बमोजिमका कागज प्रमाण संलग्न गर्नु पर्ने रु. | १००००० |
| २ | ८४३<br>२०८१/०१/३१<br>गापा चालु | वडा नं ६ का गाई भैसीहरुको कृतिम गर्भाधान गराए वापत प्रति गोटा रु ५०० का दरले वडाले रकम उपलब्ध गराउने भनि वडा नं. ६ वडा कार्यालय र प्राविधिक सहायक श्री लोकनाथ गौतमसँग सम्झौता भएकोमा निम्न अनुसार शर्त रहेको पाइन्छ<br>१ सम्झौतामा कृतिम गर्भाधान गरेको प्रगति पहिलो पक्षलाई प्रत्येक महिना उपलव्ध गराउनु पर्ने हर्त उल्लेख छ ।<br>२ कृतिम गर्भाधान गरेको ९० दिनमा गर्भ परिक्षण गरी सो को प्रतिवेदन अनिवार्य रुपमा पहिलो पक्षलाई बुझाउनु पर्ने छ ।<br>३ वडा कार्यालयले कृतिम गर्भाधानको विवरण अनुगमन गरी सो को प्रगति पेश गर्नु पर्नेछ । भनि उल्लेख गरेकोमा माथि उल्लेखित विवरण तथा कागजातहरु संलग्न नगरी कार्यसम्पन्न भएको विवरण तयार गरी रकम भूक्तानी गरेको पाइएकोले सम्झौता बमोजिमका कागज प्रमाण संलग्न गर्नु पर्ने रु ...... साथै कार्यालयले पशुपंक्षी शाखामा करार सेवामा नियुक्ति गरी पालिकाका कृषकले पालेका पशुहरुको परिक्षण, गर्भाधान गराउन तथा अन्य आवश्यक सेवाहरु उपलव्ध गराउन भनि नियुक्त भएको कर्मचारीसँग पुन सम्झौता गरी सोहि काममा थप रकम उपलव्ध गराउन मिल्छर यकिन हुन सकिएन | ५०००० |
| ३ | ८६५<br>२०८१/०२/०६<br>गापा चालु | वडा नं १ का गाई भैसीहरुको कृतिम गर्भाधान गराए वापत प्रति गोटा रु ३०० का दरले वडाले रकम उपलब्ध गराउने भनि वडा नं. १ वडा कार्यालय र प्राविधिकसँग सम्झौता भएकोमा निम्न अनुसार शर्त रहेको पाइन्छ<br>१ बुँधा नं. ५ मा वडा कार्यालयले कृतिम गर्भाधानको विवरण अनुगमन गरी सो को प्रगति पेश गर्नु पर्नेछ । भनि उल्लेख गरेकोमा उल्लेखित विवरण अनुसार अनुगमनको प्रतिवेदन संलग्न नगरी कार्यसम्पन्न भएको विवरण तयार गरी रकम भूक्तानी गरेको पाइएकोले सम्झौता बमोजिमका कागज प्रमाण संलग्न गर्नु पर्ने रु. | १००२०० |
| ४ | ९६१<br>२०८१/०२/२४<br>गापा चालु | वडा नं ४ का गाई भैसीहरुको कृतिम गर्भाधान गराए वापत वडाले रकम उपलब्ध गराउने भनि वडा नं. ४ वडा कार्यालय र प्राविधिक सहायक श्री राजेन्द्र आचार्यसँग सम्झौता भएकोमा निम्न अनुसार शर्त रहेको पाइन्छ ।<br>१ सम्झौताको बुदा नं. २ मा कृतिम गर्भाधान गरेको प्रगति पहिलो पक्षलाई प्रत्येक महिना उपलव्ध गराउनु पर्ने हर्त उल्लेख छ ।<br>२ बुँधा नं. ४ मा कृतिम गर्भाधान गरेको ९० दिनमा गर्भ परिक्षण गरी सो को प्रतिवेदन अनिवार्य रुपमा पहिलो पक्षलाई बुझाउनु पर्ने छ ।<br>३ बुँधा नं. ५ मा वडा कार्यालयले कृतिम गर्भाधानको विवरण अनुगमन गरी सो को प्रगति पेश गर्नु पर्नेछ । भनि उल्लेख गरेकोमा माथि उल्लेखित विवरण तथा कागजातहरु संलग्न नगरी कार्यसम्पन्न भएको विवरण तयार गरी रकम भूक्तानी गरेको पाइएकोले सम्झौता बमोजिमका कागज प्रमाण संलग्न गर्नु पर्ने रु. | ९५२०० |
| ५ | १०६७<br>२०८१/०३/१३<br>गापा चालु | वडा नं ४ का गाई भैसीहरुको कृतिम गर्भाधान गराए वापत वडाले रकम उपलब्ध गराउने भनि वडा नं. ४ वडा कार्यालय र प्राविधिक सहायक श्री राजेन्द्र आचार्यसँग सम्झौता भएकोमा निम्न अनुसार शर्त रहेको पाइन्छ ।<br>१ सम्झौताको बुदा नं. २ मा कृतिम गर्भाधान गरेको प्रगति पहिलो पक्षलाई प्रत्येक महिना उपलव्ध गराउनु पर्ने हर्त उल्लेख छ ।<br>२ बुँधा नं. ४ मा कृतिम गर्भाधान गरेको ९० दिनमा गर्भ परिक्षण गरी सो को प्रतिवेदन अनिवार्य रुपमा पहिलो पक्षलाई बुझाउनु पर्ने छ । | ६८०० |

| | | | |
|---|---|---|---|
| | | ३ बुँधा नं. ५ मा वडा कार्यालयले कृतिम गर्भाधानको विवरण अनुगमन गरी सो को प्रगति पेश गर्नु पर्नेछ । भनि उल्लेख गरेकोमा माथि उल्लेखित विवरण तथा कागजातहरु संलग्न नगरी कार्यसम्पन्न भएको विवरण तयार गरी रकम भूक्तानी गरेको पाइएकोले सम्झौता बमोजिमका कागज प्रमाण संलग्न गर्नु पर्ने रु. | |
| ६ | <u>१०६८</u><br>२०८१/०३/१३<br>गापा चालु | वडा नं १ का गाई भैसीहरुको कृतिम गर्भाधान गराए वापत प्रति गोटा रु ३०० का दरले वडाले रकम उपलब्ध गराउने भनि वडा नं. १ वडा कार्यालय र प्राविधिकसँग सम्झौता भएकोमा निम्न अनुसार शर्त रहेको पाइन्छ<br>१ बुँधा नं. ५ मा वडा कार्यालयले कृतिम गर्भाधानको विवरण अनुगमन गरी सो को प्रगति पेश गर्नु पर्नेछ । भनि उल्लेख गरेकोमा उल्लेखित विवरण अनुसार अनुगमनको प्रतिवेदन संलग्न नगरी कार्यसम्पन्न भएको विवरण तयार गरी रकम भूक्तानी गरेको पाइएकोले सम्झौता बमोजिमका कागज प्रमाण संलग्न गर्नु पर्ने रु. | ४२६०० |
| ७ | <u>१०७७</u><br>२०८१/०३/१४<br>गापा चालु | कार्यालयले नौलो विहानी उद्यमी महिला समूहसँग २०८१/०३/०६ गते गरेको सम्झौताको दोस्रो पक्षको बुधा नं. घ मा तालिम सम्पन्न भए पश्चात समूहले कार्यक्रमको प्रगति प्रतिवेदन, सहभागिहरुको उपस्थिति झल्कने फोटो सहितको कागजातहरु तथा खर्चको बिल भरपाइ लगायतका अन्य प्रमाण सहित भूक्तानीको लागि पेश गर्नु पर्नेछ भनि उल्लेख गरेको भएता पनि उक्त समूहले रकम भूक्तानी लिदा सम्झौतामा भनिए अनुसारका कागजातहरु तथा प्रगति प्रतिवेदन संलग्न गरेको पाइएन साथै आषाढ महिनामा सम्झौता गरी रकम निशा गरिएको पाइन्छ । कार्यक्रमको प्रगति झल्कने प्रतिवेदन संलग्न हुनु पर्ने रु. | १००००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९४,८०० |

१०२ **फरक खर्च शिर्षक**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ मा तोकिएको खर्च शिर्षकमा मात्र वजेट खर्च गर्नुपर्ने व्यवस्था छ। साथै महालेखा नियन्त्रक कार्यालयद्वारा जारी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ (दोस्रो परिमार्जन) मा समेत तोकिएको तथा संवन्धित खर्च शिर्षकमा मात्र बजेट खर्च गर्नुपर्ने व्यवस्था छ। कोशी प्रदेश सामाजिक विकास मन्त्रालय र यस बुद्धशान्ति गाउँपालिकाको साझेदारीमा सञ्चालित अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमको लागि बिउपूँजी अनुदान, मिलिजुली समूह बैठक, अपाङ्गता सहायता कक्ष व्यवस्थापन तथा सञ्चालन, स्वास्थ्य उपचार सहयोग लगायतका विभिन्न १६ वटा कृयाकलाप सञ्चालन गर्ने गरी प्रदेश सरकारबाट रु.६,००,०००।०० बजेट विनियोजन भएको पाइयो। तर पालिकाले उक्त बजेट खर्च गर्दा तोकिएका खर्च शिर्षक भन्दा फरक गरी CBRF तर्फका ३ जना कर्मचारीलाई श्रावण देखि पौष सम्मको तलवभत्ता तथा चाडपर्व खर्च समेत रु.३,६८,३०९।०० खर्च लेखेको पाइयो। यसरी निश्चित कृयाकलापका खर्च गर्ने गरी तोकिएर आएको बजेट अन्य कृयाकलापमा खर्च गरेको पाइएकोले नियमावली व्यवस्था विपरितको खर्च रकम अनियमिति देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,६८,३०९ |

१०३ **कर कट्टी**

आयकर ऐन, २०५८ को दफा ८८ (१) अनुसार बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत,भाडा,रोयल्टी, सेवा शुल्क, कमिशन, बिक्रि बोनस, अवकाश भुक्तानी र अन्य कुनै प्रतिफल तथा अवकाश भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले सञ्चालन गरेका विभिन्न खोप कार्यक्रमहरुमा खोपकर्ता तथा खोप नामावली प्रविष्टीकर्तालाई निम्नानुसारका गो भौ नं र मितिबाट सेवा शुल्क भुक्तानी गरेकोमा १५ प्रतिशतका दरले कर कट्टा गरी भुक्तानी दिनुपर्नेमा १ प्रतिशत मात्र कट्टा गरी भुक्तानी दिएको पाइएकोले नपुग कर रकम पालिकाले सम्बन्धित व्यक्तिको एकिन गरी असूल गर्नुपर्ने रु.

| क्रम संख्या | गो भौ नं मिति | भुक्तानी रकम | नपुग कर रकम | भुक्तानी पाउने |
|---|---|---|---|---|
| १ | १७।२०८१।१।१८ | १०५०००.०० | १४७००.०० | विभिन्न |
| २ | २०।२०८१।२।२१ | ८००००.०० | ११२००.०० | विभिन्न |
| **जम्मा** | | | **२५९००.००** | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,९०० |

**१०४ नपाउने भत्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्य नियमावली, २०७७ को नियम ३९ (१० ) मा जिम्मेवार ब्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि आबश्क बिल भरपाई वा कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था छ । पालिकाले गोभौ नं ३७७ मिति २०८०।१०।१२ मा तालिममा सहभागिलाई बैठक भत्ता प्रदान गरिएको छ। सो सम्बन्धमा पालिकाले कुनैपनि किसिमको मापदण्ड तयार गरी लागु गरेको छैन। तालिमलाई प्रमाणित गर्ने प्रमाण कागजात तथा तालिम सम्बन्धी प्रतिवेदन तयार गरिएको छैन। कार्यालयको समयमा कार्यालय परिसरमा भएको तालिममा सहभागिलाई बैठक भत्ता प्रदान गर्ने कुनै कानूनी व्यवस्था नरहेकाले सो वापतको भुक्तानी रु. ७३१०० सम्बन्धित बाट असुल गर्नुपर्ने रु.

| क्रम | कर्मचारीको नाम | रकम |
|---|---|---|
| १०४.१ | अस्मिता थापा | १,७०० |
| १०४.२ | उद्धव प्रसाद दाहाल | ३,४०० |
| १०४.३ | खड्ग बहादुर सुवेदी | २,५५० |
| १०४.४ | चन्द्रकला खवास | ३,४०० |
| १०४.५ | जय प्रकाश खाती | १,७०० |
| १०४.६ | झलक परियार | ८५० |
| १०४.७ | टिका देवी खतिवडा | ८५० |
| १०४.८ | तोषराज ठाकुर | ३,४०० |
| १०४.९ | दुर्गादेवी कोइराला | ३,४०० |
| १०४.१० | दुर्योधन सिंह राजपु | १,७०० |
| १०४.११ | निरज घिमिरे | ८५० |
| १०४.१२ | निर्मला आचार्य | २,५५० |
| १०४.१३ | पुजा चापागाई | ८५० |
| १०४.१४ | प्रकाश तामाङ | ३,४०० |
| १०४.१५ | बालकृष्ण नेपाल | १,७०० |
| १०४.१६ | मनमोहन सिग्देल | १,७०० |
| १०४.१७ | मुना आचार्य | २,५५० |
| १०४.१८ | ममता रिजाल | २,५५० |
| १०४.१९ | रुपा खाती | ८५० |
| १०४.२० | राज कुमार न्यौपाने | ३,४०० |
| १०४.२१ | लोक माया बाँनिया | ३,४०० |
| १०४.२२ | विनोद पोखरेल | १,७०० |
| १०४.२३ | शैलेश पौडेल | ३,४०० |
| १०४.२४ | शशी पनेरु | ३,४०० |
| १०४.२५ | शिव श्रेष्ट | १,७०० |
| १०४.२६ | संजय राई | ३,४०० |
| १०४.२७ | समिरा कुमाल | ३,४०० |
| १०४.२८ | सुरेन्द्र गुप्ता | ३,४०० |
| १०४.२९ | सारदा भण्डारी | १,७०० |
| १०४.३० | हरि कुमार प्रधान | १,७०० |
| | | |


https://nams.oag.gov.np

| | | |
|---|---|---|
| १०४.३१ | हरि प्रसाद पोख्रेल | २,५५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७३,१०० |

१०५ **एकल महिला समुहलाई उद्यमशिलता व्यवसाय अनुदान**

एकल महिला उद्यमशिलता विकास कार्यक्रम (सञ्चालन) मार्गदर्शन, २०८० मा स्थानीय तहहरुसँगको साझेदारीमा एकल महिलाहरुलाई उद्यमशिलता तथा व्यवसाय गर्न अनुदान रकम उपलब्ध हुने र उद्यम/व्यवसाय सञ्चालन गरेको तीन वर्ष पश्चात अनुदान रकमको ५० प्रतिशत रकम उक्त समूलहले अर्को समूहलाई दिनुपर्ने व्यवस्था छ। पालिकाले एकल महिलाहरुलाई उद्यमशिलता तथा व्यवसाय अनुदान अन्तर्गत उद्यमशिलता एकल महिला समूहलाई गो भौ नं २९।२०८१।३।१० बाट प्रदेश सरकारको रु.५,००,०००।०० तथा स्थानीय तहको रु.२,५०,०००।०० गरी कुल रु.७,५०,०००।०० अनुदान दिएको पाइयो। च्याउ खेती कार्यक्रमको लागि अनुदान उपलब्ध गराएकोमा मार्गदर्शनमा भएको व्यवस्था बमोजिम पालिकाले उक्त उद्यमशिलता व्यवसायको नियमित रेखदेख तथा अनुगमन गर्ने तथा मार्गदर्शनको व्यवस्था तथा समूहसँगको सम्झौता बमोजिम अनुदान रकम उपलब्ध गराएको तीन वर्ष पश्चात उक्त रकमको ५० प्रतिशतले हुने रु.३,७५,०००।०० रकम अर्को समूहलाई उपलब्ध गराउन पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१०६ **लागत सहभागिता अनुपात** (120-२०८१-२-२८):

प्रदेश तथा स्थानीयमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्याविधि,२०८१ को दफा ५(ङ) बमोजिम कृषि सामाग्रीको हकमा अनुदानको सिमा पचास प्रतिशत हुने उल्लेख छ । त्यस्तै सोहि ऐनको दफा २(ग) मा कृषि सामाग्री भन्नाले कृषि उत्पादनमा प्रयोग हुने प्राङ्गरिक मल, बिउ, बेर्ना, बिरुवा, विषादी, जैविक हार्मोन, कृषि चुन, पोषक तथा शुक्ष्म तत्व, मौरी घार,मौरी गोला कृषि औजार,उपकरण लगाएतका कृषि उत्पादन कार्यमा टेवा पुर्याउने अन्य सामाग्री/वस्तु सम्झनु पर्छ भनि परिभाषित गरेको छ। पालिकाले यस वर्ष उन्नत बीउ उपयोग अनुदान अन्तर्गत विभिन्न कृषकलाई विभिन्न प्रकारका धानको बीउ रु.५,३८,३७५.०० खरिद गरी वितरण गरको छ ।उक्त खरिद गर्दा किसानको तर्फबाट पचास प्रतिशत र संघीय सरकारबाट पचास प्रतिशत अनुदान वापत हुने रु.२,६९,१८७.५० मात्र खर्च कट्टी लेख्नुपर्नेमा रु.२,८९,१३५.०० खर्च गरेकोले तोकिए भन्दा बढी अनुदान दिएको रु.१९९४७.५० सम्बन्धित कृषक तथा कृषक समूहबाट असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,९४७ |

१०७ **अनुदान** (162-२०८१-३-१९):

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन म्यानुअलको परिच्छेद ७ मा उपलब्ध हुने सेवा सुविधाहरुको व्यवस्था गरिएको छ । जसमा कृषि औजार तथा उपकरणहरुमा बढिमा ५० प्रतिशत सम्म अनुदान सुविधा उपलब्ध गराउन सक्ने व्यवस्था रहेको छ । पालिकाले आ.व.२०७९/०८० मा स्थापना भएको तरकारी बाली पकेट विकास कार्यक्रमको निरन्तरता कार्यक्रममा रु.५,००,०००.०० अनुदान उपलब्ध गराएको छ । यस भैचरमा पेश गरेका विल भरपाई बमोजिम टेम्पो, टिलर लगायतका कृषि उपकरणहरु रु.७,४९,०९३.०० मा खरिद गरी श्री पैरवी मिश्रीत कृषक समूहलाई वितरण गरेको छ । उक्त सामाग्रीमा कुल लागत रु.७,४९,०९३.०० को पचास प्रतिशतले हुने रु.३७४५४६.५० मात्र अनुदान उपलब्ध गराउनु पर्नेमा रु.५,००,०००.०० उपलब्ध गराएकोले बढी अनुदान सम्बन्धित कृषक तथा कृषक समूहबाट असूल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२५,४५३ |

१०८ **रबर खेती प्रवर्द्धन कार्यक्रम** (189-२०८१-३-२४):

स्थानीय तहमा सञ्चालन हुने रबर खेती प्रवर्द्धन कार्यक्रम कार्यविधि,२०८० को दफा ५ (१) बमोजिम स्थानीय तहले रबर नर्सरी स्थापना,क्षमता विकास कार्यक्रम,निजि जमिनमा बगैँचा विस्तार,सार्वजनिक/समुदायको जमिनमा बगैँचा विस्तार र सहयोगी कार्यक्रममा अनुदानको रकम खर्च गर्न सकिने व्यवस्था गरेको छ । पालिकाले यस कार्यक्रममा यस वर्ष तिन चक्के ठेला गाडा ३ वटा रु.११२८३.००, रबर बेन्ड कटीङ्ग मेशिन १ वटा रु.३०००००.०० र रबर बेन्डिङ्ग १ सेट(५० पिस) रु.१७६९९१।०० गरी रु.५१२७४८.०० को खरिद गरी पालिकाले रु.२,५६,३७४.०० अनुदान दिएको छ । पालिकाले यस्तो रकम खर्च गर्दा कार्यविधिले

तोके बमोजिमका क्षेत्र र विधि बमोजिम रकम खर्च गर्ने तर्फ ध्यान दिनुपर्दछ । सामान खरिद गर्दा मितव्ययि हुने तवरले खरिद गरी सोको वितरण गर्दा लक्षित वर्ग नदोहोरिने र सोको अधिकतम प्रतिफत प्राप्त गर्न सक्ने कृषको छनोट गरी कार्यक्रम सञ्चालन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१०९ **मागमा आधारित कार्यक्रम** (36-२०८१-३-१९):

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा रु. १० लाख सम्मको खरिद कार्य सोझै गर्न सकिने र रु. १० लाखभन्दा माथि रु. २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासँग एक पटक वा पटक पटक गरी १० लाख भन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष मागमा आधारित कार्यक्रम/एक वडा एक उत्पादन अन्तर्गत स्प्रे ७० पिस,टनेल २७ वटा,स्प्रेयर ६२ वटा र बेरो विथ टाय/ठेला गाडी २०३ वटा रु.१४४३३००.०० मा खरिद गरेकोमा उक्त खरिद कार्यमा खरिद नियमावलिले तोके बमोजिमको प्रक्रियाको पालना गरेको देखिएन। साथै उक्त सामाग्रि वितरणमा पालिकाले ५० प्रतिशत अनुदान वापत रु.७५४०००.०० खर्च गरेको छ । पालिकाले त्यसरी खरिद गरेका सामाग्रि वितरणको लागि वितरण सम्बन्धी कुनै मापदण्ड तयार गरेको देखिएन जसले गर्दा अनुदान प्राप्त गर्ने कुनै व्यक्ति वा संस्था दोहोरि रहने र कुनै व्यक्ति वा संस्थाले अनुदान प्राप्त नगर्ने आवस्था समेत रहने हुनाले कार्याविधि तयार गरी वितरण कार्य गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

११० **शत प्रतिशत अनुदान** (39-२०८१-३-१७):

प्रदेश तथा स्थानीयमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धि कार्याविधि,२०८१ को दफा ५(ङ) बमोजिम कृषि सामाग्रीको हकमा अनुदानको सिमा पचास प्रतिशत हुने उल्लेख छ । त्यस्तै सोहि ऐनको दफा २(ग) मा कृषि सामाग्री भन्नाले कृषि उत्पादनमा प्रयोग हुने प्राङ्गरिक मल,बिउ,बेर्ना,बिरुवा,विषादी, जैविक हार्मोन,कृषि चुन,पोषक तथा शुक्ष्म तत्व, मौरी घार,मौरी गोला कृषि औजार,उपकरण लगाएतका कृषि उत्पादन कार्यमा टेवा पुर्याउने अन्य सामाग्री/वस्तु सम्झनु पर्छ भनि परिभाषित गरेको छ। पालिकाले यस वर्ष सञ्चालन गरेको केरा, ड्रागन फ्रुट, एभोकाडो फलफुल, कार्यक्रममा विभिन्न प्रकारका फुलफुलका बेर्ना रु.७०००००.०० मा खरिद गरेकोमा १०० प्रतिशत अनुदानमा वितरण गरेको छ। पालिकाले यस सम्बन्धी छुट्टै कार्यविधि बनाएको नदेखिएकोले प्रदेश कानून बमोजिम उक्त बेर्ना वितरणमा ५० प्रतिशत रु.३५००००.०० मात्र अनुदान दिनु पर्नेमा १०० प्रतिशत अनुदान दिएकोले बढी अनुदान दिएको रकम सम्बन्धित कृषकबाट यकिन गरी असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ३,५०,००० |
|---|---|

१११ **कृषि आयमा कर**

कोशि प्रदेश आर्थिक ऐन,२०८० को दफा ६(१) बमोजिम स्वघोषणा गरी आफ्नो कृषि आय प्रस्तुत गर्नेका लागि कृषि आयमा कर लगाइने र असुल गरिने, (२) उपदफा (१) बमोजिमको कृषि आयमा लाग्ने करको दर र सीमा अनुसूची ४ मा उल्लेख भए बमोजिम हुनेछ, (३) उपदफा (१) बमोजिम लगाइएको करको नियमन तथा प्रशासन प्रदेश सरकारबाट हुनेछ र (४) उपदफा (१) बमोजिम कृषि आयमा लाग्ने कर कृषि क्षेत्र हेर्ने मन्त्रालय अन्तर्गतको निकायले संकलन गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ व्यवस्था रहेको छ । सोहि ऐनको अनुसूची ४ मा ५ लाख सम्मको कृषि आयमा शून्य प्रतिशत, ५ लाख देखि ५० लाख सम्मको आयमा १.५ प्रतिशत,५० लाख देखि १ करोड सम्मको आयमा १.७५ प्रतिशत र १ करोड भन्दा माथिको आयमा २ प्रतिशत कृषि आयमा कर लाग्ने व्यवस्था रहेको छ । पालिकाका ७ वडा मध्ये निम्न अनुसारको वडा न.३ को नमुना छनौट गरी विश्लेषण गर्दा पालिकाले निम्नानुसारका व्यक्तिहरुको कृषि आयको प्रमाणिकरण गरी कृषि आयको सिफारिस गरेकोमा कृषि आयमा कर तिरेको सम्बन्धमा यकिन नगरी सिफारिस गरेकोले तथा कुनै पनि व्यक्तिले कृषि आयमा कर तिरेको नदेखिएकोले पालिकाले आयको सिफारिस गर्दा कृषि आयमा कर तिरेको प्रमाण पेश गरे पश्चात वा नतिरेको सम्बन्धमा सोको संकलनको लागि प्रदेश सरकारसंग आवश्यक समन्वयन गरी कृषि आयमा लाग्ने कर संकलनमा सहयोग गर्नुपर्ने देखिन्छ । आयको प्रमाणिकरण गरी सिफारिस गर्ने कार्य पालिका अन्तरगतका वडाहरुले गर्ने गरेको तर सोमा लाग्ने कर

संकलन गर्ने अधिकार प्रदेश सरकारमा निहित रहेको देखिन्छ ।पालिकाले आयको सिफारिस गर्दा सोमा प्रदेश कानुन बमोजिम लाग्ने कर तिरेको प्रमाण वेगर आयको सिफारि गर्न समेत नमिल्ने देखिन्छ तसर्थ पालिकाले कृषि आयमा कर तिरेको प्रमाण पश्चात मात्र आय प्रमाणिकरणको सिफारिस गर्नुपर्ने देखिन्छ ।

| सि.नं. | च.नं. | मिति | नाम थर | कृषि आयबाट आम्दानीरकम | कर १.५ प्रतिशत |
|---|---|---|---|---|---|
| १ | 2632 | 10/29/2080 | कृष्ण प्रसाद सापकोटा | 600000 | 9000 |
| २ | 1433 | 8/7/2080 | सूर्यमान थेबे र सरिताथेबे | 1724360 | 25865.4 |
| ३ | 2529 | 10/23/2080 | मातृका विश्वकर्मा | 550000 | 8250 |
| ४ | 2701 | 11/6/2080 | यशोदा गौतम ढुङगेल | 550000 | 8250 |
| ५ | 2163 | 9/25/2080 | रन्जना योङहाङ | 700000 | 10500 |
| ६ | 2228 | 10/3/2080 | खगेन्द्र मैनाली | 2000000 | 30000 |
| ७ | 2300 | 10/8/2080 | तुलसीराम दाहाल | 1300000 | 19500 |
| ८ | 2199 | 9/29/2080 | हेमराज बास्तोला | 1100000 | 16500 |
| ९ | 3618 | 1/17/2081 | तारानाथ खतिवडा | 820000 | 12300 |
| १० | 1992 | 9/16/2080 | ममता विश्वकर्मा | 650000 | 9750 |
| ११ | 1981 | 9/13/2080 | पोषनाथ रिजाल | 630000 | 9450 |
| १२ | 2070 | 9/18/2080 | अरुण श्रेष्ठ | 2447600 | 36714 |
| १३ | 3807 | 1/31/2081 | भिम कुमारी तामाङ | 960000 | 14400 |
| १४ | 3698 | 1/23/2081 | पदम बहादुर श्रेष्ठ | 0 | 0 |
| १५ | 3681 | 1/30/2081 | रिमा धिमाल | ९०८००० | 13620 |
| १६ | 2087 | 9/20/2080 | जयन्ता अधिकारी | 500000 | 7500 |
| १७ | 420 | 5/5/2080 | नारायण प्रसाद मैनाली | 902000 | 13530 |
| १८ | 2823 | 11/24/2080 | धनपति धिमाल | 550000 | 8250 |
| १९ | 2100 | 9/22/2080 | रमा अधिकारी ढकाल | 500000 | 7500 |
| २० | 4027 | 2/17/2081 | श्याम बहादुर कठेत | 800000 | 12000 |
| २१ | 3077 | 12/5/2080 | अन्जना धिमाल | 600000 | 9000 |
| २२ | 4054 | 2/17/2081 | श्री बहादुर मोक्तान | 0 | 0 |
| २३ | 482 | 5/10/2080 | घनश्याम प्रसाई | 700000 | 10500 |
| २४ | 197 | 4/18/2080 | इन्द्र माया खुलाल, खेमराज कार्की र डिना बुढाथोकी | 500000 | 7500 |
| २५ | 16 | 4/7/2080 | भक्त बहादुर श्रेष्ठ | 1480000 | 22200 |
| २६ | 222 | 4/21/2080 | गायत्री ढकाल | 500000 | 7500 |
| २७ | 2930 | 11/22/2080 | राम प्यारी थेबे | 600000 | 9000 |
| २८ | 3997 | 2/16/2081 | प्रकाश सेन्दाङ | 0 | 0 |
| २९ | 3126 | 12/11/2080 | गंगा पौडेल डागी | 2290040 | 34350.6 |
| ३० | 181 | 4/17/2080 | इश्वरीराज ढकाल | 2250000 | 33750 |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | 389 | 5/1/2080 | कौशिला तामाङ | 540000 | 8100 |
| | | **जम्मा रु.** | | **27652000** | **414780** |

| सैद्धान्तिक बेरुजु |
|---|

११२ **फरक खर्च शिर्षक**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ मा तोकिएको खर्च शिर्षकमा मात्र वजेट खर्च गर्नुपर्ने व्यवस्था छ। साथै महालेखा नियन्त्रक कार्यालयद्वारा जारी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ (दोस्रो परिमार्जन) मा समेत तोकिएको तथा संवन्धित खर्च शिर्षकमा मात्र बजेट खर्च गर्नुपर्ने व्यवस्था छ। उद्योग, कृषि तथा सहकारी मन्त्रालयको सहर्त अनुदान कार्यक्रम अन्तर्गत पालिकालाई कृषि यान्त्रिकरण प्रवर्द्धन कार्यक्रम तथा तोरी खेती प्रवर्द्धनका लागि तोरी प्रशोशन यन्त्र उपकरण खरिद कार्यक्रमको लागि रु.२०/२० लाख बजेट विनियोजन भएको पाइयो। पालिकाले तोरी खेती प्रवर्द्धनका लागि तोरी प्रशोधन यन्त्र उपकरण खरिद कार्यक्रमको लागि ३० प्रतिशत लागत सहभागिता हुनेगरी कार्यक्रम सञ्चालन गरी रु.२४,००,०००।०० बराबरको तोरी मिल तथा तेल फिल्टर खरिद तथा वितरण गरेको पाइयो। लागत सहभागिता ३० प्रतिशत रहेको यस कार्यक्रममा प्रदेश अनुदानबाट खर्च रकमको ७० प्रतिशतले हुने रु.१६,८०,०००।०० तथा लागत सहभागिता रु.७,२०,०००।०० गरी कुल रु.२४,००,०००।०० मात्र खर्च गर्नुपर्नेमा पालिकाले यस कार्यक्रमको रु.२० लाख नै बजेट खर्च गरी बाँकी रु.३,२०,०००।०० कृषि यान्त्रिकरण प्रबर्द्धन कार्यक्रममा खर्च गरेको पाइयो। यसरी सशर्त अनुदानतर्फ विभिन्न खर्च शिर्षकका तोकिएर आएको अनुदान रकमको खर्च नभई बाँकी रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्नेमा सो नगरी अन्य कार्यकममा खर्च गरेको नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | ३,२०,००० |
|---|---|

११३ **लागत सहभागिता**

उद्योग, कृषि तथा सहकारी मन्त्रालयको सहर्त अनुदान कार्यक्रम अन्तर्गतका कार्यक्रममा स्थानीय तह वा सम्बन्धित लाभग्राहीको तर्फबाट अनिवार्य रुपमा न्यूनतम पच्चीस प्रतिशत लागत सहभागिता समावेश गर्नुपर्ने उल्लेख छ। पालिकाले सशर्त अनुदान कार्यक्रम अन्तर्गत ५० प्रतिशत लागत साझेदारीमा सञ्चालन गरेको कृषि यान्त्रिकरण प्रवर्द्धन कार्यक्रम अन्तर्गत रु.४५,२५,१६५।०० बरावरका विभिन्न कृषि उपकरणहरु खरिद गरी वितरण गरेकोमा कृषि यान्त्रिकरण कार्यक्रमको रु.२० लाख तथा तोरी खेती प्रवर्द्धनको रु.३,२०,०००।०० गरी रु.२३,२०,०००।०० खर्च गरेको पाइयो। यस कार्यक्रम अन्तर्गत कृषकको ५० प्रतिशत लागत सहभागिता अनिवार्य गरेकोमा रु.४६,२०,०००।०० बराबरको कार्यक्रम सञ्चालन हुनुपर्नेमा रु.४५,२५,१६५।०० को मात्र (रु.१,१४,८३५।०० घटीको) कार्यक्रम सञ्चालन भएको पाइएकोले लागत सहभागितको अंश नपुग रकम सम्बन्धित लाभग्राही एकीन गरी असूल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | १,१४,८३५ |
|---|---|

११४ **अनुदान अनुपात**

प्रदेश तथा स्थानीयमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्याविधि,२०८१ को दफा ५(ङ) बमोजिम कृषि सामाग्रीको हकमा अनुदानको सिमा पचास प्रतिशत हुने उल्लेख छ । त्यस्तै सोहि ऐनको दफा २(ग) मा कृषि सामाग्री भन्नाले कृषि उत्पादनमा प्रयोग हुने प्राङ्गरिक मल,बिउ,बेर्ना,बिरुवा,विषादी, जैविक हार्मोन,कृषि चुन,पोषक तथा शुक्ष्म तत्व, मौरी घार,मौरी गोला कृषि औजार,उपकरण लगाएतका कृषि उत्पादन कार्यमा टेवा पुर्याउने अन्य सामाग्री/वस्तु सम्झनु पर्छ भनि परिभाषित गरेको छ। तर पालिकाले यस वर्ष प्रदेशबाट प्राप्त देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्दा ७५ प्रतिशत अनुदान दिएकोले थप २५ प्रतिशतले हुने रकम रु.६००२१५.०० सम्बन्धित कृषक समूहबाट असूल गर्नुपर्ने रु.

| सि.न. | गो.भौ.न./मिति | अनुदान प्राप्त गर्ने समूह | कुल लागत रकम रु. | थप २५/५० प्रतिशत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | १२,२०८०।११।१३ | देउमाइ महिला कृषक समूह | १६६५००.०० | ४१६२५.०० | तोरीको बिउ लगायत |
| २ | १३,२०८०।११।१५ | हरियालि मूल कृषक समूह | २५२३१५.०० | ६३०७८.०० | आलुको बिउ लगायत |
| ३ | १६,२०८०।११।३० | पाथिभरा मिश्रीत कृषक समूह | १६६२००.०० | ४१५५०.०० | तोरीको बिउ लगायत |
| ४ | १८,२०८०।१२।१५ | श्री जनआस्था बहुउदेश्य कृषक समूह | १६६५००.०० | ४१६२५.०० | तोरीको बिउ लगायत |
| ५ | २०,२०८०।१२।२० | न्यू कंञ्चनजगा कृषि सहकारी संस्था लि. | १६६५००.०० | ४१६२५.०० | तोरी |
| ६ | २४,२०८१।०२।०२ | पालिकाले खरिद गरी वितरण गरेको | १४९९२५,०० | ७४९६२.०० | मकैबालीको किरा १०० प्रतिशत अनुदान |
| ७ | २५,२०८१।०२।१६ | पालिकाले खरिद गरी वितरण गरेको | १९७७००.०० | ९८८५०.०० | सुपारी बालिको किरा १०० प्रतिशत अनुदान |
| ८ | ३३,२०८१।०३।१३ | पालिकाले खरिद गरी वितरण गरेको | ३९३८००.०० | १९६९००.०० | जैविक मल र एसिड १०० प्रतिशत अनुदान |
| | | **जम्मा रु.** | | **६००२१५.००** | |

| असुल गर्नुपर्ने | ६,००,२१५ |
|---|---|

११५ **विल भरपाई**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने तथा ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ। पालिकाले प्रदेश सरकारबाट प्रस्तावनामा आधारित रही विनियोजन भएको रु.७,००,०००।०० रकम गो भौ नं १३।२०८०।९।१२ बाट रु.५,००,०००।०० तथा गो भौ नं २६।२०८१।३ ४ बाट रु.२,००,०००।०० गरी श्री सीता रमेश बहुमुखी क्याम्पसलाई भुक्तानी गरेको पाइयो। प्रस्तावित योजना अनुसार तोकिएका शिर्षकमा रही ४० प्रतिशत चालु खर्च र ६० प्रतिशत पूँजीगत खर्च गर्नेगरी विनियोजन भएको उक्त रकमको सम्झौता बमोजिमको खर्च पुष्ट्याई गर्ने कागजात, कार्यसम्पन्न प्रतिवेदन तथा अनुगमन प्रतिवेदन श्रेस्तासाथ संलग्न गरेको पाइएन। अतः नियमावली तथा क्याम्पससँगको सम्झौता बमोजिम उक्त खर्च रकमलाई पुष्ट्याई गर्ने कागजात तथा कार्यसम्पन्न प्रतिवेदन र अनुगमन प्रतिवेदन पेश हुनुपर्ने देखिएको रु.

| अनियमित भएको | ७,००,००० |
|---|---|

११६ **छात्रवृत्ति कार्यक्रम** (175-२०८१-३-२०):

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को २.८.४ को कृयाकलाप नं ७.२.१.१ मा सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि आवासीय र गैर आवासीय छात्रवृत्ति सम्बन्धी व्यवस्था छ। जस अन्तर्गत स्थानीय तहले भौगोलिक अवस्था, विद्यालय र घरको दुरी टाढा भएका तथा घरबाट दैनिक विद्यालय आउन जान नसक्ने विद्यार्थीका लागि प्रति विद्यार्थी मासिक रु.४,०००।०० को दरले १० महिनाको रु.४०,०००।०० रकम विद्यालयलाई अनुदान दिने व्यवस्था छ। सो रकममध्ये विद्यार्थीको सरसफाईको लागि विद्यालयले विद्यार्थीलाई मासिक रु.५०० को दरले १० महिनाको जम्मा रु.५,०००।०० सम्बन्धित छात्रछात्रालाई

भरपाई गराई नगद नै अनिवार्य रुपमा उपलब्ध गराउने तथा बाँकी रकम विद्यार्थीको खाना खाजा तथा आवास व्यवस्थापनमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विभिन्न विद्यालयहरुलाई निकासा गरेको छात्रवृत्ति वापतको रकम र विद्यालयले सम्बन्धित विद्यार्थीलाई उपलब्ध गराएको भरपाई तथा विद्यालयले पालिकामा पेश गरेको उक्त खर्चको परीक्षण गर्दा देहाय बमोजिका विद्यालयले निकासा गरेको रकम भन्दा न्युन वितरण गरेको देखिएकोले सम्बन्धित विद्यार्थीलाई भुक्तानी गरेको नपाइएकोले सम्बन्धित विद्यालयबाट असूल हुनुपर्ने रु.

| **सि.न.** | **विद्यालयको नाम** | **निकासा भएको रकम रु.** | **वितरण गरेको भरपाई बमोजिम रु.** | **वितरण नगरेको रकम रु.** |
|---|---|---|---|---|
| १ | आदर्श माध्यमिक विद्यालय | ११८२००.०० | १०८२००.०० | १०,०००.०० |
| २ | शान्ति आदर्श माध्यमिक विद्यालय | ५२९००.०० | ४७८००.०० | ५१००.०० |
| ३ | शिशु सुधार आधारभूत विद्यालय | ६१२००.०० | ५१६००.०० | ९६००.०० |
| ४ | गणेश माध्यमिक विद्यालय | ५४४००.०० | ५३६००.०० | ८००.०० |
| | **जम्मा रु.** | | | **२५५००.००** |

| असुल गर्नुपर्ने | २५,५०० |
|---|---|

११७ **नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन** (18-२०८१-२-२):

शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वियन हुने कार्यक्रमसँग सम्बन्धित "कार्यक्रम कार्यान्वियन पुस्तिका, आ व २०८०।८१ को क्रियाकलाप नं २.८.८ मा विद्यालयमा शैक्षिक गुणस्तर एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वियनको लागि कार्य सम्पादनमा आधारित अनुदान प्रति विद्यालय रु.३० लाख देखि ६० लाख सम्म निकासा दिन सक्ने व्यवस्था रहेको छ । यस्तो रकम विद्यालयलाई स्वीकृत गुरुयोजनाका आधारमा निर्माण गरिएको वार्षिक कार्यान्वियन योजना अनुसार उल्लिखित सम्पन्न गर्नुपर्ने भौतिक निर्माणका लागि खण्ड क मा उल्लिखित विद्यालयले भौतिक पूर्वाधार निर्माणको लागि बजेट विनियोजन नरहेकोले निर्माणधिन अवस्थामा भए सो सम्पन्न गर्ने र तत्कालिन शैक्षिक सुधार हुने क्रियाकलाप निर्धारण सोहि बमोजिम कार्य गर्नुपर्ने व्यवस्था रहेको छ । यस वर्ष बुद्ध आदर्श माध्यमिक विद्यालयलाई रु.४५ लाख निकासा दिएकोमा सोको कुनै विल भरपाइ पेश गरेको छैन । प्रत्येक स्थानीय तहले नमुना विद्यालय विकास एंव सञ्चालन निर्देशिका, २०७४ मा उल्लेख भए बमोजिम अनुदान पुर्व शैक्षिक सुधार हुने क्रियाकलाप निर्धारण गरी शैक्षिक पूर्वाधारहरु छात्रावास व्यवस्थापन शैक्षिक सुशासनका न्यूनतम सर्त पुरा गर्ने लगायतका प्रस्ताव पेश गर्नुपर्ने र स्थानीय तहले सम्झौता अनुरुप काम गरे नगरेको नियमित अनुगमन गरी कार्यसम्पन्न प्रगति केन्द्रमा पठाउनुपर्ने व्यवस्था छ। विद्यालयलाई उक्त रकम निकासा दिएकोमा लेखापरीक्षको समयमा समते उक्त रकमको कुनै कार्य भएको नदेखिएकोले उक्त रकमको सम्बन्धमा कार्यान्वियन पुस्तिका बमोजिम निर्धारित समयमा कार्य भएको आवश्यक प्रमाण पेश गर्नुपर्ने अन्यथा निकासा फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ४५,००,००० |
|---|---|

११८ **नमुना विद्यालय** (18-२०८१-२-२):

कार्याक्रम कार्यान्वियन पुस्तिका २०८०/०८१ को क्रियाकलाप नं.९.८ मा नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वियन अनुदान रकम खर्च गर्दा विद्यालयले गुरुयोजना तयार गरी खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । शिक्षा तथा विद्यालय मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ११.१.२. मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वियन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले रकम निकासा गर्दा विद्यालयसंग सम्झौता भइसके पश्चात पहिलो किस्ताको रुपमा कुल अनुदान रकमको ५० प्रतिशत र Structural Part को कार्य सम्पन्न भएपश्चात दोस्रो किस्ताको रुपमा कुल अनुदान रकमको ३० प्रतिशत रकम अनुदान दिने र कार्य सम्पन्न गरे पश्चात नापी किताब भरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी अन्तिम

किस्ताको रुपमा कुल अनुदान रकमको २० प्रतिशत रकम अनुदान दिने व्यवस्था रहेको छ । पालिकाले नमुना विद्यालय श्री बुद्ध आदर्श मा.वि.लाई गोश्वरा भौचर न.१८,२०८१।०२।०२ बाट रु.५० लाख र ३०,२०८१।०३।२३ मा रु.३७७६६१५.८५ गरी रु.८७,७६,६१५.८५ निकासा गरेकोमा सोको कुनै प्रगति प्रतिवेदन पेश गरेको छैन । पालिकाले कुनै कार्य प्रगति वेगर निकासा गरेको रकमको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८७,७६,६१६ |

११९ **मापदण्ड विपरित निकासा** (100-२०८१-१-२७):

शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित "कार्यक्रम कार्यान्वयन पुस्तिका, आ व २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१३ मा विद्यालयमा शैक्षिक गुणस्तर एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत शैक्षिक,व्यवस्थापकिय सुधार,सुशासनमा उत्कृष्ट कार्य गरेका विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान रकम स्थानीय तहले शैक्षिक,व्यवस्थापकिय सुधार,सुशासनमा उत्कृष्ट कार्य गरेका विद्यालयलाई छनोट गर्दा कम्तीमा १०० विद्यार्थी र माध्यमिकतर्फ २०० विद्यार्थी भएका विद्यालयहरुमध्ये सामाजिक परीक्षण मापदण्ड,२०७८ ले तोकेको विधि,प्रक्रिया र पद्धति बमोजिम प्राप्त गरेको समष्टिगत अङकलाई मान्ने र उच्चतम अङ्क प्राप्त गर्ने प्रथम र द्धितिय विद्यालयलाई क्रमश:तीन लाख र दुई लाख निकासा गर्ने व्यवस्था रहेको छ । यस वर्ष सामाजिक परीक्षण मापदण्ड,२०७८ ले तोकेको विधि,प्रक्रिया र पद्धति बमोजिम गणेश मा.वि. प्रथम र त्रिभुवन आ.वि. द्धितिय भएकोमा उक्त रकम सम्बन्धित विद्यालयलाई निकासा दिनु पर्नेमा देहायबमोजिका विद्यालयलाई निकासा दिएकोले उक्त रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु.

| सि.न. | विद्यालयको नाम | निकासा रकम रु. |
|---|---|---|
| १ | आदर्श मा.वि. | ३००,०००.०० |
| २ | गडिगाउँ मा.वि. | ५०,०००.०० |
| ३ | त्रिभुवन मा.वि. | ५०,०००.०० |
| ४ | नमुना मा.वि. | ५०,०००.०० |
| ५ | सरस्वती आ.वि. | ५०,०००.०० |
| | **जम्मा रु.** | **५००,०००.००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,००,००० |

१२० **शिक्षक दरबन्दी र पदपुर्ति**

शिक्षा तथा मानवश्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ मा स्थानीय तहले दरबन्दी मिलानबाट कायम भएको दरबन्दी, शिक्षक अनुदान कोटा, प्राविधिक धार, प्रारम्भिक बाल विकास सहजकर्ता र विद्यालय कर्मचारी अनुदानमा कार्यरत शिक्षक, प्रशिक्षक तथा कर्मचारीको विद्यालयबाट प्राप्त मागफारम रुजुगरी निर्धारीत तलब, भत्ता, पोशाक खर्च, चाडपर्ब खर्च अनुदान उपलब्ध गराउने व्यवस्था छ। पालिकाको क्षेत्रभित्र रहेका विद्यालयको दरबन्दी मिलान नगरी तलब भत्तामा अनुदान खर्च लेख्ने गरेको छ । साथै नेपाल सरकार मन्त्रिपरिषदबाट साविकमा नेपाल सरकारले जिल्लागत रुपमा उपलब्ध गराएको प्राथमिक, निम्न माध्यामिक तहका शिक्षक दरबन्दी तथा राहतकोटालाई स्थानीय तहगत रुपमा बाँडफाँट भए बमोजिमको शिक्षक दरबन्दी तथा पदपूर्ति देहाय वमोजिम रहेको र सोही बमोजिम अनुदान निकाशा भएको छ। विद्यालयमा शिक्षक विद्यार्थी अनुपात एकीन गरी नियम बमोजिम विद्यालय व्यवस्थापन र शिक्षक दरबन्दी मिलान हुनुपर्दछ ।

| तह | बुद्धआदर्श | आदर्श | शान्ति बा | गडिगाउँ | त्रिभुवन | गणेश | श्री मा.वि | रा.वि मा.वि | नमुना | नवकिरण | सरस्वति | जनज्योति | शिशु सुरक्षा | आदर्श पा. | नमुना प्रा. | [illegible] |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **उ.मा.वि** | २ | २ | २ | २ | | | | | | | | | | | | |
| **मावि** | ८ | ५ | ४ | ४ | १ | १ | १ | ० | ० | ० | ० | ० | | | | |
| **मावि राहत** | | 1 | 1 | 1 | 1 | | | 1 | | | | | | | | |
| **मावि अनुदान** | | | | | | 1 | 1 | 1 | | | | | | | | |
| **निमावि** | ५ | ४ | ४ | ३ | ३ | ४ | १ | ० | ० | ० | ० | ० | | | | |
| **निमावि राहत** | | | | २ | | | २ | २ | २ | १ | | ३ | | | | |
| **निमावि अनुदान** | | | | | | | | | | | १ | | | | | |
| **प्रावि** | १९ | ११ | ५ | ८ | ९ | १० | ९ | ८ | ६ | ६ | ९ | ५ | ४ | ३ | ३ | [illegible] |
| **प्रावि राहत** | १ | | | | | | १ | १ | | | | | | | १ | [illegible] |

सैद्धान्तिक बेरुजु

१२१ **दिवा खाजा कार्यक्रम**

२०,२०८०।६।१८/४३,२०८०।०९।१३/७९,२०८०।१२।२५ र १७७,२०८१।०३।२० कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को २.८.७ क्रियाकलापको बुँदा नं ङ मा विद्यालय सञ्चालन हुनासाथ दिवा खाजा व्यवस्थापन गर्नुपर्ने भएकाले आर्थिक वर्षको सुरुमै शैक्षिक व्यवस्थापन सूचना प्रणाली IEMIS मा समावेश भएको प्रारम्भिक बाल विकासदेखि कक्षा ५ सम्मको विद्यार्थी सङ्ख्यालाई आधार मानी प्रति विद्यार्थीका लागि दैनिक रु.१५ का दरले पहिलो त्रैमासिकको बजेट निकासा गर्ने तथा बुँदा नं घ मा दोस्रो त्रैमासिकदेखि स्थानीय तहले विद्यालय भौतिक रुपमा पूरा चलेको दिन (परीक्षामा सामेल भएको दिनसमेत) खाजा उपलब्ध गराईएका विद्यालयको प्रधानाध्यापक र विव्यस अध्यक्षबाट विधार्थीको सङ्ख्यात्मक विवरण प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी सङ्ख्या यकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था मिलाउने व्यवस्था छ। साथै प्रत्येक त्रैमासिकमा निकासा गर्दा उक्त समयभन्दा अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चत गर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले विभिन्न विद्यालयलाई निकासा गरेको दिवा खाजाको रकम र विद्यालयले दिवा खाजामा गरेको खर्च रकम भिडान गर्दा देहाय बमोजिमका विद्यालयहरुलाई पालिका(पालिकाले बाल विकासमा अध्ययनरत विद्यार्थीहरुलाई थप रु.१० प्रति विद्यार्थी १८० दिन सम्मको) र संघीय सरकारले उपलब्ध गराएको दिवा खाजाको रकम खर्च गरेको नदेखिएकोले खर्च नगरेको रकम सम्बन्धित विद्यालयहरुबाट असूल गर्नुपर्ने रु.

| क्र.स | विद्यालयको नाम | दिवा खाजा सघतर्फ जम्मा निकासा रु. | दिवा खाजा पालिकाले उपलब्ध गराएको रु. | जम्मा निकासा रकम रु. | दिवा खाजामा भएको खर्च रु. | निकासा भन्दा न्यून खर्च रु. |
|---|---|---|---|---|---|---|
| १ | बुद्ध आदर्श मा.वि. | १४२८३०० | १५९७५० | १५८८०५० | १०४४९१० | ५४३१४०.०० |
| २ | त्रिभुवन मा.वि. | ७११४५० | १९१७०० | ९०३१५० | ८०४२०५ | ९८९४५.०० |
| ३ | गणेश मा.वि. | ४४१४५० | ५४९०० | ४९६३५० | ४९१३०३ | ५०४७.०० |
| ४ | मावि बर्ने | ३८६१०० | ४४५५० | ४३०६५० | ४२९४७५ | ११७५.०० |
| | **जम्मा** | | | | | **६४८३०७.००** |

| असुल गर्नुपर्ने | ६,४८,३०७ |
|---|---|

### १२२ विद्यालय अनुदान निकासाको अनुगमन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)मा सर्वमान्यतामा असर नपर्नेगरी पालिकाको काम कर्तव्य अधिकारको खण्ड (ज) (२१) मा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सो को बजेट व्यवस्थापन, विद्यालयको आयव्ययको लेखा, अनुशासन कायम र नियमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले अन्तरगतका आफ्नो क्षेत्रभित्रका विद्यालयहरुले विद्यालय लेखामान दिग्दर्शन बमोजिम नगदी तथा जिन्सीको लेखा राखे नराखेको, कट्टी गरेको कर , नागरिक लगानी कोष, कर्मचारी सञ्चयकोष सम्बन्धित खातामा दाखिला गरे नगरेको, र नेपाल सरकारको २०७५।३।३२ को निर्णय बमोजिम विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी पारीश्रमिक सुविधा अनिवार्य रुपमा बैक खाता मार्फत भुक्तानी भए नभएको, विद्यालय सुधार योजना, सामाजिक परीक्षण र आर्थिक लेखापरीक्षण गरे नगरेको जस्ता विषयहरु समेतलाई ध्यान दिई विद्यालय अनुगमन मापदण्ड निर्धारण गरी विद्यालयको अनुगमन गरेको प्रतिवेदन देखिएन। साथै लेखापरीक्षण अवधिसम्म विद्यालयहरुको लेखापरीक्षण भएको देखिएन। पालिकाले उल्लेखित विषयहरुलाई समेत आधार लिई अनुगमन मापदण्ड तयार गरी नियमित अनुगमन गरिनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

### १२३ औषधी खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यस वर्ष सिलबन्दी एवं सोझै खरिद पक्रिया अवलम्बन गरी देहायबमोजिम रु.२७७१९६०।०० को औषधी खरिद गरेको छ । पालिकाले खरिद कार्य गर्दा खरिद ऐन तथा नियमावलीले तोकेको विधि अबलम्बन गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ।

| गो.भौ.न/मिति | खरिद विवरण | आपुर्तकको नाम | खरिद रकम रु. | खरिद विधि |
|---|---|---|---|---|
| ७,२०८०।०७।२० | अत्यावश्य औषधि खरिद | राम लक्ष्मण फार्मेसी (३००८७६८९३) | ८९४६००.०० | सोझै |
| १८,२०८१।०१।२६ | आमा सुरक्षा कार्यक्रमको लागि क्याल्सियम | राम लक्ष्मण फार्मेसी (३००८७६८९३) | ४६४०००.०० | सोझै |
| २१,२०८१।०२।२१ | विभिन्न औषधि खरिद | राम लक्ष्मण फार्मेसी (३००८७६८९३) | १०५३६०.०० | सोझै |
| १४१,२०२०८१।०३।१० | आधारभुत तथा आवस्मिक स्वास्थ्य सेवाको लागि औषधी खरिद | लाइफ लाइन ट्रप प्रा.लि. (६०९५३७८३३) | १३०८०००.०० | सोझै |
| | **जम्मा रु.** | | **२७७१९६०.००** | |

सैद्धान्तिक बेरुजु

१२४ **फरक फरक मुल्यमा औषधि खरिद**

फरक फरक मुल्यमा औषधि खरिद:२०८०।०७।२० र २०८१।०२।२१ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च लेख्नु अघि जिम्मेवार व्यक्तिले त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष राम लक्ष्मण फार्मेसीबाट देहायका औषधि फरक फरक मुल्यमा खरिद गरेको छ। पालिकाले एकै प्रकारको औषधिको फरक मुल्य भुक्तानी गर्दा पालिकालाई थप व्ययभार परेको रकम रु.

| सि.न. | औषधिको नाम | विजक न.२ को मुल्य रु. | विजक न.१३९ मुल्य रु. | फरक मुल्य रु. | खरिद परिमाण | बढी भुक्तानी रकम रु. |
|---|---|---|---|---|---|---|
| १ | Tab Amlodipine 5 mg | ४.९ | ३ | १.९ | ११५००० | २१८५००.०० |
| २ | Tab Metformin 500 mg | १.९० | १.८० | ०.१ | ८६००० | ८६००.०० |
| | **जम्मा** | | | | | **२२७९००.००** |

| अनियमित भएको | २,२७,९०० |
|---|---|

१२५ **दरबन्दीभन्दा बढी संख्यामा कर्मचारी**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले १० शैय्याको आधारभूत अस्पतालको लागि प्रस्ताव गरेको दरवन्दी तेरिज अनुसार विभिन्न ११ पदमा २२ जनाको दरबन्दी हुनेगरी दरबन्दी तेरिज प्रस्ताव गरेको छ। त्यसैगरी पालिकाले गरेको संगठन तथा व्यवस्थापन सर्भेक्षणमा समेत यस पालिकामा सञ्चालित भगिरथा बुद्धशान्ति अस्पतालको लागि २५ जनाको दरवन्दी प्रस्ताव गरेको पाइयो। तर पालिकाले मेडिकल अधिकृत, रेडियोग्राफरऽ हेल्थ असिष्टेण्ट, फार्मेसी सहायक, सुरक्षाकर्मी तथा कार्यालय सहयोगी लगायतका विभिन्न पदमा हरेको महिना १२ देखि २२ जनासम्म दरवन्दीभन्दा बढी कर्मचारी नियुक्त गरी रु.५९,०४,८१२।०० तलवभत्ता भुक्तानी गरेको पाइयो। यसरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रस्ताव गरेको दरबन्दीभन्दा बढी संख्यामा कर्मचारी राखी तलवभत्ता भुक्तानी गरेको नियमसम्मत देखिएन। स्वीकृत दरवन्दी अनुसार कर्मचारी व्यवस्थापन गरी तलवभत्ता भुक्तानी गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१२६ **अस्पतालको आम्दानी**

२०८० माघ २९ सम्म अस्पताल व्यवस्थापन समितिमार्फत सञ्चालन भएको यस भगिरथा बुद्वशान्ति अस्पताल २०८० फागुन १ गते देखि सञ्चालनको जिम्मा पालिका अन्तर्गत आई पालिका मार्फत सञ्चालन भएको छ। २०८० माघ मसान्तसम्मको अस्पतालको

आम्दानी र खर्चको विवरण निम्नानुसार रहेको छ।

| गतवर्षको जिम्मेवारी | यस अवधि सम्मको निकाशा आम्दानी | यस अवधि सम्मको कूल जम्मा रकम | यस अवधि सम्मको जम्मा खर्च | २०८० माघ मसान्त सम्मको बाँकी मौज्दात |
|---|---|---|---|---|
| ५५२२६४१.२६ | १९८३३२७०.०० | २५३५५९११.२६ | २५३५५४०३.७१ | ५०७.५५ |

सैद्धान्तिक बेरुजु

१२७ **टुक्रा पारी खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ मा सोझै खरिद सम्बन्धी व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा बार्षिक खरिद योजना तयार गर्नुपर्ने र एउटै प्रकृतिका खरिदकार्य गर्दा सम्भव भएसम्म एउटै प्याकेज बनाउनुपर्ने र नियम ८५ मा रु.२५ लाख रुपैयासम्मको औषधिजन्य मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था छ भने सो भन्दा बढीको औषधिजन्य मालसामान खरिद गर्दा शिलवन्दी कोटेशन तथा ठेक्का प्रकृयाको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक नियकाले मालसमानको लागत अनुमान तयार गर्दा दफा ९ मा उल्लेख भएको व्यवस्थाका साथै सम्वन्धित सार्वजनिक निकाय वा जिल्लास्थित अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षमा सोही प्रकृतिको खरिद गर्दा लागेको लागत, स्थानीय वजारको प्रचलित दरभाउ, अन्य वजारको दरभाउ र आपुर्ति गर्न लाग्ने अनुमानित ढुवानी खर्च, उद्योग वाणिज्य संघले जारी गरेको दररेट समेतलाई आधार लिई लागत अनुमान गर्नुपर्ने उल्लेख छ। अस्पतालले निम्नानुसारका रु.९६,७५,८०५।०० बराबरका किट्स, केमिकल्स, औषधि लगायतका सामाग्री खरिद गर्दा लागत अनुमान तयारी नगर्ने तथा हरेक पटक खरिद गर्दा केही निश्तित फर्मबाट कोटेशन माग गर्ने तथा सोही कोटेशनमा न्युनतम कवोल गर्ने फर्मसँग खरिद कार्य गर्ने गरेको पाइयो। साथै खरिद फर्मले कोटेशन पेश गर्दा एउट मालसामानको मूल्य हरेक पटक घटबढ गर्ने तथा सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्थालाई छल्नको लागि मूल्यमा हरेक पटक घटबढ गरी फरक फरक फर्मको कोटेशन स्वीकृत भएको पाइयो। यसरी खरिद ऐन, नियमले तोकेको सीमाभन्दा वढी मूल्यका सामाग्री सोझै तथा कोटेशनको माध्यमवाट प्रतिस्पर्धा सिमित हुनेगरी पटक पटक खरिद गरेको पाइयो। खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्थाको परिपालनामा पालिकाले ध्यान दिनुपर्दछ।

| क्रम संख्या | गो भौ नं मिति | खरिद विवरण | खरिद फर्मको नाम | रकम |
|---|---|---|---|---|
| 1. | १३।२०८०।५।१५ | रिएजेन्ट | फ्रेण्ड्ली डाइग्नोष्टिक सेन्टर | ९९८७६५.०० |
| 2. | ३७।२०८०।७।३ | " | श्री केमीहव ट्रेडर्स | २४०७८५.०० |
| 3. | ४०।२०८०।७।३ | " | ग्रीन सर्जिकल एण्ड केमिकल सप्लायर्स | ४१४७८६.०० |
| 4. | ४२।२०८०।७।३ | " | गणेश सर्जिकल सप्लायर्स एण्ड फिटनेश शप | २७७७७९.०० |
| 5. | ५०।२०८०।७।२२ | " | सप्तकोशी इन्टरप्राइजेज | ९९६४३४.०० |
| 6. | ५५।२०८०।७।२४ | " | म्याक्स सर्जिकेम ट्रेडिङ्ग | ४८६२१६.०० |
| 7. | ७१।२०८०।९।२५ | " | एभरेष्ट इन्टरप्राइजेज | ९९५५१८.०० |
| 8. | ७४।२०८०।९।२५ | " | ग्रीन सर्जिकल एण्ड केमिकल सप्लायर्स | ५१४२१५.०० |
| 9. | १०।२०८०।१२।७ | " | पुष्पा सप्लायर्स | ९९५५४३.०० |
| 10. | १२।२०८०।१२।८ | " | आधार सर्जिकल | ९९७३१६.०० |
| 11. | ४१।२०८१।१।१४ | " | गणेश सर्जिकल सप्लायर्स एण्ड फिटनेस शप | ५१६२९९.०० |
| 12. | ४२।२०८१।१।१४ | " | ल्यावटेक इन्टरप्राइजेज | ९९४२१९.०० |
| 13. | ४३।२०८१।१।१४ | " | प्रो केयर सर्जिकल सप्लायर्स | ९९५९३०.०० |
| 14. | १०३।२०८१।२।२९ | " | गणेश सर्जिकल सप्लायर्स एण्ड फिटनेस शप | २५२०००.०० |
| **जम्मा** | | | | **९६७५८०५.००** |

| सैद्धान्तिक बेरुजु |
|---|

१२८ **पारिश्रमिक कर**

आयकर ऐन, २०५८ को दफा ८८(१) अनुसार बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत,भाडा,रोयल्टी, सेवा शुल्क, कमिशन, बिक्रि बोनस, अवकाश भुक्तनी र अन्य कुनै प्रतिफल तथा अवकाश भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले गो भौ नं ८२।२०८०।१०।२९ बाट विभिन्न कार्यक्रमको रु.१,१२,२००।०० अमृत बहादुर थापालाई भुक्तानी दिएकोमा बैठक भत्ता वापत कट्टा भएको पारिश्रमिक कर रु.८,२५०।०० दाखिला हुन बाँकी रहेको पाइएकोले सम्बन्धितबाट असूल गरी दाखिला हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | ८,२५० |
|---|---|

१२९ **औषधिको म्याद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि आपूर्तिकर्ता निर्माण व्यवसायी सेवा प्रदायक वा परामर्शदातालाई करारका शर्त बमोजिम अन्तिम भुक्तानी दिनुपर्ने व्यवस्था छ। आपूर्तिकर्तासँग भएको खरिद सम्झौतामा खरिद औषधिको म्याद(Expiry Date) जिन्सी दाखिला भएको मितिले १८ महिना हुनुपर्ने उल्लेख भएकोमा आपूर्ति भएका ३५५ प्रकारका औषधि तथा औषधिजन्य सर्जिकल सामाग्रीमध्ये मूल्य रु.९४८८६१।७८ बरावरका विभिन्न १११ प्रकारका औषधि तथा औषधिजन्य सामाग्रीको म्याद खरिद सम्झौतामा उल्लेख भए बमोजिम कम्तीमा १८ महिना हुनुपर्नेमा सो भन्दा कम भएको पाइयो। यसरी म्याद गुज्रिने अवधि कम भएका औषधि खरिद हुँदा औषधि विक्री हुन नसकी भण्डारणको अवधिमा नै म्याद सकिई सो रकम बराबरको क्षति पुग्न सक्ने हुँदा सम्झौताको शर्त बमोजिम औषधि आपूर्ति नगर्ने आपूर्तकलाई जिम्मेवार बनाई निम्नानुसारका औपधिको म्याद गुज्रेको अवस्थामा पुनः फिर्ता प्राप्त गर्ने गराउनेतर्फ पालिकाले पहल गर्नुपर्ने देखिन्छ।

| क्रम संख्या | औषधिको नाम | | मूल्य (विल विजक अनुसार ) | | | |
|---|---|---|---|---|---|---|
| | | मिति | एकाइ | परिमाण | दर | जम्मा मु.अ.कर बाहेक (१२) |
| १ | Tamsulosin hydrochloride 400mcg capsule | 2025-05 | Capsule | १८४०० | ६ | १०१२००.०० |
| २ | Budecort 200mcg inhaler | 2025-07 | pcs | ६० | ६७७ | ४०६१४.६० |
| ३ | Cefixime 200mg tablet | 2025-07 | Tab | ३७५० | १० | ३७५००.०० |
| ४ | Telmisartan 40mg +Amlodipine 5mg | 2025-08 | Tab | ५००० | ७ | ३४५००.०० |
| ५ | Sitagliptin 100mg | 2025-07 | Tab | २५०० | १३ | ३३०००.०० |
| ६ | Vitamin B-complex ,syrup | 2025-02 | Syrup | ६०० | ५० | ३००००.०० |
| ७ | Sitagliptin 50mg tablet | 2025-08 | Tab | २५०० | १० | २५०००.०० |
| ८ | Azithromycin 250mg tablet | 2025-7 | Tab | १२४८ | १८ | २२६०१.२८ |
| ९ | Clarithromycin 500mg tablet | 2025-08 | Tab | ६५० | ३३ | २१४५०.०० |
| १० | Febuxostat 80mg tablet | 2025-07 | Tab | १३०० | १५ | १९५००.०० |
| ११ | Torsemide 100mg tablet | 2025-05 | Tab | ५०० | ३६ | १८१४०.०० |
| १२ | Salmeterol+Fluticasone 250mcg (MDI) | 2025-07 | mdi | ३० | ६५० | १९५००.०० |
| १३ | Rosuvastatin 20mg Tablet | 2025-01 | Tab | ५००० | ४ | १९०००.०० |
| १४ | Cefpodoxime 200mg tablet/capsule | 2025-08 | Tab/cap | १२५० | १३ | १६२५०.०० |
| १५ | Frusemide 20mg+spironolactone 50mg tablet | 2025-08 | Tab | ३७५० | ४ | १५७५०.०० |
| १६ | Metformine 500mg + Glimepiride 1mg, tablet | 2025-08 | Tab | ६२५० | ३ | १५६२५.०० |
| १७ | Diclofenac gel,30gm gel | 2025-01 | gel/tube | ४०० | ३५ | १४०००.०० |
| १८ | Levitirecetam 1000mg tablet | 2025-08 | Tab | ६०० | २२ | १३२००.०० |
| १९ | Pre and probiotic capsule | 2025-07 | Capsule | १३०२ | १० | १३०२०.०० |
| २० | Repaglimide 2mg tablet | 2025-07 | Tab | १३०० | १० | १३०००.०० |
| २१ | Salbutamol inhaler [100 mcg/dose] | 2025-08 | pcs | ६० | २१३ | १२७८०.०० |
| २२ | Acyclovir 800mg tablet | 2025-07 | Tab | ६३० | २० | १२६००.०० |
| २३ | Ceftriaxone 1 gm injection | 2025-05 | inj/vial | २५० | ४८ | १२०००.०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २४ | Amoxycillin & clavulanate 1.2gm injection | 2025-05 | Vial | ६० | १७८ | १०६८०.०० |
| २५ | Fenofibrate 160mg tablet | 2025-08 | Tab | १२५० | ९ | १०६२५.०० |
| २६ | Diacerin 50mg capsule | 2025-01 | Capsule | १३०० | ८ | १०४००.०० |
| २७ | Nitrofurantion 100mg tablet | 2025-05 | Tab | १३०० | ७ | ९५२९.०० |
| २८ | Pantoprazole 40mg injection | 2024-10 | inj/vial | २५० | ३८ | ९५००.०० |
| २९ | Fexofenadine hcl 180mg tablet | 2025-08 | Tab | १८८० | ५ | ९०२४.०० |
| ३० | Telmisartan 20mg tablet | 2024-12 | Tab | ४५०० | २ | ८५५०.०० |
| ३१ | Cefixime 50mg/5ml ,60ml suspension | 2025-05 | syrup | १२० | ७० | ८४००.०० |
| ३२ | Sitagliptin 100mg tablet | 2025-07 | Tab | ६२० | १३ | ८१८४.०० |
| ३३ | Tizanidine 2mg tablet | 2025-07 | Tab | १२५० | ६ | ७८७५.०० |
| ३४ | Calcirol sachet 1gm (60kd cap) | 2025-08 | capsule | ६५० | १२ | ७८००.०० |
| ३५ | Sitagliptin 25mg Tablet | 2025-07 | Tab | ६०० | १३ | ७७८८.०० |
| ३६ | Losartan potassium 50mg+ hychlorothiazide 12.5mg tablet | 2025-08 | Tab | ३७५२ | २ | ७५०४.०० |
| ३७ | Mirtazepine 15mg tablet | 2025-08 | Tab | १२५० | ६ | ७५००.०० |
| ३८ | Omeprazole 20mg capsule | 2025-09 | Capsule | ३७५० | २ | ७५००.०० |
| ३९ | Acyclovir 400mg tablet | 2025-08 | Tab | ६२० | १२ | ७३६५.६० |
| ४० | Flucloxacillin 125mg dry /syrup | 2025-04 | Syrup | ६० | १२० | ७२००.०० |
| ४१ | Amiodarone (50mg/ml) 3ml injection, amp. | 2025-08 | ampule | ६० | ११७ | ७०४१.६० |
| ४२ | Allupurinol 300mg tablet | 2025-05 | Tab | ४०० | १७ | ६८९६.०० |
| ४३ | Pre and probiotic dry/syrup | 2025-02 | Syrup | ४८ | १४० | ६७२०.०० |
| ४४ | Formeterol 6mcg + budesonide 200mcg rotacaps | 2025-08 | pcs | ३० | २२० | ६६००.०० |
| ४५ | Fusidic acid +betamethasone cream 10gm | 2025-08 | cream | ६० | १०७ | ६४२०.०० |
| ४६ | Losartan 25mg tablet/capsule | 2025-08 | Tab | ४००४ | २ | ६४०६.४० |
| ४७ | Cefpodoxime100mg syrup | 2025-08 | Syrup | ४० | १६० | ६४००.०० |
| ४८ | Paracetamol +Phenylephedrine+Chlorpheniramine maleate ,paed.syrup | 2025-03 | Syrup | १२५ | ५० | ६२५०.०० |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४९ | Labetalol injection 20mg.4ml | 2025-02 | vial | ३० | २०५ | ६१५०.०० |
| ५० | Tranexamic acid 500mg injection | 2025-08 | vial | ११५ | ५० | ५७५०.०० |
| ५१ | Itopride 50mg tablet | 2025-01 | Tab | १२५० | ५ | ५६२५.०० |
| ५२ | Cefixime 100mg tablet | 2025-08 | Tab | ७०० | ८ | ५६००.०० |
| ५३ | Ornidazole 500mg tablet | 2025-08 | Tab | १२५० | ४ | ५३७५.०० |
| ५४ | Ramipril 5mg tablet | 2025-06 | Tab | ६९० | ८ | ५३६८.२० |
| ५५ | Cefadroxil 500mgcapsule | 2025-08 | Capsule | ६५० | ८ | ५२००.०० |
| ५६ | Amoxycillin+Clavulanic acid 228.5mg/5ml Dry Syrup (60ml) | 2025-08 | Syrup | ५० | १०० | ५०००.०० |
| ५७ | Mecobalamin 500mg tablet | 2025-05 | Tab | ६०० | ८ | ४९१४.०० |
| ५८ | Amoxycillin200mg + Clavulanic acid 28.5mg,30ml,syrup | 2025-07 | Syrup | ६० | ८० | ४८००.०० |
| ५९ | Repaglimide 1mg tablet | 2025-07 | Tab | ६५० | ७ | ४६९३.०० |
| ६० | Ketoralac tromethamine 10mg tablet | 2025-08 | Tab | ६०० | ८ | ४५६०.०० |
| ६१ | Calcium suspension | 2025-07 | syrup | ६० | ७५ | ४५००.०० |
| ६२ | Hydrocortisone 1% cream/ointment 10gm | 2025-07 | oint/cream | २४ | १७२ | ४१३८.८० |
| ६३ | Naproxen 250mg tablet | 2025-05 | Tab | ६५० | ६ | ३९००.०० |
| ६४ | Terbutaline+Bromhexine 100ml syrup | 2025-05 | Syrup | ६० | ६५ | ३९००.०० |
| ६५ | Olanzapine 7.5mg tablet | 2025-07 | Tab | ७०० | ६ | ३८५०.०० |
| ६६ | Allupurionol 100mg tablet | 2025-08 | Tab | ६०० | ६ | ३८०४.०० |
| ६७ | Vitamin b1 b6 b12 injection 2ml | 2025-03 | ampule | १५० | २५ | ३७९३.५० |
| ६८ | Granisetron 1mg tablet | 2024-12 | Tab | १२० | ३१ | ३७१४.०० |
| ६९ | Clobetasole+ Gentamycin ointment | 2025-07 | oint/tube | ६० | ६० | ३६००.०० |
| ७० | Escitalopram 5mg tablet | 2025-08 | Tab | ११२० | ३ | ३५८४.०० |
| ७१ | Pioglitazone 15mg tablet/capsule | 2025-08 | Tab/cap | ६२० | ६ | ३४४७.२० |
| ७२ | Pyridoxine 100mg(vitamin b6) tablet | 2025-08 | Tab | ६०० | ६ | ३४४४.०० |
| ७३ | Risperidone 3mg tablet | 2025-07 | Tab | ४०० | ९ | ३४२४.०० |
| | Tobramycine 1% eye drops | 2025- | drop | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७४ | | 07 | | ४० | ८५ | ३३९६.०० |
| ७५ | Butenafine HCL 1%w/w/ 1 gm /topical | 2025-04 | oint | ४० | ८० | ३२००.०० |
| ७६ | Iron 200ml syrup | 2025-08 | Syrup | ४८ | ६५ | ३१२०.०० |
| ७७ | Butenafine 1% cream | 2025-04 | cream | ४० | ७५ | ३०००.०० |
| ७८ | Levofloxacin 750mg tablet | 2025-08 | Tab | ३०० | १० | ३०००.०० |
| ७९ | Sertraline hydrochloride 50mg tabet | 2025-12 | Tab | १३०० | २ | २८६०.०० |
| ८० | Doxofylline 400mg tablet | 2025-10 | Tab | ६२० | ५ | २७९०.०० |
| ८१ | Metoprolol 50mg tablet/capsule | 2024-11 | Tab/cap | ६०० | ५ | २७३६.०० |
| ८२ | Clobetasole+ Salisylic acid ointment | 2025-05 | oint/tube | ६० | ४५ | २७००.०० |
| ८३ | Fenofibrate200mg capsule | 2025-01 | Capsule | ७० | ३९ | २६९५.७० |
| ८४ | Pyridoxine 40mg(vitamin b6) tablet | 2025-08 | Tab | ६०० | ४ | २५९८.०० |
| ८५ | Acarbose 25mg tablet | 2024-12 | Tab | ६२० | ४ | २५७३.०० |
| ८६ | Clonazepam 0.5mg tablet | 2025-04 | Tab | ६०० | ४ | २४६०.०० |
| ८७ | Calcitriol capsule 0.250mcg | 2025-10 | capsule | १२० | २० | २४००.०० |
| ८८ | Levofloxacin 500mg tablet | 2025-08 | Tab | ४०० | ६ | २४००.०० |
| ८९ | Warfarin 5mg tablet | 2025-05 | Tab | २५० | १० | २३७५.०० |
| ९० | Prednisolone 10 mg tablet | 2025-08 | Tab | ६०० | ४ | २३२८.०० |
| ९१ | Glimpiride 1mg tablet | 2025-05 | Tab | २५०० | १ | २२५०.०० |
| ९२ | Ondansetron 4mg tablet | 2025-07 | Tab | ७०० | ३ | २१७०.०० |
| ९३ | Vitamin b1+b6+b12 tablet | 2024-10 | Tab | ६२० | ३ | २१३२.८० |
| ९४ | Ebastine 10mg | 2025-05 | Tab | ४०० | ५ | २०००.०० |
| ९५ | Lumber corset | 2025-05 | Pcs | ३ | ६५० | १९५०.०० |
| ९६ | Paracetamol+Phenylephrine+Chlorpheniramine tablet | 2025-04 | Tab | १२७० | २ | १९०५.०० |
| ९७ | Spironolactone 25mg tablet | 2025-04 | Tab | ६०० | ३ | १८००.०० |
| ९८ | Alprazolam 0.5mg tablet/capsule | 2025-01 | Tab/cap | ६३० | ३ | १७१९.९० |
| ९९ | Clobazam 10mg tablet | 2024- | Tab | १३० | १३ | १६७७.०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | 12 | | | | |
| १०० | Cervical hard collar | 2025-04 | Pcs | १ | १६५० | १६५०.०० |
| १०१ | Fluoxetine 10mg capsule | 2025-04 | Capsule | ६०० | २ | १३८०.०० |
| १०२ | Levocetirizine 5mg tablet | 2025-01 | Tab | १२५० | १ | १३७५.०० |
| १०३ | Amikacin 500mg ,vial injection | 2025-04 | Vial | २० | ६८ | १३६०.०० |
| १०४ | Calcium gluconate 10% 10 ml amp ,injection | 2025-04 | Ampule | ४० | ३४ | १३५९.२० |
| १०५ | Ankle binder Large | 2025-06 | Pcs | ३ | ४५० | १३५०.०० |
| १०६ | Amitryptiline 10mg tablet | 2025-08 | Tab | ६०० | २ | ११३४.०० |
| १०७ | Normal saline (sod. Cl 0.9%) 100ml plastic | 2025-04 | bottle | ३० | ३३ | ९८१.९० |
| १०८ | Indomethacin50mg tablet | 2025-04 | Tab | १४० | ७ | ९६४.६० |
| १०९ | Amlodipine besylate 5mg + Losartan potassium 25mg tablet | 2025-04 | Tab | १५० | ६ | ९२४.०० |
| ११० | Diltiazem 30mg plain tablet | 2025-06 | Tab | १५०.०० | ६.१५ | ९२२.५० |
| १११ | Wrist and Forearm Splint | 2025-04 | Pcs | १.०० | ७००.०० | ७००.०० |
| **जम्मा** | | | | | | **९४८८६१.७८** |

| सैद्धान्तिक बेरुजु |
|---|

१३० **फार्मेसी भाडा**

बुद्धशान्ति गाउँपालिका र महालक्ष्मी फार्मेसी दमकबीच बुद्धशान्ति अस्पताल झापामा फार्मेसी सञ्चालनका लागि २०७७।२।२।२२३ गते सम्झौता भएको पाइयो। सम्झौता अनुसार पालिकाले फार्मेसीलाई २०७७ जेठ २३ गतेदेखि २०८० आषाढ मसान्तसम्मका लागि फार्मेसी सञ्चालन गर्न दिए वापत वार्षिक रु.५,५१,०००।०० तथा प्रत्येक वर्ष रु.१० प्रतिशत बृद्धि हुनेगरी भाडा तोकिएको पाइयो। भागीरथा बुद्धशान्ति अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको २०७९।११।२६ को बैठकले फार्मेसीको वार्षिक भाडा रु.१०,००,०००।०० कायम गरेको पाइयो। तर फार्मेसीले सम्झौता तथा अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिले तोके बमोजिमको आ व २०८०।८१ को १० प्रतिशत वृद्वि सहितले हुने रु.११,००,०००।०० भुक्तानी गर्न बाँकी देखिएकोले उक्त भाडा रकम सम्बन्धित फार्मेसीबाट असूल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | ११,००,००० |
|---|---|

१३१ **लागत अनुमानको आधार** (126-२०८१-३-२६):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा दफा ९ मा उल्लेख भएको व्यवस्थाका साथै सम्वन्धित सार्वजनिक निकाय वा जिल्लास्थित अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षमा सोही प्रकृतिको खरिद गर्दा लागेको लागत, स्थानीय वजारको प्रचलित दरभाउ, अन्य वजारको दरभाउ र आपूर्ति गर्न लाग्ने अनुमानित ढुवानी खर्च, उद्योग वाणिज्य संघले जारी गरेको दररेट समेतलाई आधार लिई लागत अनुमान गर्नुपर्ने उल्लेख छ। अस्पतालले फार्मेसी सशुल्क तथा स्वास्थ्य बिमाको लागि औषधि तथा औषधिजन्य सर्जिकल सामाग्रीहरु खरिद कार्यको लागि सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था बमोजिम लागत अनुमान तयार गरी खरिद नियमावलीले तोकेको प्रकृया अवलम्बन गरी खरिद प्रकृया अगाडि

वढाउनुपर्नेमा सो अनुसार गरेको पाइएन। अस्पताल आफैंले अस्पताल फार्मेसी सञ्चालन गर्न विभिन्न ३६० प्रकारका औषधि तथा ४७ प्रकारका सर्जिकल सामाग्री गरी कुल रु.४९९९०८५।४१ बरावरको लागत अनुमान संलग्न रहेकोमा उक्त लागत अनुमान तयारी सम्बन्धी कुनै पनि कागजात पेश भएन। पालिकाले उक्त औषधि कार्यको लागि कालिमा ड्रग डिष्ट्रिव्युटर्ससँग (ठेक्का नं 01-BRM-Goods/2080/81) ठेक्का सम्झौता गरी गो भौ नं १२६।२०८१।३।२६ बाट विभिन्न ३५५ प्रकारका औषधि तथा सर्जिकल सामाग्री खरिद गरी रु.३३,६३,६०६।०० भुक्तानी गरेको पाइयो। यसरी सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था अनुसार लागत अनुमान तयारीका आधार वेगर एकमुष्ठ लागत अनुमान तयार गरी खरिद कार्य गरेको देखिन्छ । पालिकाले सार्वजनिक खरिद नियमावलीको नियम ९ र ११ मा भएको व्यवस्था बमोजिम लागत अनुमान तयार गरी खरिद कार्य गर्ने गराउने तर्फ ध्यान दिनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

## १३२ पूर्व निर्धारित क्षतिपूर्ती

(ठेक्का नं 01-BRM-Goods/2080/81) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ तथा सम्झौताको शर्त वमोजिम आपूर्तकले सम्झौता अवधीमा सम्झौता अनुसारको सामान आपूर्ती नगरेमा सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतका दरले सम्झौता रकमको अधिकतम १० प्रतिशतमा नवढ्ने गरी पूर्वनिर्धारित क्षतिपूर्ती असूल गर्नुपर्ने उल्लेख छ। पालिकाले अस्पतालमा फार्मेसी सञ्चालनको लागि विभिन्न ४०७ प्रकारका औषधि तथा औषधिजन्य सर्जिकल सामाग्री खरिद कार्यको लागि आपूर्तक कालिमा ड्रग डिष्ट्रिव्युटर्ससँग मू.अ.कर बाहेक रु.३३,६४,१३४।२५ वरावरको ठेक्का सम्झौता गरेको पाइयो। तर आपूर्तकले सम्झौता बमोजिमको सम्पूर्ण औषधि तथा सर्जिकल सामाग्री सप्लाई नगरी केवल ३५५ प्रकारका सामाग्री मात्र सप्लाई गरी गो.भौ.नं १२६।२०८१।३।२६ बाट रु.३३,६३,६०६।०० भुक्तानी लगेको पाइयो। यस सम्बन्धमा पालिकाले केही सामाग्री आपूर्तकले सप्लाई गर्न नसकेको तथा केही सामाग्री पहिलो पटक फार्मेसी सञ्चालन गर्न लागेकोले अनावश्यक सामाग्री समेत विओक्युमा समावेश भएको जनाएको छ। यसरी अस्पताललाई आवश्यक नपर्ने औषधि तथा सर्जिकल सामाग्री विओक्यूमा समावेश गरी ठेक्का प्रकृया सुचारु गर्ने कर्मचारीलाई जिम्मेवार वनाईनुका साथै सम्झौता अनुसारको औषधि तथा औषधिजन्य सामाग्री सप्लाई नगर्ने कालिमा ड्रग डिष्ट्रिव्युटर्सलाई समेत जिम्वेवार बनाउनु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

## १३३ फार्मेसी सञ्चालन सफ्टवेयर

अस्पताल र महालक्ष्मी फार्मेसीबीच अस्पताल हातामा फार्मेसी सञ्चालन सम्बन्धमा भएको सम्झौतामा अस्पतालले फार्मेसी सञ्चालनको लागि कोठा, फर्निचर, विद्युत र इन्टरनेट उपलब्ध गराउने उल्लेख भए तापनि फार्मेसी सफ्टवेयर उपलब्ध गराउने कुरा सम्झौताको बुँदामा उल्लेख छैन। पालिकाले हस्पिटल फार्मेसी सफ्टवेयर खरिद कार्य वापत गो.भौ.नं ८।२०८०।४।३२ बाट इन्फो टेकलाई रु.९०,०००।०० भुक्तानी दिएको पाइयो। यसरी सम्झौताको बुँदामा उल्लेख नभएको तथा फार्मेसीको दायित्वभित्र पर्ने सफ्टवेयर खरिद कार्यको भुक्तानी अस्पतालले दिएको पाइएकोले उक्त रकम फार्मेसी सञ्चालक महालक्ष्मी फार्मेसीबाट असूल हुनुपर्ने रु..

| असुल गर्नुपर्ने | ९०,००० |
|---|---|

## १३४ लागत अनुमान वेगर खरिद

१३४.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले रु.१ लाख भन्दा माथीको कुनैपनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। अस्पतालको Queue Management software खरिद कार्य वापत गो.भौ.नं २६।२०८०।६।१२२ बाट रियल टाइम सोलुसन्स प्रा.ली. लाई रु.३,५०,८८७।०० भुक्तानी दिएको पाइयो। कोटेशनको माध्यमबाट खरिद भएको यस सफ्टवेयर खरिद कार्यको लागि लागत अनुमान तयार गरी स्वीकृत भएको पाइएन। यसरी खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुरुप खरिद कार्यको लागत अनुमान स्वीकृत गरी सोही परिधिभित्र रही प्रतिस्पर्धी तवरले खरिद कार्य गर्नुपर्नेमा स्वीकृत लागत अनुमान वेगर खरिद कार्य गरी भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | ३,५०,८८७ |
|---|---|

१३४.२ पेश भएको दररेटभन्दा बढी रकम भुक्तानीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्ने कार्यविधि उल्लेख छ। सोही नियमको उप नियम १० मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई कागजात समावेश रहेनरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ। उक्त Queue Management Software खरिद कार्यको लागि संलग्न कोटेशन अनुसार रियल टाइम सोलुसन्स प्रा.लि. ले पेश गरेको रु.३,१६,९८७।६० को कोटेशन सवैभन्दा न्यून दररेटको रही सोही फर्मबाट सफ्टवेयर खरिद कार्य गरेकोमा सम्बन्धित फर्मले कर विजक जारी गर्दा रु.३,५०,८८७।६० को जारी गरी रु.३३,९००।०० बढी भुक्तानी लगेको पाइयो। अतः पेश भएको कोटेशनमा उल्लेखित दरभन्दा बढी रकमको कर विजक जारी गरी वढी भुक्तानी भएको रकम सम्बन्धित फर्मबाट असूल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | ३३,९०० |
|---|---|

## १३५ सामाजिक सुरक्षा भत्ता तर्फ

१३५.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ।यो वर्ष पालिकाले सामाजिक सुरक्षा तथा संरक्षण शिर्षकवाट रु.२२,७३,६७,८१८।०० कोष तथा लेखा नियन्त्रक कार्यालयवाट सोझै लाभग्राहीको खातामा जम्मा हुने गरी इएफटि मार्फत भुक्तानी गरेको छ। यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन् ।

| सैद्धान्तिक बेरुजु |
|---|

१३५.२ लगत कट्टाको अभिलेख : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ११ मा मृत्यू भएमा, बसाइँ सरी गएमा, एकल वा विद्यवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष (साठी महिना) उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेमा बा बैंक मार्फत वितरण भएकोमा लगातार एक बर्षसम्म खाता निष्क्रिय भएमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा त्यस्ता लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नुपर्ने तथा लगत कट्टा गरिएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडाका सचिब वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणीत गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा मुल अभिलेख खाता र आर्थिक वर्ष २०८०।८१ को लगत कट्टाको विवरण माग भएकोमा मृत्यु भएका, वसाईसराई भए गएका तथा आएका नागरिकहरुको अभिलेख प्रणालीमा जनाएको विवरण मात्र तयार गरेको छ ।पालिकाले मुल अभिलेख खाता र लगत कट्टाको स्पष्ट अभिलेख नभएकाले कार्यविधिको बुँदा नं. १२ बमोजिम लगत कट्टा गर्नुपर्ने लाभग्राहीको लगत कट्टा भए नभएको र लगत कट्टा गर्नुपर्ने व्यक्तिलाई समेत भुक्तानी भएको छैन भनी एकीन गर्न सकिएन। आगामी दिनमा पालिकाले कार्यविधिको पालिना गर्दै सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरण अध्यावधिक गरी भत्ता वितरण गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

१३५.३ पारदर्शिता र जवाफदेहिता: सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानाकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने वैक र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक सस्था, गैरसरकारी सस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य

रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धि सूचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुबाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी सम्वन्धीत स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो पालना गरेको पाइएन । यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि एकीन हुने अवस्था देखिएन। कार्यविधिमा भएको व्यवस्थाको पालना गर्नेगराउने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१३५.४ निस्कृय खाता : कार्यविधिको बुँदा नं २३ र २४ मा बैंक मार्फत भत्ता वितरण गर्दा बैंकले स्थानीय तहबाट प्रणाली मार्फत फर्वाड फिड बमोजिमको लाभग्राहीको विवरण प्राप्त गर्ने र प्राप्त विवरणको आधारमा सम्बन्धित लाभग्राहीको खातामा रकम जम्मा गर्नुपर्ने र खाता सञ्चालन गर्ने बैङ्क तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिनाभित्र सम्बन्धित स्थानीय तहका साथै विभागलाई दिनुपर्ने व्यवस्था रहेकोमा लेखापरीक्षणको क्रममा विवरण माग गर्दा थप विश्लेषण गर्न सकिएन। पालिकाले कार्यविधिमा व्यवस्था भए बमोजिम निष्कृय खाताको विवरण माग गरी निष्कृय खाताका लाभग्राहीहरुमध्ये वास्तविक लाभग्राहीहरु सम्बन्धमा सम्बन्धित वडाबाट यकिन गरी लाभग्राही नभएको अवस्थामा खातामा निस्कृय रहेको रकम नियमानुसार असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१३५.५ सार्वजनिक सुनुवाईः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं ३४ मा स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ।आगामी दिनमा कार्यविधिको पालना गरी भत्ता वितरण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१३५.६ एक आर्थिक वर्षमा एक पटक पनि रकम नझिकेका लाभग्राहीको विवरण: कार्यविधिको दफा २६(३) मा एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले सवै वैङ्क मार्फत उक्त विवरण प्राप्त गरी लाभग्राहीको विवरण र अवस्थाको एकिन गरेको छैन। कार्यविधिमा भएको व्यवस्था बमोजिम सेवाप्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा विवरण प्राप्त गरी लाभग्राही विवरण अद्यावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३५.७ सामाजिक सुरक्षा भत्ता वितरण : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं २२ अनुसार अनुसूची १० बमोजिमको ढाँचामा पालिकाले वैङ्क सँग सम्झौता गरी पालिकामा रहेकोमा ७ वडाहरुको सामाजिक सुरक्षा भत्ता लक्ष्मी विभिन्न ३ बैङ्कबाट वितरण गराउदै आएको छ। पालिकाबाट तयार गरेको फरवार्ड फिड अनुसार यस वर्ष जेष्ठ नागरिक, जेष्ठ नागरिक दलित, एकल महिला, विधवा, पूर्ण अपाङ्ग, अतिअसक्त अपाङ्ग, वालपोषण दलित बर्गमा सामाजिक सुरक्षा भत्ता वितरण गर्नको लागि बैंकलाई पठाएको तथ्याङ्क देहाय अनुसार छ ।

| वडा नंप्र | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | जम्मा खर्च |
|---|---|---|---|---|---|
| १ | १०४१०४७६ | १०५९६४५२ | १०७४३९८८ | १०८९६८२७ | ४२६४७७४३ |
| २ | ९८१२६३१ | ९९७०५४६ | १०२३१३०७ | १०३६९२८२ | ४०३८३७६६ |
| ३ | १०९३४०६६ | ११३६६१९२ | ११६११५०२ | ११८४७०६८ | ४५७५८८२८ |
| ४ | १३०९०९९४ | १३४२१६२३ | १३६३९५६४ | १३९०३६४१ | ५४०५५८२२ |
| ५ | ४२०३९६२ | ४२६५५८० | ४३०२३२७ | ४३७५९४४ | १७१४७८१३ |
| ६ | ४४१३१७१ | ४४२४९५३ | ४४७०५९९ | ४५१४५८८ | १७८२३३११ |
| ७ | २३८४३५४ | २४३३४३८ | २४९५५०५ | २५०६५२४ | ९८१९८२१ |
| जम्मा | ५५२४९६५४ | ५६४७८७८४ | ५७४९४७९२ | ५८४१३८७४ | २२७६३७१०४ |

| सैद्धान्तिक बेरुजु |
|---|

१३५.८ सामाजिक सुरक्षा मौज्दात: सामाजिकि सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को बुँदा नं १८ मा स्थानीय तहले सामाजिक सुरक्षा भत्ता वापत निकासा भएको रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा सात दिन अगाबै वितरण कार्य सम्पन्न गरी वितरण पश्चात बाँकी रहेको रकम फिर्ता गरी हिसाब मिलान गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष सानिमा वैङ्क मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा यो वर्षको रिभर्स फिड नगरी रु.४४०८७बाँकी रहेको देखिन्छ ।उक्त रकम बैंक दाखिला (फिर्ता) गरेको नपाइएकोले प्राप्त गरी संघिय संचितकोष दाखिला गर्नुपर्ने रु...

| सिन | वडा नं | वैङ्कको विवरण | मौज्दात रकम |
|---|---|---|---|
| १ | १ | एन आइसी एसिया वैङ्क | ३९५२ |
| २ | २ | एन आइसी एसिया वैङ्क | १४०६४ |
| ३ | ३ | एक्सेल डेभेलोपमेन्ट वैङ्क | २०६५ |
| ४ | ४ | सनराइज वैङ्क | १७७९९ |
| ५ | ७ | सनराईज वैङ्क | २२०७ |
| जम्मा | | | ४४०८७ |

| प्रमाण पेश नगरेको | ४४,०८७ |
|---|---|

## १३६ सामुदायिक वनबाट आय

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोष जम्मा गर्नुपर्ने उल्लेख छ। पालिकाले आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी कार्य योजना स्वीकृत गरेको तथा वन पैदावर बिक्रि वापत देहाय वमोजिम राजस्व दाखिला गर्नुपर्नेमा सो दाखिला गरेको नदेखिएको उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु...

| सिन | समूहको नाम | कुल विक्री आय २०७९।८० | कुल विक्री आय २०८०।८१ | २०७९।८० भुक्तानी राजस्व | वक्यौता २०७९।८० | वक्यौता २०८०।८१ | कुल वक्यौता रकम |
|---|---|---|---|---|---|---|---|
| १ | पाँचपोखरी सामुदायिक वन उपभोक्ता समूह | ७४७१४६७ | ४५२५६१६ | ७४७१४६ | ० | ४५२५६१ | ४५२५६१ |
| २ | ज्यामिरे सामूदायिक वन उपभोक्ता समूह | ३५३८०२ | १८९७५१ | ३२३३५ | ३०४५ | १८९७५ | २२०२० |
| ३ | आदर्श नमुना सामूदायिक वन उपभोक्ता समूह | ६०६७३९९ | २५८२०९८ | ६२३१६ | ५४४४२४ | २५८२१० | ८०२६३४ |
| ४ | नवज्योती सामूदायिक वन उपभोक्ता समूह | १८३५७९६ | लेखापरीक्षण प्रतिवेदन पेश नगरेको | १५५७०८ | २७८७१ | एकिन गर्नुपर्ने | २७८७१ |
| जम्मा | | | | | | | १३०५०८६ |
| | | | | | | असुल गर्नुपर्ने | १३,०५,०८६ |

१३७ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय कर वापत रु १५,००,००० अनुमान गरेकोमा रु. ८,८९,३०० आम्दानी भएको तथा नया व्यवसायको रजिष्ट्रेशन दस्तुरमा रु १०,००,००० आय अनुमान गरेकोमा रु २,२३,७५० मात्र आम्दानी गरेको देखिन्छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख तयार नगरेको तथा राजस्व प्रणालीमा भएको वविगतको रजिष्ट्रेशन समेत अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायिको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१३८ **हेभी ईक्वीपमेन्टको आय**

पालिकाले आफ्नो नाममा रहेको स्काभेटर, ब्याकहो लोडर जस्ता हेभि मेशीनहरुको उपयोग तथा दीगो व्यवस्थापन को लागि कार्य सञ्चालन सम्बन्धी कार्यविधि तयार गरी व्यवस्थित तरिकाले आय आर्जन समेत हुने गरी सञ्चालन गर्नु पर्दछ। पालिकाले खरिद गरेको एक ब्याकहो लोडर सञ्चालनमा रहेको छ । पालिकाले लगबुक भरेको आधारमा १०३५ घण्टा जे.सि.बि. सञ्चालन भएको उल्लेख भएतापनि लगबुक प्रमाणित भएको पाइएन । लगबुकबाट मेसिन कुन योजनामा प्रयोग भएको हो, सो को आदेश कसले दिएको हो खुल्न आएन। पालिकाले जे.सि.बि. मर्मत यो बर्ष. ११९६४२५ भुक्तानी भएको तथा ईन्धन तर्फ वर्ष भरिमा ६५२५ लिटर अर्थात औषत मुल्य रु१६० का दरले रु९९६००० गरी चालक र सहचालकको पारिश्रमिक वाहेक रु.२१९२४२५ खर्च भएको छ। पालिकाद्वारा मेसिन भाडामा प्रयोग गर्ने दर प्रति घण्टा रु.२०००।०० तोकिएको भएतापनी सञ्चालित योजनाहरुमा उक्त मेशीनहरु प्रयोग गरी पालिकाले रु.१२६०००।०० मात्र आम्दानी गरेको पाइयो । पालिकाको हेभि मेशीनरी सञ्चालन खर्च वृद्धि हुँदै गरेको भएतापनी सो उपकरणबाट आम्दानी न्यून हुने गरेको पाइयो । तसर्थ पालिकाले हेभि मेसिन सञ्चालन सम्बन्धी कार्यविधि बनाई सोबाट हुने आयलाई व्यवस्थित गरी राजश्व असुली सुधार गर्नुपर्दछ । साथै हेभी इक्युप्मेण्टबाट हुने तथा भएको कामको लागत अनुमान, नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदन समेत तयार गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

१३९ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू. ५ करोड ७५ लाख प्राप्त हुने प्रक्षेपण गरेको देखिन्छ तथापी सुत्र प्रणालीमा

विभिन्न २७ शिर्षकमा रु२,७७,४६,५०० आय अनुमान हुने गरी प्रविष्ट गरेको छ । आर्थिक वर्ष २०८०/८१ मा रू. २८२१३१५६.३९ अर्थात सभाले गरेको अनुमानको १०१.६८ प्रतिशत आय प्राप्त गरेको छ । आम्दानीका अन्य सम्भावित स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाउने र राजस्व वृद्धि गर्नु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

**१४० सटरको लगानी तथा वहाल सम्झौता**

गाँउपालिकाको स्वामित्वमा रहेको वुद्धशान्ति गाँउपालिका वडा नं ३ वुधवारे बजारमा रहेका कुल ५८ वटा व्यवसायिक सटरहरु रहेको देखिन्छ । पालिकाले विगत वर्षमानै उक्त सटरहरु हालको सटर प्रयोगकर्ताको लगानीमा निर्माण भएको र मासिक वहाल वापत वुझाउनुपर्ने रु२००० मध्ये विगतमा वूझाएको रकमवाट आधा रकम काटिने गरी विस २०७६ साल भन्दा अगावै सम्झौता भएको देखिन्छ । सोही सम्झौताको आधारमा पालिकाले मासिक रु १००० का दरले वहाल रकम असुल गर्दै आएको छ । विगत वर्षमा सटर प्रयोग कर्ताहरुले गरेको लगानीको अभिलेख, मासिक कट्टिको अभिलेख तथा विगतमा भएको लगानिको खर्च तथा वचतका सम्वन्धमा पालिकामा कुनैपनी अभिलेख रहेको देखिएन । हाल पालिकाले सटर प्रयोगकर्ताको अभिलेख तयार गरेतापनी लगानीको सम्वन्धमा एकिन गर्न सकिएन । पालिकाले सटर प्रयोग कर्ताहरु सँग गरेको सम्झौताको वुदा नं १२ मा सम्झौताको अवधि २०७५ वाट ५ वर्षको हुने उल्लेख छ । उल्लेखित सटरहरु निर्माण भएको समयावधि र लगानी सम्वन्धमा एकिन गर्न नसकिएकाले पालिकावाट लगानी र सम्झौताका विषयमा एकिन गरी सम्झौताको पुनरावलोकन गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

**१४१ वक्यौता व्यवसाय कर तथा सोको अभिलेख**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। सुत्र प्रणालीमा भएको विवरण अनुसार यस वर्ष पालिकाले व्यवसाय रजिष्ट्रेशन दस्तुर रु. २,२३,७५० मात्र कर सङ्कलन गरेको देखिन्छ।पालिकाले व्यवसाय लगायतका करहरु सङ्कलन तथा सोको अभिलेखका लागि नगरपालिकाको राजस्व सङ्कलन प्रणाली भन्ने छुट्टै सफ्टवेयरको प्रयोग गरेको छ । सो प्रणालीमा व्यवसाय वक्यौताको अभिलेख माग गरिकएकोमा सो वक्यौता रकम लेखापरीक्षणमा पेश भएन । गत आर्थिक बर्षमा व्यवसाय कर असुल भएका कतिपय व्यवसायिले आर्थिक बर्ष २०८०।८१ मा दाखिला गर्नुपर्ने व्यवसाय कर दाखिला गरेको छैन। पालिकाले समेत प्रणालीमा सुचिकृत भएका व्यवसायिको कर वक्यौता एकिन गरेको समेत देखिएन।पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरु कर तिर्न आएका वखत मात्र सुचिकृत गर्ने गरेकोले वास्तविक व्यवसायि एकिन गरी अभिलेख अध्यावधिक नभएकाले पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ। पालिकाले व्यवसायकर वक्यौताको एकिन गर्ने अभिलेख लाई व्यवस्थित गरी सम्पुर्ण वक्यौता रकम प्रचलित कानून वमोजिम जरिवाना समेत लिई असुल गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

**१४२ विज्ञापन कर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम पालिकाले आफ्नो क्षेत्र भित्र रहेको व्यवसायीक विज्ञापनहरूको करका दर निर्धारण र संकलन पालिकाले गर्ने व्यवस्था भए अनुसार पालिकाले आ.व.२०७९।८० मा २ वर्षको लागि रु. एकमुष्ठ रु.३,५०,००० मा ऋतिक मेडिया प्राली सँग सम्झौता भएको छ । उक्त सम्झौता वमोजिम ५० प्रतिशतले हुने रकम रु १७५००० मिति २०८०।११।८ मा विभाज्यकोषमा दाखिला गरेको छ । पालिकाले उक्त ठेक्का व्यवस्थापन गर्दा रसिदको प्रयोग नगरेको र सम्झौता गर्ने प्रालीले वास्तविक रुपमा उठाएको विज्ञापन करको एकिन गरेको देखिएन । वास्तविक दरमा राजस्व उठाए नउठाएको एकिन गर्न सकिएन। तसर्थ पालिकाले आर्थिक ऐनमा रहेको विज्ञापनका दर अनुसार पालिका क्षेत्र भित्र रहेको व्यवसायीक विज्ञापनहरूलाई करको दायरा भित्र ल्याई कर असुल गर्नु पर्दछ


https://nams.oag.gov.np

सैद्धान्तिक बेरुजु

१४३ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०/८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च (अन्तर सरकारी अख्तियारी वाहेक) | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३७९२१०९०७।५९ | २८२१३१५६.३९ | ७.४४ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.२७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१४४ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । साथै, पालिकाले राजस्वका श्रोत विश्लेषण गरी तथ्यपरक र अनुमानयोग्य हुने किसिमका आम्दानीका श्रोत पहिचान गरी लक्ष्य निर्धारण गर्ने तथा लक्ष्य बमोजिम राजस्व संकलनमा क्रियाशिल रहनुपर्नेमा पालिकाको वार्षिक अनुमान र श्रोत संकलनको अवस्था निम्नानुसार रहेको छ साथै यस पालिकामा राजस्वका श्रोतका रूपमा पहिचान भएका राजस्वका सबै श्रोतहरू उचीत तरीकाले सम्बन्धित शिर्षकमा लेखाङ्कन हुन सकेको छैन । पालिकाले वडागत रूपमा संकलन भएको राजस्व दाखिला समयमा गर्ने, सम्बन्धित शिर्षकमा गर्ने, कर तथा शुल्कको प्रक्षेपणलाई मूल्यांकन एवं विश्लेषण गर्ने गर्नुपर्दछ । साथै, राजस्व अनुमानलाई वस्तुगत बनाई आय संकलनका लागि थप श्रोत व्यवस्था गर्न स्थानीय तह थप क्रियाशिल हुनुपर्ने देखिएको छ । पालिकाको आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | प्राप्तिको श्रोत | वार्षिक अनुमानित आय | आम्दानी | आम्दानी प्रतिशत |
|---|---|---|---|---|
| १ | ११३१३ - सम्पती कर | ६५०००००. | ३७०२५५८.९९ | ५६.९६ |
| २ | ११३१४ - भुमिकर/मालपोत | १०००००. | ४३५०४३२.७२ | ४३५०.४३ |
| ३ | ११३१७ - वहाल कर | २००००००. | १८३२२१७.५२ | ९१.६१ |
| ४ | ११३१८ - वहाल विटौरी कर | १००००००. | ७७४७३४. | ७७.४७ |
| ५ | ११६११ - व्यवसायले भुक्तानी गर्ने | ०.०० | १०८५००. | १००. |
| ६ | ११६३२ - अखेटोपहारमा लाग्ने कर | ०.०० | १.२५ | १००. |
| ७ | ११६९१ - अन्य कर | ३०००००. | ४८५९९९. | १६२. |
| ८ | १४१५१ - सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | १००००००. | ८४५७८६. | ८४.५८ |
| ९ | १४२१२ - सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | ०.०० | ४०००. | १००. |
| १० | १४२१३ - अन्य बिक्रीबाट प्राप्त रकम | ०.०० | २०००. | १००. |
| ११ | १४२२१ - न्यायिक दस्तूर | १०००००. | १२३९३५. | १२३.९४ |
| १२ | १४२२४ - परीक्षा शुल्क | ५००००. | ४८९००. | ९७.८ |
| १३ | १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | १००००००. | ६७६२९६. | ६७.६३ |
| १४ | १४२४२ - नक्सापास दस्तुर | १५०००००. | ८९९१७८.६३ | ५९.९५ |
| १५ | १४२४३ - सिफारिश दस्तुर | ५१४६५००. | ७६३०८२९.५ | १४८.२७ |
| १६ | १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | ५५००००. | ६२६९६१. | ११३.९९ |
| १७ | १४२४५ - नाता प्रमाणित दस्तुर | ३०००००. | २०५९००. | ६८.६३ |
| १८ | १४२४९ - अन्य दस्तुर | ५०००००. | ३००६४७. | ६०.१३ |
| १९ | १४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर | १००००००. | २२३७५०. | २२.३८ |
| २० | १४२६३ - जलस्रोत सम्बन्धी अन्य दस्तुर | ०.०० | ३०००. | १००. |
| २१ | १४२६५ - अन्य क्षेत्रको आय | ३००००००. | २९४४१६३. | ९८.१४ |
| २२ | १४३१२ - प्रशासनिक दण्ड जरिवाना र जफत | १००००००. | ४६७१०५. | ४६.७१ |
| २३ | १४५२९ - अन्य राजस्व | २०००००. | ६४७५९०.७८ | ३२३.८ |
| २४ | १४५३१ - सरकारी घर जग्गा गुडवील बिक्रीबाट प्राप्त रकम | ०.०० | १४४७०. | १००. |
| २५ | १४६११ - व्यवसाय कर | १५०००००. | ८८९३००. | ५९.२९ |
| २६ | १५१११ - बेरूजू | १००००००. | ४०४९०१. | ४०.४९ |
| **जम्मा** | | **२७७४६५००.** | **२८२१३१५६.३९** | **१०१.६८** |

माथी उल्लेखित विवरण अनुसार पालिकाले आर्थिक वर्ष २०८०/८१ मा रू.२,७७,४६,५००.असुली हुने अनुमान गरेकोमा रू.२,८२,१३,१५६.३९ असुली गरेको छ जुन असुली अनुमानको १०१.६८ प्रतिशत हो। पालिकाले यो वर्ष व्यवसाय रजिष्ट्रेशन दस्तुर मा २२.३८ प्रतिशत तथा एकिकृत सम्पत्ति करमा ५६.९६ प्रतिशत मात्र आम्दानी गरेको देखिन्छ। कतिपय आय अनुमान नगरेका

शिर्षकमा समेत आम्दानी गरेको देखिन्छ । आय अनुमानलाई वैज्ञानिक बनाई आन्तरिक आयलाई व्यवस्थित गर्न पालिकाले ध्यान दिनु पर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१४५ **राजस्वको अभिलेख**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ को दफा २८ ले राजश्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष राजश्व आम्दानी तर्फ सुत्रमा राजस्व अभिलेख राख्न शुरु गरे तापनि सो अधिको राजस्व असुलीको दैनिक राजश्व आम्दानी खाता (म.ले.प.फा.नं. १०२), राजस्व आम्दानीको गोस्वारा खाता (म.ले.प.फा. नं. १०५), राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०६), राजस्व आम्दानीको दैनिक बैङ्क भौचर प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०७) राखेको देखिएन । उल्लेखित प्रतिवेदन हरु प्रणालीमै रहने जनाएतापनी प्रमाणित गरि नराखिएकोले पालिकाले अनिवार्य रुपमा राख्नुपर्ने खाताहरुको प्रयोग गरी आन्तरिक आयको लेखाङ्कनलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१४६ **राजस्व दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(१) मा राजस्व दाखिला र राजस्वको लेखा प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजस्वको लेखा राखि बैङ्क दाखिला गर्नु पर्ने व्यवस्था छ । वडाकार्यालयमा नगद रकम असुल गरी राजस्व व्यवस्थापन प्रणाली तथा सुत्र प्रणालीवाट राजस्व असुलि गरिएको भएतानपनि असुली गरेको भोलिपल्ट दाखिला गर्नुपर्ने राजस्व रकम १५ दिन/ १ महिना अवधि पश्चात मात्र एकमुष्ठ रुपमा राजस्व दाखिला गर्ने गरेको देखियो। ऐनको व्यवस्था अनुसार राजस्व समयमै दाखिला गर्ने गराउने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१४७ **घर जग्गा बहाल कर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५७ अनुसार पालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर, पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा वा पोखरी पुरै वा आंशिक रूपमा बहालमा दिएमा बहालमा लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । पालिकाले आर्थिक ऐन २०८० को दफा ४ मा समेत यव वर्ष वहालमा लाग्ने संरचनाहरु १ महिना भन्दा वढि अवधिका लागि वहालमा लगाएमा १० प्रतिशत वहाल कर असुल गरिने उल्लेख छ। पालिकाले यो वर्ष वहाल कर वापत रु.२०,००,०००.०० आय अनुमान गरेकोमा रु.१८,३२,२१७.५२ असुली गरेको छ । जुन आय अनुमानको तुलनामा ९१.६१ रहेको देखिन्छ ।पालिकाले वहाल कर तिर्ने करदाताको अभिलेख तयार गरी सवै करदाताले वहाल कर तिरे नतिरेको एकिन गरेको छैन । पालिकाले वहाल कर तिर्न आएका वखत मात्र कर असुली गर्ने परिपाटि भएकाले पालिकाले बहाल कर सम्बन्धमा घर सर्वेक्षण गरि तथ्याङ्क अद्यावधिक गरि करको दायरामा ल्याई आन्तरिक आय वृद्धि गर्ने गराउने तर्फ ध्यान दिनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१४८ **मुअकर दाखिला**

पालिकाले असुल गरेको मुअकरको रकम सम्वन्धित राजस्व शिर्षकमा दाखिला गर्नुपर्दछ। पालिकाले यो वर्ष विज्ञापन कर वापत अर्ना हन्टर्स प्रालीवाट प्राप्त भएको रु.१,७५,००० मा प्राप्त गर्नुपर्ने मुअकर रु.२२,७५० असुल भएको नदेखिएकोले उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु...

| असुल गर्नुपर्ने | २२,७५० |
|---|---|

१४९ **हाटवजार ठेक्का**

बुद्धशान्ति गाँउपालिकाको आन्तरिक आय सङ्कलन(ठेक्का वन्दोवस्त)सम्वन्धी कार्यविधि, २०८० को दफा ६(५) मा बोलपत्र वा डाँक स्वीकृत भए पछि त्यस्तो वोलपत्रदाता वा डाँकवालाले स्वीकृत ठेक्का अङ्कको (मूल्य अभिवृद्धि कर सहित) ५० प्रतिशत रकम नगदै गाउँपालिकाले तोकेको बैंकमा दाखिला गर्नुपर्नेछ र बाँकि (मूल्य अभिवृद्धि कर सहित) ५० प्रतिशत रकम नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" बर्गको बाणिज्य बैंकको ठेक्का अवधि सहित थप दुई महिना अवधि भएको (बहुवर्षिय ठेक्काको हकमा कम्तिमा १ वर्ष) परफरमेन्स वण्ड वा नगदै रकम प्राप्त भएपछि ठेक्का पाउने सबै शर्त खुलाई सम्बन्धित ठेकेदारसँग सम्झौता गरी चलान पुर्जी दिनु पर्ने उल्लेख छ । पालिकाले यो बर्ष २ वर्षका लागि साप्ताहिक हाट वजार ठेक्का वन्दोवस्त गरी स्विकृत दरभाउपत्रदाता एस आर टि कन्सट्रक्सन सँग २०८०।८।१८ मा रु ५४०९४० मा सम्झौता भएको देखिन्छ। पालिकाले सम्झौता गर्दा ३० प्रतिशत नगद वापत रु.१,६२,५०० दाखिला गरेकोमा वाँकी रकमको कार्यसम्पादन जमानत नलिई सम्झौता गरेको देखियो । सम्झौतामा कार्यविधि भन्दा फरक तवरले किस्ता रकम तोकिएको तथा किस्ता रकम खाम्ने वैङ्क जमानत समेत लिएको नदेखिएकोले उक्त वैङ्क जनमानत लिई नियममित गर्नुपर्ने देखिएको रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,७८,४४० |

१५० **किस्ता दाखिला**

पालिका तथा हाटवजार ठेक्का कवोल कर्ता एस आर टि कन्सट्रक्सन सँग भएको सम्झौताको वुँदा नं ६ मा दोस्रो पक्षले ठेक्का कवोल गरेको रकम रु ५,४०,९४०। (पाँच लाख, चालिस हजार, नौ सय चालिस) मध्ये प्रथम किस्ता वातपको ३०% रकम रु १,६२,५००। (एक लाख, बैसठी हजार पाँच सय) बुझाइ सकेको तथा बाँकी दोस्रो किस्ता वापतको ४०% रकम रु २,१६,५००। (दुइ लाख, सोह्र हजार, पाँच सय) २०८१ आषाढ मशान्त र अन्तिम (तेस्रो) किस्ता वापतको ३०% रकम रु १,६१,९५५। (एक लाख, एकसठी हजार सय पचपन्न) २०८१ पौष मशान्त भित्रमा वुझाउनु पर्ने उल्लेख छ ।सम्झौता वमोजिम दोस्रो किस्ता वापतको रु २१६५०० हालसम्म राजस्व दाखिला गरेको देखिएन । उक्त रकम समयमा दाखिला नगरेकोले सम्झौताको वुँदा नं ७ वमोजिम तोकिएको किस्ता समयमा नवुझाएमा प्रचलित कानुन वमोजिम हुने उल्लेख भएकाले १० प्रतिशत व्याज रु २१६५० समेत रु २३८१५० असुल गरी राजस्व खातामा दाखिला गर्नुपर्ने देखिएको रु...

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,३८,१५० |

१५१ **क्रसर उद्योगको सूचीकरण शुल्क**

बुद्धशान्ति गाउपालिकाको आर्थिक ऐन, २०८० को दफा ९ मा भएको व्यवस्था अनुसार सो सँग सम्बन्धित अनुसूची ९ मा क्रसर उद्योगको सुचिकरण ७५००० तथा वालुवा प्रशोधन उद्योगवाट रु ५०००० असुल गर्ने व्यवस्था रहेको छ । पालिका क्षेत्रमा रहेको देहाय वमोजिमका उद्योषले आर्थिक वर्ष २०८०।८१ आर्थिक ऐन वमोजिमको शुल्क वुझाएको देखिएन । कानुन वमोजिम यो वर्षकोवार्षिक शुल्क रु १,२५,००० तथा आर्थिक ऐनको अनुसुची १८ वमोजिम जरिवाना शुल्क ५० प्रतिशत रु ६२,५०० समेत कुल रु १,८७,५०० तथा विगत वर्षको वक्यौता समेत सम्बन्धित उद्योगवाट असुल गरी राजस्व दाखिला गर्नुपर्ने देखिएको रु ...

| सिन | उद्योगको विवरण | सुचिकरण शुल्क | जरिवाना रकम | जम्मा रकम |
|---|---|---|---|---|
| १ | वालन वालुवा प्रशोधन उद्योग वुद्धशान्ति १ | ५०००० | २५००० | ७५००० |
| २ | कन्काईमाई क्रसर उद्योग वुद्धशान्ति २ | ७५००० | ३७५०० | ११२५०० |
| जम्मा | | | | १८७५०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८७,५०० |

१५२ **आन्तरिक आय विलम्व शुल्क**

पालिकाले आन्तरिक आयको रकम असुल गर्दा सम्झौताका शर्त तथा सुचनमा उल्लेखित शर्तहरुको अधिनमा रही शुल्क असुल गर्नुपर्दछ । पालिकाले यो वर्ष प्रारम्भिक वातावरणिय प्रतिवेदनका आधारमा हडिया खोला तथा टिमाई खोलाको लागि आन्तरिक आय ठेक्का लगाएको देखिन्छ । पालिकाले आन्तरिक आय ठेक्काको लागि प्रकासित सूचनाकोको शर्तमा सम्झौता वमोजिमको रकम तोकिएको समयावधिमा नवुझाएमा दैनिक ०.०५ प्रतिशतका दरले विलम्व शुल्क लाग्ने उल्लेख गरेको देखिन्छ ।सो व्यवस्था वमोजिम तोकिएको समयमा किस्ता तथा कर रकम नवुझाउने देहाय वमोजिमका आन्तरिक आय ठेक्का वापतको विलम्व शुल्क, अग्रिम कर तथा नवुझाएको मुअकर समेत असुल गरी सम्बन्धित राजस्व खातामा दाखिला गर्नुपर्ने देखिएको रु.

| ठेक्का नं | विवरण | कवोलकर्ता | कवोल रकम मुअकर वाहेक | विलम्व शुल्क | अग्रिम कर | मुअकर | जम्मा |
|---|---|---|---|---|---|---|---|
| **02/IR/2080/81** हडिया खोला गिटि ढुङ्गा वालुवा उत्खनन | दोस्रो किस्ता को रकम २०८१ वैशाख मसान्त सम्म वुझाउनु पर्नेमा अग्रिम कर नवुझाएको तथा मुअकरको रकम २०८१।४।२९ मा मात्र दाखिला गरेको | एस आर टी कन्सट्रक्सन प्राली | ३६३०००० | ८१६७५ | ५४४५० | - | १३६१२५ |
| **04/IR/2080/81** टीमाई खोला गिटि ढुङ्गा वालुवा उत्खनन | दोस्रो किस्ता ५० प्रतिशत को रकम २०८० चैत्र मसान्त सम्म वुझाउनु पर्ने तथा उत्खनन परिमाण २०८०।११।३० मा समाप्त भएकोमा अग्रिम कर नवुझाएको तथा मुअकरको रकम नवुझाएको | कन्चन निर्माण सेवा | ४०४२७५२ | ४०४२७५ | ६०६४१ | ५२५५५७ | ९९०४७३ |
| **कुल जम्मा** | | | | **४८५९५०** | **११५०९१** | **५२५५५७** | **११२६५९८** |
| | | | | | | असुल गर्नुपर्ने | ११,२६,५९८ |

# अनुगमन लेखापरीक्षण

१५३

**(क) सम्परीक्षण :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजु सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फर्स्यौट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजुसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । कार्यालयले २०८१ सम्मको बाँकी बेरुजु रु.२३७६७५०००।०० रहेको छ। उक्त बेरुजु मध्ये पालिकाले फर्स्यौट गरी सम्परीक्षणका लागि म्यानुअल/नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली मार्फत अनुरोध गरेकोमा उक्त बेरुजु सम्परीक्षणको क्रममा रहेको छ। सम्परीक्षण सम्बन्धमा उक्त प्रणाली मार्फत जानकारी गराइनेछ ।

**(ख) अध्यावधिक बेरुजुको अवस्थाः** यस **बुद्धशान्ति गाउँपालिका, झापा** को २०८१ सम्मको फर्स्यौट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको सम्परीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु सम्परीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

| सि.नं | गत वर्षसम्मको बाँकी बेरुजु (A) | यो वर्ष सम्परीक्षण गरिएको बेरुजु(B) | यो वर्ष कायम बेरुजु(C) | सम्परीक्षणबाट कायम बेरुजु(D) | अध्यावधिक बाँकी बेरुजु (E=A-B+C+D) |
|---|---|---|---|---|---|
| १ | २३७६७५००० | ० | ६४५७३८०४.४७ | ० | ३०२२४८८०४.४७ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : बुद्धशान्ति गाउँपालिका, झापा , बुद्धशान्ति गाउँपालिका , झापा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | विनोद पोखरेल | २०८०-५-६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | अनिल घिमिरे | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १३,०६०,९८९.४७ | २४,४६३,०४४ | २४,८०२,३४९ | ० | ० | २,२४७,४२२ |
| | | | | **जम्मा बेरुजु रकम** | ६४,५७३,८०४.४७ |
| | | | | **लेखापरीक्षणको क्रममा असुली रु** | ० |

स्थानीय तह :



https://nams.oag.gov.np

| गत बर्षको जिम्मेवारी | | ४५३६३४८२.४३ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ६०६९२०९२५.३ | चालु खर्च | ५९२७७२३३७.४८ |
| प्रदेश सरकारबाट अनुदान | २८८७९३२१.६८ | पूँजीगत खर्च | १९९१५६५१४.८४ |
| राजश्व बाँडफाँट | १०९७२५४०५.४६ | वित्तीय/अन्य व्यवस्था | ५२६९२४७.६१ |
| आन्तरिक आय | २८२१३१५६.३९ | | |
| अन्य आय | ०.० | | |
| कुल आय | ७७३७३८८०८.८३ | कुल खर्च | ७९७१९८०९९.९३ |
| बाँकी मौज्दात | | २१९०४१९१.३३ | |

## अनुसूची - २

| सि. नं. | लेखापरीक्षण क्षेत्र | लेखापरीक्षण गरिएका विषय |
|---|---|---|
| १ | ठेक्का तथा प्रस्ताव व्यवस्थापन | ठेक्का तथा प्रस्ताव व्यवस्थापन |
| २ | खरिद व्यवस्थापन | खरिद व्यवस्थापन |
| ३ | खर्चको नियमितता तथा मितव्ययिता ( चालु तथा प्रशासनिक खर्च) | खर्चको नियमितता तथा मितव्ययिता ( चालु तथा प्रशासनिक खर्च) |
| ४ | तलब भत्ता तथा पारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) | तलब भत्ता तथा पारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) |
| ५ | सामाजिक सुरक्षा | सामाजिक सुरक्षा |
| ६ | कृषि तथा पशु विकास कार्यक्रम | कृषि, पशु, वागवानी सम्बन्धी कार्यक्रम |
| ७ | शिक्षा तर्फ | शिक्षा तर्फ |
| ८ | स्वास्थ्यतर्फ | स्वास्थ्यतर्फ |
| ९ | आन्तरिक आयतर्फ | आन्तरिक आयतर्फ |
| १० | अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य गराउने । | अमानत, लाभग्राही समुदाय, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने । |